नेतृत्वमा महिला

महिला जनप्रतिनिधि राष्ट्रिय भेला २०५५

प्रतिवेदन

महिला जनप्रतिनिधि राष्ट्रिय भेला २०५५

मंसिर ८-१०, २०५५

काठमाण्डौ

प्रतिवेदन

सामाजिक न्याय र मानवअधिकारको लागि

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

कलंकी, काठमाण्डौ, नेपाल

फोन नं. २७०७७० / २७८७७०

फ्याक्स नं. २७०५५१

सर्वाधिकार

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मा सुरक्षित

प्रतिवेदक

कृष्ण गौतम
प्रकाश ज्ञवाली
कृष्ण सुवेदी

Resource Centre

कम्प्युटर

गीता माली

सम्पादन

रघुनाथ लामिछाने

प्रकाशक

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

मूल्य रु. १५/-

Digitized By: Bimal Chandra Sharma

मुद्रण

सुनकोशी छापाखाना
मैतीदेवी, फोन नं. ४२२०९१

भूमिका

समाजकै एउटा विशाल समुदाय, जो सधैं विविध कारणले थिचोमिचो र अन्याय सहन बाध्य छ, यस धर्तीको आधा हिस्सेदार भएर पनि उत्पीडनमा बाँच्न विवश छ र समाजले सधैं हेयका दृष्टिले हेर्ने विषयवस्तुका रूपमा अंकित छ, त्यही समुदाय एक्काइसौं शदीको संघारमा आइपुग्दा पनि यी अमानवीय कुसंस्कारबाट पीडित छ, यो संसारकै महिलाहरूको वास्तविक चित्रण हो, यथार्थ हो।

मनिन्छ, महिला र पुरूष एकै रथका दुई पाङ्ग्रा हुन, हामीलाई थाहा छ, एउटामात्र पाङ्ग्रोले रथ गुड्न सक्दैन। तर हामी समाजका हर्ताकर्ता ठानिएकाहरूबाटै यो वास्तविकताको उल्लंघन बारम्बार भइरहेको देखिएको छ। एउटा सिंगै पाटोलाई छाडेर हामी हाम्रो विकासरूपी रथलाई लक्ष्यमा पुऱ्याउन जोडदाररूपमा लागिपरेका छौं। हरेक कुरामा उनीहरूको सहभागितालाई महत्वपूर्णरूपमा नहेरी सहभागिताका लागिमात्र उनीहरूलाई समावेश गराउने गरिएको छ। जसबाट उनीहरू स्वतन्त्ररूपमा आफ्ना उन्नतिका स्वातिर लाग्न पाउनुपर्ने मानव अधिकारको विश्वव्यापी घोषणापत्रको समेत उल्लंघन हुन गइरहेको छ।

महिला अधिकार, मानव अधिकार भन्ने नारालाई मूर्तता प्रदान गर्न वर्षौंदेखि लागिपरेको इन्सेक महिलाहरूको यो पीडाबाट परिचित छ र यसको निराकरणका लागि आफ्नो स्थापनाकालदेखि नै क्षमताले भ्याएसम्म सक्रिय भूमिका निर्वाह पनि गर्दै आएको छ। २०५२ साल चैतमा ६२ जिल्लाका करिब ३ सय महिलाहरूको सहभागितामा इन्सेकले राष्ट्रिय महिला भेलाको आयोजना गरेर महिला समस्याको पहिचान गर्ने तथा त्यसका समाधानका लागि के गर्न सकिन्छ भनेर एउटा निचोडमा पुग्ने ऐतिहासिक कार्य सम्पन्न गरेको थियो। जुन भेलाले निकालेका निष्कर्षहरूलाई पासाङ ल्हामु संकल्प नामाकरण गरी सार्वजनिकसमेत गरिएको थियो।

स्थानीय निकायमा निर्वाचित महिलालाई दक्ष र सशक्त बनाउने उद्देश्यले इन्सेकले नमूनाका रूपमा अधिराज्यका ११ जिल्लामा महिला जनप्रतिनिधि सचेतन कार्यक्रम संचालन गर्दै आइरहेको छ भने महिलाविरूद्धका भेदभाव अन्त्य गर्न महिलाहरूलाई नै अघि सारी अन्तरक्रिया कार्यक्रमहरू पनि बेलाबेलामा संचालन गर्दै आइरहेको छ।

इन्सेक महिला सवालमा यति सीमाभित्र मात्र कैद छैन। उत्पीडित महिला भेलाको आयोजना र क्षेत्रीय स्तरमा विभिन्न भेलाहरू गरेर महिला हक, हित र अधिकारका लागि यसले महिलाहरूलाई नै जागरूक गराउने उद्देश्यले कार्यक्रमहरू संचालन गरिसकेको छ। उनीहरूबाट सम्पादन हुने कुनै पनि कार्यलाई दमदार बनाउन सहयोग पुऱ्याउने र कार्यक्षेत्रमा दक्ष बनाउने उद्देश्यले कयौं जिल्लाहरूमा यसले उनीहरूका लागि विभिन्न तालिमहरू पनि संचालन गर्दै आएको छ। राजनीतिक रूपबाट पीडित महिलाहरूका लागि विशेष कार्यक्रमसमेत संचालन गर्दै आएको यस संस्थाले महिलाहरू सम्बन्धमा थुप्रै किसिमका अनुसन्धानात्मक कार्यहरू पनि सम्पन्न गर्दै आएको छ। केही समयअघिमात्र जनकपुरको

यदुकुवामा महिला शहीद पार्क बनाएर यसले आफ्नो महिलाप्रतिको दृष्टिकोणलाई वास्तवमै सर्वसाधारणका सामु स्पष्ट पनि पारिदिएको छ।

यिनै कार्यक्रमहरूलाई निरन्तरता प्रदान गर्ने हेतुले विकासमा महिला सहभागिताको आवश्यकता : स्थानीय निकायमा महिला नेतृत्वको अपरिहार्यता विषयक नारालाई गुञ्जयमान पार्दै इन्सेकले २०५५ मंसिर ८ देखि १० गतेसम्म काठमाडौंमा राष्ट्रिय महिला जनप्रतिनिधि भेलाको आयोजना गरेको हो। महिला जनप्रतिनिधिहरूका कार्यक्षेत्रमा देखापरेका बाधा-व्यवधानहरूलाई उनीरूबाटै उजागर गर्ने र ती अवरोधहरूलाई निर्मूल पार्नका लागि के/कस्ता कदम चाल्न सकिन्छ, सोबारेमा छलफल गरी निष्कर्षमा पुग्ने उद्देश्यका साथ आयोजित यो कार्यक्रम महिला जनप्रतिनिधिहरूका लागि एक विशेष र अभूतपूर्व मार्ग सावित हुने विश्वास इन्सेकले लिएको छ। देशको समग्र उत्थानमा महिला सहभागिताका लागि जोडदार आवाज उठाउँदै आएको इन्सेकले यस्तो कार्यक्रम सफलताका साथ सम्पन्न गर्न सकेकोमा हामी हर्षित पनि छौं।

प्रजातान्त्रिक आन्दोलनमा सक्रिय महिलाहरूको चिनारी पुस्तक प्रकाशन गरेर होस् वा विभिन्न पर्चा, पोष्टर, गोष्ठी, भेला आदिका माध्यमद्वारा होस्, इन्सेक सदैव आधा आकाशको उन्नतिका खातिर लागिपर्दै यो शुभकार्यलाई निरन्तरता दिन सकेकोमा हामी खुशी व्यक्त नगरिरहन सक्दैनौं भने यसतर्फका आगामी मार्गहरू झन् कठिन भएका र त्यसका लागि अझै बढी सक्रिय हुनुपर्ने विषयमा पनि हामी अनविज्ञ छैनौं। जसका लागि हामीले हाम्रा आगामी योजनाहरूका लागि रणनीतिसमेत तय गरिसकेका छौं। जुन कुरा महिलाहरूका लागिमात्र नभई समानताका हिमायतीहरूका लागिसमेत खुशीको विषय हुनुपर्छ भन्ने ठहर हाम्रो छ।

यस तीन दिने भेलाले महिला हकहितका लागि उठेका सयौं सवालहरू मन्थन गरेर एक निष्कर्ष पत्र निकालेको छ, जसलाई हामीले २०५२ सालमा आयोजित भेलाको मार्गमै उन्मुख भएकाले त्यसैको दोस्रो संस्करण अर्थात् पासाङ ल्हामु संकल्प २ नामाकरण गर्नु उचित ठानेर त्यसै गरेका छौं। यो संकल्प सम्पूर्ण नेपाली महिला जनप्रतिनिधिहरूको साझा सवालका रूपमा उपस्थित भएकाले करिब ३६ हजारको संख्यामा रहेका नेपाली महिला जनप्रतिनिधिहरूका लागि उपयोगी हुने विश्वास गरिएको छ। जसका कारण नै यसलाई पुस्तकाकारमा ढाल्नु हामीले उपयुक्त ठान्यौं। लक्षित प्रतिनिधिहरूसम्म यो पुग्न सक्यो र केही हदसम्म भए पनि उनीहरूको माया यसले ग्रहण गर्न सक्यो भने हामी आफ्नो प्रयासलाई सार्थक भएको ठान्नेछौं।

अन्त्यमा, यो भेला सम्पन्न गर्नलगायत् यो प्रतिवेदन तयारीको क्रममा सहयोग गर्ने मानव अधिकारका सम्पूर्ण हिमायतीहरूलाई धन्यवाद व्यक्त गर्न चाहन्छु।

सुशील प्याकुरेल

अध्यक्ष

महिला जनप्रतिनिधि राष्ट्रिय भेला

२०५५ मंसिर ८ गते (पहिलो दिन)

उद्घाटन समारोह

(पहिलो सत्र)

"विकासमा महिला सहभागिताको आवश्यकता : स्थानीय निकायमा महिला नेतृत्वको अपरिहार्यता" विषयक मूल नाराका साथ महिला जनप्रतिनिधि राष्ट्रिय भेलाको तीन दिने कार्यक्रमको आयोजना शुरू गरियो। उक्त भेलाको शुरूवात उद्घाटन कार्यक्रमबाट भएको थियो। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का अध्यक्ष सुशील प्याकुरेलको सभापतित्वमा संचालन भएको उक्त कार्यक्रमको उद्घाटन प्रमुख अतिथि पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले गर्नुभएको थियो।

शहीदको सम्मान, बेपत्ता पारिएका मानिसहरूको सम्झना र संघर्षशील महिलाहरूको सम्झनास्वरूप तीनवटा मैनबत्ती प्रज्वलित गरी प्रमुख अतिथिले उक्त कार्यक्रमको उद्घाटन गर्नुभएको थियो। शहीदहरूप्रति १ मिनेट हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शुरू भएको उक्त कार्यक्रममा अतिथिहरूलाई आयोजकका तर्फबाट व्याज वितरण गरिएको थियो। ५३ जिल्लाका ११६ जना निर्वाचित महिला जनप्रतिनिधिहरूको सहभागिता रहेको उक्त कार्यक्रमको औपचारिक शुरूवातपछि अतिथि एवं विभिन्न क्षेत्रका व्यक्तित्वहरूले मन्तव्यहरू व्यक्त गर्नुभएको थियो।

इन्सेक, *महिला अधिकार कार्यदलकी सदस्य शान्ता श्रेष्ठ*

उद्घाटन कार्यक्रमलाई प्रथम वक्ताका रूपमा सम्बोधन गर्दै शान्ता श्रेष्ठले इन्सेक एकमात्र यस्तो संस्था भएको, जसले देशका कुनाकाप्चामा रहेका महिलाहरूलाई चेतनशील बनाउने, उनीहरूको क्षमता अभिवृद्धि गर्ने कार्यमा सक्रिय भूमिका निर्वाह गरेको छ भन्नुभयो। उहाँले नारामा लेखिएका प्रतिबद्धताहरूलाई व्यवहारमा उतार्न कार्यदल तथा सिंगो इन्सेक क्रियाशील छ भन्दै महिलाहरूमा बच्चाहरूलाई पढाउनु आवश्यक छ भन्नेलगायतका जुन धारणाहरू विकसित भएका छन्, यो ठूलो उपलब्धि हो, तैपनि महिलाहरूका निम्ति प्रजातन्त्र पुनर्स्थापनापश्चात् पनि जस्ता खालका कार्यक्रमहरू संचालन गरिनुपर्ने हो, त्यसो हुन सकेको छैन भन्नुपयो।

सम्पूर्ण महिला दिदी/बहिनीहरूले यस भेलामा सहभागी भएर गाउँमा फर्किसकेपछि महिलाहरूलाई चेतनशील बनाउने कार्यमा कार्यदलसरह रहेर सक्रिय भूमिका निर्वाह गर्नुहुने विश्वास व्यक्त गर्दै उहाँले

आफ्नो मन्तव्य टुंग्याउनुभएको थियो।

महिला तथा समाज कल्याण मन्त्रालयकी विशेष सचिव उर्मिला श्रेष्ठ

कार्यक्रममा दोस्रो वक्ताका रूपमा रहनुभएकी उर्मिला श्रेष्ठले महिला र बालबालिकाको सम्बन्धमा कार्य गर्ने महिला मन्त्रालयलाई कतिपय अवस्थामा कतिपय सम्बन्धित स्थानहरूबाट नसम्झने गरिएको सन्दर्भमा इन्सेकले यस कार्यक्रममा आमन्त्रित गरेर केही कुरा व्यक्त गर्न दिएकोमा इन्सेकलाई धन्यवाद दिनुभयो। महिलालाई राजनीतिक, सामाजिक र आर्थिकरूपमा सशक्त बनाई उनीहरूलाई विकासको प्रवाहमा समेट्न महिला जनप्रतिनिधिको भूमिका व्यक्तिगत, परिवार, वडा, गाउँ हुँदै समाजसम्म महत्वपूर्ण हुने धारणा पनि उहाँले व्यक्त गर्नुभयो।

हामी मानसिक र भौतिकरूपमा सक्षम हुनु जरूरी छ, संविधान र कानूनले महिलाहरूको अधिकारका सम्बन्धमा प्रत्याभूत गरेका सवालहरूको बारेमा जानकार हुनुपर्छ र यस्ता सवालहरूमा तपाईंहरूले ध्यान दिनुभयो भने हामीहरूलाई पनि काम गर्न सजिलो हुन्छ भन्ने आग्रह सहभागीहरूसँग राख्दै उहाँले अहिले जिल्लाहरूमा महिला मन्त्रालयका कुनै शाखा नभएकाले हात/खुट्टा नभएको, टाउको मात्र भएको जस्तो अपांग महसुस भएको छ, तसर्थ सहभागी प्रतिनिधिहरूले वडा, गाउँस्तरमा महिलाहरूको क्षमता वृद्धि गर्न, महिलाहरूमा चेतना र जागरूकता सिर्जना गराउन सक्रिय हुनु अत्यन्त आवश्यक छ भन्नुभयो।

महिला मन्त्रालयले गरेका काम-कारवाही र आगामी कार्यक्रमहरूको बारेमा सहभागीहरूलाई जानकारी दिँदै उहाँले निर्वाचित महिला जनप्रतिनिधिहरू यसरी जम्मा हुन पाएकोमा एकदमै गर्व लागेको उल्लेख गर्नुभयो र भन्नुभयो- गाउँमा तपाईंहरू गएर अरू सक्रियताका साथ काम गर्न सक्ने हौसला गोष्ठीले प्रदान गर्न सक्नेछ भन्ने कुरामा मलाई विश्वास छ।

राष्ट्रिय सभा सांसद तथा नेकपा (एमाले) की केन्द्रीय सदस्य शान्ता मानवी

वक्ताहरूले बोल्ने क्रममा शान्ता मानवीले आफ्ना भनाइ राख्दै पटक-पटक देशभरिका महिलाहरूलाई एकै ठाउँमा जम्मा गरेर महिलाहरूको समस्याका बारेमा छलफल/विचार-विमर्श गराउने इन्सेक परिवारलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु भन्नुभयो। महिला जनप्रतिनिधिहरूलाई अधिकार मात्र प्रदान गर्ने तर कर्तव्य पूरा गर्न सहयोग नगरिएबाट हास्यास्पद स्थिति उत्पन्न हुनसक्ने स्वतरातर्फ इंगित गर्दै उहाँले महिला जनप्रतिनिधिहरूले पुरूषहरूले सबै काम गरिहाल्नुहुन्छ, हामी किन जुट्नपर्‍यो भन्ने खालको गलत सोचाईमा रहेको पाइएको हुँदा त्यो भ्रम हटाउनुपर्ने बताउनुभयो।

महिलाहरूलाई पनि अधिकार र कर्तव्य बहन गर्न सक्ने बनाउन महिला पुरूष सबैको ध्यान जानु जरूरी छ नत्र एक पाखे गोरूले जोत्न नसकेझैं हाम्रा सारा अभिभाराहरू अपुरै रही समाज विकासको दायित्व पूरा गर्न नसक्ने स्थिति हुन्छ भन्ने भनाई राख्दै उहाँले महिला जनप्रतिनिधिहरू अधिकार प्राप्त गर्दै कर्तव्य पालना गर्नतर्फ पनि प्रयत्नशील हुनुहुनेछ भन्ने विश्वास व्यक्त गर्नुभयो।

नेकपा एमालेकी केन्द्रीय सदस्य एवं सांसद विद्या भण्डारी

महिलाहरूको सवाल केवल महिलाहरूको मात्र नभएर सिंगो समाज र राष्ट्रको सरोकारको सवाल भएको तर यस कुरालाई ख्याल नराखी जुन ठाउँमा महिलाहरू जम्मा भएका छन्, त्यहाँमात्र र महिलाहरूको निम्ति भनेर आयोजना गरिएका कार्यक्रमहरूमा मात्र महिलाहरूको बारेमा चर्चा हुने गरेको

छ, जुन व्यवहार गलत हो भन्ने आफ्ना गहकिला धारणा पेश गर्दै सांसद विद्या भण्डारीले सिंगो समाज, जनप्रतिनिधिलगायत् सबै क्षेत्रले यो सवाललाई उठाउनुपर्छ भन्नुभयो।

राजनीतिक आर्थिक, सामाजिक सबै हिसाबले महिलाहरू पिछडिएका छन्, आधा जनसंख्या भएकाले आधा धर्ती ढाकेको र त्यही जनसंख्याले आफ्नो दायित्वबोध उठाएकाले आधा आकाश भनिएको उल्लेख गर्दै सांसद भण्डारीले महिलाहरूको विकासका निम्ति पर्याप्त ध्यान नदिइएको, पोष्टर टाँसेर, वक्तव्यबाजी गरेर, घोषणापत्रमा महिलाहरूका बारेका उल्लेख गरेर देखावटीरूपमा मात्र केही गरेजस्तो गर्ने तर व्यवहारमा नउतार्ने, महिलाहरूलाई अधिकार दिने सवालमा चिन्तित नहुने कुराले हामीलाई सताएको छ, जसलाई यथार्थताको रूपमा लिनुपरेको छ भन्नुभयो।

हामी यथार्थतामा उभिनुपर्छ, कार्यान्वयन पक्षलाई सुदृढ गराउनुपर्छ, न कि वक्तव्यबाजीमा समय खर्च गरेर भन्दै उहाँले आफूले यसो भनिरहँदा राजनीतिक कुरामात्र गरेजस्तो होला तर सबैथोक राजनीतिले निर्धारण गर्ने सवाल भएकाले तथा समाजलाई संचालन गर्ने मेरूदण्ड राजनीति भएकाले सोहीअनुरूप सामाजिक, आर्थिक साँस्कृतिक अवस्था निर्धारित हुन आवश्यक भएको तर्क पनि सविस्तार पेश गनुभयो।

नेकपा एमाले महिलाहरूलाई साथसाथै विकसित गरेर समाज परिवर्तन गर्न चाहन्छ, जबसम्म महिलाहरूलाई अधिकार साँचो अर्थमा प्रदान गरिँदैन, तबसम्म समाज परिवर्तन, सामाजिक परिवर्तन र विकास हुन सक्दैन, त्यसका लागि महिलाहरूलाई सक्षम र सवल बनाउनेतर्फ यो पार्टी लागिरहेको छ भनेर आफ्नो पार्टीको धारणा विस्तृतरूपमा सहभागीहरूबीच राख्दै सांसद भण्डारीले पितृसत्तात्मक सोच महिलाहरूमा पनि हुन्छ, पुरूषहरूमा पनि हुन्छ, यस्तो सोचका विरूद्ध लडिरहेका छौं र आफ्नो पार्टीमा सैद्धान्तिक/व्यवहारिकरूपमा त्यस्तो देखिएको छैन, देखिएमा हामी त्यसका विरूद्ध सदैव संघर्षरत् रहन्छौं भनी विश्वस्त पार्नुभयो।

आरक्षणको कारणले हजारौं महिलाहरू स्थानीय निकायमा निर्वाचित हुने अवस्था आयो। जसको निम्ति हामीहरूले निकै प्रयत्न/प्रयास गर्नुपर्‍यो। यसकारण तपाईंहरू आज सामाजिक कार्यक्रममा प्रतिनिधित्वको सवालमा जागरूक हुनुभएको छ। तैपनि सिंगो अवस्थामा महिला आरक्षण ५ प्रतिशत मात्र रहेको छ। संसदमा त्यस्तो अवस्था छ। यो ५ प्रतिशत संविधानको भावना होइन। यो त न्यूनतम इकाई मात्र ५ प्रतिशत भनेर तोकिएको हो। यसलाई पनि हामीले सकारात्मकरूपमै लिएका छौं, तसर्थ यसको रक्षा गर्दै थप उपलब्धिका निम्ति हामीहरू क्रियाशील हुनु आवश्यक छ भन्दै उहाँले स्थानीय निकायमा २० प्रतिशत र संसदमा ५ प्रतिशत महिला सहभागिताको जुन सवाल छ, यो हामीहरूको निम्ति भएका मुख्य उपलब्धिहरूको रूपमा सबै क्षेत्रबाट स्वीकारिएको छ भन्नुभयो।

संविधानबाट, अन्तर्राष्ट्रिय सन्धि, महासन्धिहरूबाट महिला/पुरूषबीच भेदभाव गर्न नहुने व्यवस्था गरिएको तर मुलुकी ऐनबाटै महिला र पुरूषबीच भेदभावको सिर्जना भएको छ, सरकारले भेदभाव हटाउन सकिरहेको छैन भन्ने तीतो यथार्थ पेश गर्दै सांसद भण्डारीले बाहिर एकथरि कुरामा हस्ताक्षर गरी आउने तर नेपाल (घरभित्र) आइसकेपछि सरकारबाटै महिला भेदभाव कायम गराउने दोधारे स्थिति देखिनुले पनि यसमा थप समस्या सिर्जना गरेको उहाँको धारणा रह्यो।

हामीहरूले यथार्थमा सहेर बस्नुपर्ने स्थिति छैन तर पनि हामीहरू (नेपाली महिलाहरू) ले आपसी सदभाव, र भातृत्वका कारण सहेर बसिरहेको छौं, संविधानले घोषणा गरेको कुरा कानूनमै उल्लेख गर्न

नसक्नु हास्यास्पद विषय हो, जुन राजनीतिक पार्टीहरूले सामाजिक परिवर्तनको लक्ष्य लिएका छन्, उनीहरूले महिलाहरूलाई माथि उठाउने सवालमा ध्यान दिनु जरूरी छ भनेर उहाँले अन्य पार्टीहरूको पनि ध्यानाकर्षण गराउनुभएको थियो। हामीले अरूलाई आलोचना गरिरहने मात्र होइन, आफ्नो अधिकार प्रयोग गर्न खोज्नेले कर्तव्यलाई पनि भुल्नुहुँदैन, त्यसो गरियो भने समाजमा असन्तुलन पैदा हुन्छ भन्दै उहाँले अहिले असन्तुलनको स्थिति छ, तसर्थ हामी अरूको बढी आलोचना नगरौं, आफ्नो कर्तव्य पालना गर्नेतर्फ बढी प्रयत्नरत् रहौं भनी सहभागीहरूलाई आग्रह गर्नुभयो।

एउटा जनप्रतिनिधि पुरूषले जति अधिकार प्रयोग गर्छ, महिला जनप्रतिनिधिले पनि उत्तिकै अधिकार र कर्तव्य पूरा गर्नुपर्छ। पुरूषहरूले प्रयोग गरिरहेको अधिकारलाई महिलाहरूले पनि प्रयोग गर्न सकून् भन्ने मान्यताका आधारमा महिलाहरूलाई निर्वाचित गरिएको हो भन्ने मान्यता प्रस्तुत गर्दै भण्डारीले महिला भएको नाताले महिलाहरूको उत्थानको निम्ति बढी ध्यान दिनुपर्ने कुरालाई पनि नबिर्सन आग्रह गर्नुभयो। महिलाहरू माया, दयाको भावनाले ग्रसित हुनुहुँदैन र महिला जनप्रतिनिधिहरूबीच "हामीहरूले के कसो गर्ने होला" भन्ने अवस्था रहेकाले अगुवा साथीहरूले त्यसलाई समाधान गर्नुपर्छ, सबैलाई प्रशिक्षित गर्नुपर्छ, अहिलेको मूल दायित्व पनि यही नै हो- उहाँको अनुरोध थियो।

विविध समस्या र समाधानका उपाय तथा महिलालाई हेर्ने आफ्नो पार्टीको दृष्टिकोणबारे प्रकाश पार्दै एमालेकी केन्द्रीय सदस्य भण्डारीले कार्यक्रम केही नल्याइएकाले महिला मन्त्रालय हात्तीको देखाउने दाँत जस्तो भएको छ भन्दै महिला अधिकारको सवाललाई घोषणापत्रमा मात्र सीमित गरियो भने यसको कुनै अर्थ नरहने पनि उल्लेख गर्नुभयो।

प्रमुख अतिथि पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा

प्रमुख अतिथिको आसनबाट आफ्नो मन्तव्य व्यक्त गर्दै पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले महिलाहरू जबसम्म राजनीतिकरूपले सक्षम हुँदैनन्, तबसम्म महिला सशक्तिकरण सम्भव छैन भन्ने मान्यताका आधारमा आफ्नो प्रधानमन्त्रीत्व कालमा विकेन्द्रीकरण आयोगको गठन भएको बताउनुभयो।

महिलाका समस्याहरू धेरै छन्, महिला प्रतिनिधिमा घरायसी जिम्मेवारी एकातिर छ भने अर्कोतर्फ राजनीतिक, स्थानीय निकाय र महिलासम्बन्धी जिम्मेवारी पालना गर्नुपरेको छ। यसका लागि महिलाहरू बढी सक्रिय हुनुपरेको स्थिति छ भन्दै उहाँले महिलाहरूको ग्रामीण अर्थतन्त्र र घरायसी अर्थतन्त्रमा पाने ठूलो जिम्मेवारी छ भन्नुभयो। अहिले पुरूषहरूमा "हामीले पनि घरको काम गर्नुपर्छ" भन्ने भावना छैन तर हामीले विस्तारै यो भावना, चेतना जागृत गराउनुपर्दछ भन्ने धारणा व्यक्त गर्दै देउवाले महिला साक्षरता नै अत्याधिक कम भएको र समाज परिवार तथा देश सुसंस्कृत र शिक्षित हुन महिला साक्षरता बढाइनुपर्नेपट्टि सबैको ध्यान जानु आवश्यक भएको बताउनुभयो। महिलालाई शिक्षित बनाएर सिंगो परिवार, समाज र देशलाई नै सक्षम र विकसित गराउनु जरूरी भएको उहाँको धारणा थियो।

महिलाहरू घरेलु

हिंसाको चपेटामा परिरहेका छन्, कतिपय यस्ता हिंसा र शोषणहरू महिलाहरू स्वयंले बाहिर ल्याउन सकिरहेका छैनन्, चेलीबेटी बेचबिखन, स्वास्थ्य उपचारको अभाव, सुरक्षित मातृत्व जस्ता समस्याहरू, सम्पत्तिमाथि अधिकार नहुनु, घरायसी काममा भेदभाव हुनु, राजनीतिक क्षेत्र, प्रशासन र रोजगारमा पनि महिलाहरूमाथि भेदभाव हुनु जस्ता विषय नै नेपाली महिलाहरूका मुख्य समस्या भएको बताउँदै देउवाले यी समस्याहरू शहरी महिलाहरूको कम भोगेका छन् भने ग्रामीण महिलाहरूले बढी भोगेका छन्, तसर्थ महिलाहरूले दैनिकरूपमा भोग्नुपरेका समस्याहरू निराकरण गर्न नीति निर्धारण गरी कार्यान्वयन गर्नुपर्छ भन्नुभयो।

स्वानेपानी प्रत्यक्षतः महिलासँग सम्बन्धित विषयका रूपमा अहिले देखापरेको बताउँदै उहाँले यससम्बन्धी सम्पूर्ण जिम्मेवारी महिलाहरूले संचालन गर्नुपर्छ भन्नुभयो । त्यसैगरी पर्यावरणको सवाल, वृक्षरोपणको सवाल जस्ता सामाजिक विषयहरूमा पनि महिलाहरूले जिम्मेवारी लिनुपर्छ। स्वास्थ्य शिक्षा, प्रौढ शिक्षा जस्ता सवालहरूमा महिलाहरूलाई सहभागी र जिम्मेवारीयुक्त बनाउनुपर्छ। यस्ता सवालहरूमा चेतना अभिवृद्धि गर्नुपर्छ। यसमा महिलाहरूलाई अगाडि सार्नु पर्छ। यसो हुन सकें र महिलाहरू आफैंले जिम्मेवारी लिने प्रयत्न गर्ने र पूरा गर्ने सवालमा क्रियाशील भएमा समयको बचत भई समस्या केही हल हुने स्थिति छ- उहाँले अगाडि थप्नुभयो।

यी समस्याहरूलाई समाधान गर्न सकियो भने पनि महिलाहरूलाई घेरै अगाडि ल्याउन सकिन्छ भन्ने आफ्नो मन्तव्य राख्दै देउवाले यसबाट हाम्रो समाज र राष्ट्र विकसित हुनेछ भन्दै यसतर्फ आफ्नो व्यक्तिगत र पार्टीको पनि ध्यान जानेछ भनी सहभागीहरूलाई विश्वस्त तुल्याउनुभएको थियो।

इन्सेकका अध्यक्ष सुशील प्याकुरेल

इन्सेकका अध्यक्ष सुशिल प्याकुरेलले हामीहरूले मानव अधिकारको कुरा गर्दा जहिले पनि महिला अधिकारलाई अलग गरेर हेर्न मिल्दैन भन्ने धारणा राख्दै आएका छौं, त्यसैकारण महिलासम्बन्धी कार्यक्रमलाई बढी प्राथमिकता दिएका छौं भन्नुभयो। अध्यक्ष प्याकुरेलले सभापतिको आसनबाट बोल्दै महिलालाई केन्द्रित गरेर योजना नबनाउने हो भने महिलाहरूको स्थितिमा परिवर्तन हुन सक्दैन, अहिले राजनीतिक व्यवस्था परिवर्तन भए पनि सामन्ती सोचाई र चिन्तनमा परिर्वतन भएको छैन, त्यसैले जनप्रतिनिधिहरू बनाउँदैमा हुँदैन, उनीहरूलाई अधिकार लिनसक्ने र दायित्व पूरा गर्न सक्ने क्षमतामा उभ्याउन सक्नुपर्छ। त्यो स्थितिको जबसम्म हामी सिर्जना गर्न सक्दैनौ, तबसम्म महिलाका समस्याहरूलाई समाधान गर्न सकिने छैन भन्नुभयो।

यी कुराहरूको समाधानका लागि महिलाहरूलाई शिक्षित बनाउनु आवश्यक छ भन्दै उहाँले हामीले महिलाहरूले क्षमता वृद्धि गर्नुपर्छ अथवा त्यो स्थिति सिर्जना गर्नुपर्छ भनिरहेका छौं भनी कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो । यहाँका राजनीतिक दलहरूले पाँच प्रतिशत/दश प्रतिशत सिटमा महिला उम्मेदवार मात्र दिने र महिलाहरू नै निर्वाचित गर्न सकियो भने संसदमा महिलाहरूको संख्या बढ्न जानेछ भन्ने आग्रह पार्टीहरूसँग गर्दै उहाँले भन्नुभयो- हामीकहाँ प्रतिनिधित्व गराइदिने तर उनीहरूलाई परिचालित नगर्ने तथा निष्क्रिय बनाउने गरिएको छ। तसर्थ उनीहरूलाई चलायमान गऱ्यौं भनेमात्रै हामीहरूले केही कुरा गर्न सक्छौं।

हाम्रो भनाई महिलाहरूलाई परिचालित गर्नुपऱ्यो भन्ने हो, महिलाहरू स्वयं परिचालित हुने स्थितिको सिर्जना राज्यले गर्नुपऱ्यो, महिलाहरूलाई शक्तिशाली बनाएमात्र समाजको समग्र विकासमा

उनीहरूको पनि योगदान हुनसक्छ भन्ने धारणा राख्दै इन्सेकका अध्यक्ष प्याकुरेलले यसको निम्ति सरकारले ठोस नीति नै बनाई उनीहरूलाई परिचालित गर्नुपर्छ भन्नुभयो । कार्यक्रममा आपसी समस्या र अनुभवहरू आदान प्रदान गर्न सक्नेछौं भन्ने विश्वास व्यक्त गर्दै उहाँले यस्तो कार्यक्रमलाई अर्थात् महिलाहरूका समस्यालाई जहिले पनि इन्सेकले विशेष प्राथमिकताका साथ हेर्दै आएको जानकारी सहभागीहरूलाई दिनुभयो।

कार्यपत्र प्रस्तुत (दोस्रो सत्र)

भेला अवधिभर तीन वटा कार्यपत्र पेश गरिने योजनाअनुरूप पहिलो दिनको दोस्रो सत्रमा इन्सेक, महिला विभाग प्रमुख कमला पराजुलीले तयार गर्नुभएको राजनीतिमा महिला सहभागिता र महिला जनप्रतिनिधिहरूको महत्व विषयक कार्यपत्र पेश गरियो। दोस्रो सत्रको उक्त कार्यक्रम इन्सेक, मध्यमाञ्चल क्षेत्रीय कार्यालयकी संयोजिका इन्दिरा फुयाँलले संचालन गर्नुभएको थियो।

" राजनीतिमा महिला सहभागिता र महिला जनप्रतिनिधिको महत्त्व "

- कमला पराजुली

पृष्ठभूमि :

नेपालको कुल जनसंख्यामा ५०.१३ प्रतिशत महिलाहरू रहेको तथ्य वि.सं. २०४८ सालको जनगणनाले देखाएको छ। जसअनुसार महिलाको जनसंख्या ९२,७०,१२३ रहेको छ। देशको आधाभन्दा बढी संख्या ओगट्ने नेपाली महिलाहरूको अवस्था विभिन्नरूपमा पुरूषहरूको भन्दा कमजोर वा पिछडिएको छ। मानवीय तथा सामाजिक जीवनमा महिला-पुरूषको समान भूमिका रहने कुरा नकार्न सकिँदैन। भनिन्छ, महिला र पुरूष एउटै रथका दुई पाङ्ग्रा हुन्। तर त्यति भन्दाभन्दै पनि महिलाहरूको स्थिति कमजोर हुनु दुःखपूर्ण छ भने महिलाहरूको विकास वा वर्तमान स्थितिमा सुधार नभएसम्म हाम्रो राष्ट्रिय वा सामाजिक जीवनमा पनि सुधार आउन सक्दैन। विगतदेखि वर्तमानसम्म पनि समाजको आधाभन्दा बढी जनसंख्यालाई बेवास्ता गरेर हामीले सामाजिक विकास गर्ने असफल प्रयत्न गर्दै आइरहेको भए तापनि अब त्यस्तो गल्ती नगरी महिला-पुरूष दुवैलाई एकैसाथ लिएर हिँड्नुपर्छ भन्ने आम मान्यताचाहिँ अब बन्न थालेको छ।

सामाजिक विकासमा राजनीतिक क्षेत्रको ठूलो भूमिका हुन्छ। बहुदलीय प्रजातन्त्रमा देश र जनताको तमाम पक्षको सम्बन्धमा नीति नियम तर्जुमा गर्ने काम जनतावाट निर्वाचित जनप्रतिनिधिहरूकै हातमा हुन्छ। तर नेपालमा पुरूषको तुलनामा महिलाहरूको राजनीतिमा सहभागिता अत्यन्तै कम वा नगण्यरूपमा रहेको छ, त्यसैले राष्ट्रिय वा सामाजिक विकासमा तीब्रता ल्याउन राजनीतिमा महिलाको पुरूपसरह सहभागिता अति नै महत्वपूर्ण र अपरिहार्य छ।

नेपाल लामो समयदेखि अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्था पार गरिनसकेको एउटा सानो मुलुक हो। यो देशको भौगोलिक विकटता, जाति, धर्म, संस्कृति, परम्परा, अन्धविश्वास आदिले पनि महिलाहरूलाई पुरूषसरह कुनै पनि क्षेत्रमा अवसर दिएको पाइँदैन। पुरूषप्रधान वा पितृसत्तात्मक

सामाजिक संरचनाले पनि महिलालाई दोस्रो दर्जाको नागरिकको रूपमा व्यवहार गर्दै आएको छ। यसरी. एकातिर हाम्रा सामाजिक धर्म, परम्परा र अन्धविश्वासका कारण महिलामाथि भेदभावपूर्ण व्यवहार हुँदै आएको छ भने राज्यसत्ताले स्थापित गरेका कतिपय नियम-कानूनहरू पनि महिलामाथि पक्षपातपूर्ण छन्। २०४६ सालको जनआन्दोलनको परिणामस्वरूप नेपाली जनताले विगतको निरंकुश पंचायती व्यवस्थाको तुलनामा नागरिक तथा राजनीतिकलगायत्का मौलिक हक अधिकारहरू प्राप्त गर्न सफल भएका छन्। त्यस आन्दोलनमा नेपाली महिलाहरूको सक्रिय एवं महत्वपूर्ण भूमिका रहेको थियो। त्यस्तै नेपालमा विगतदेखि वर्तमानसम्मका सबै प्रजातान्त्रिक, राजनीतिक, सामाजिक वा मानव अधिकार प्राप्तिको आन्दोलनमा महिलाहरूको भूमिका उल्लेख्यरूपमा रहिआएको छ। त्यस्ता हरेक आन्दोलनमा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा महिलाहरूले निर्वाह गरेको भूमिकालाई नकार्न वा न्यून आँक्न कदापि मिल्दैन। नेपालको अहिलेसम्मको प्रजातान्त्रिक आन्दोलनका विभिन्न चरणमा दर्जनौं नेपाली महिलाले शहादत प्राप्त गरिसकेका छन्। नेपाल अधिराज्यको संविधान २०४७ ले जाति, धर्म, वर्ण र लिंगको आधारमा कुनै पनि नागरिकमाथि भेदभाव नगरिने प्रतिबद्धता जनाएको छ। त्यसैगरी महिला, बालक, वृद्ध, असहाय आदि राज्यका कमजोर नागरिकको हकहितका लागि विशेष व्यवस्था गर्न सकिने कुराको पनि व्यवस्था गरेको छ तर अर्कोतिर सोही संविधानका कतिपय दफा, उपदफामा महिलामाथि भेदभावपूर्ण प्रावधानलाई यथावत् राखिएको छ भने देशको प्रचलित कानूनका रूपमा लिइएको मुलुकी ऐनमा संविधानको भावना विरोधी कानूनहरू अझै पनि सक्रिय नै राखिएको अवस्था छ। अहिले पनि संविधानसँग बाझिने कानून वा संविधानका केही धाराहरूमा नागरिकतासम्बन्धी महल (मुलुकी ऐन) ,, धर्मपुत्र, दोलाजी, लोग्ने-स्वास्नीको महल, पशु करणी, मोहियानी हक, लेनदेन व्यवहार, सम्पत्तिसम्बन्धी (मुलुकी ऐन अंशवण्डा १ नं.), स्त्री अंशधनको महल, अपुताली आदि मुख्यरूपमा रहेका छन्।

नेपाल अधिराज्यको संविधान २०४७ जारी भएको ८ वर्ष बितिसकेको छ भने यस अवधिमा सार्वभौमसत्ता सम्पन्न नेपाली जनताका प्रतिनिधिहरूको १४ औं अधिवेशन (प्रतिनिधिसभामा) पनि सम्पन्न भइसकेको छ। तर पनि नेपाली महिलाका पक्षमा संविधानको भावना र व्यवस्था भएअनुसारका कानून बन्न सकिरहेको छैन। यी सबै घटना सन्दर्भ र उदाहरणले पनि विद्यमान हाम्रो सामाजिक संरचना, राजनीतिक अवस्था र राज्य सत्तासमेत नेपाली महिलाहरूको हितको पक्षमा भन्दा ज्यादा पक्षपातपूर्ण भेदभावमूलक र असमान व्यवहार गरेर महिलाहरूलाई दोस्रो दर्जाको नागरिकको रूमपा राखिरहन त चाहँदैनन् ? भन्ने प्रश्न पनि उठाउन सकिन्छ तर पनि समय-समयमा महिला हक-हित र समानताका पक्षमा भएका विभिन्न आन्दोलनहरूले त्यस प्रश्नलाई भने क्रमशः चिर्दै गएको पनि देखिएको छ।

पुरूषहरूका तुलनामा नेपाली महिलाहरूको स्थिति हेर्ने हो भने ज्यादै दयनीय अवस्थाबाट गुज्रिरहेको छ। ३५ प्रतिशत नेपाली महिला बिहान ४ बजेदेखि बेलुकी १० बजेसम्म घरभित्रैदेखि बाहिरसम्मका कामहरूमा निरन्तर लागिरहेका हुन्छन्। राष्ट्रिय आयमा नेपाली महिलाहरूको श्रम (२६ प्रतिशत, दक्षिण एशियामै सबैभन्दा बढी) छ । नेपालका ९० प्रतिशत महिलाहरू कृषि क्षेत्रमा संलग्न छन् भने पुरूषहरू ७५ प्रतिशत मात्र संलग्न रहेका छन्। उद्योग, व्यवसाय आदि प्रत्यक्ष रोजगारी र आयमूलक पेशामा महिलाभन्दा पुरूषहरू तीन गुणा बढी सहभागी छन्।

त्यस्तै स्वास्थ्य, शिक्षा, सुविधा र उपचारको अभावमा प्रतिवर्ष ७ हजार नेपाली महिला गर्भवती अवस्थामा र प्रसूतिको कारण मर्छन्। लगभग ३२ जनामा १ जना महिला गर्भवती अवस्थामा मर्छन्। ६ प्रतिशत आमाहरूले मात्र प्रसूति सेवाको उपभोगद्वारा बच्चा जन्माउँछन्। दक्षिण एशियामै नेपालमा सबैभन्दा बढी मातृ मृत्युदर २१ प्रतिशत छ। नेपाली महिलाको सरदर आयु ५२.६ वर्ष छ भने पुरूषको

५५.४ वर्ष छ। महिलाको भन्दा पुरूषको आयु वढी हुने देश नेपाल विश्वमै अगाडि पर्छ। त्यस्तै शिक्षाको क्षेत्रमा पनि नेपाली महिलाको अवस्था अत्यन्त कमजोर छ। महिला साक्षरता २४ प्रतिशत रहेको सरकारी तथ्यांक भए तापनि १३ प्रतिशत मात्र प्रौढ महिलाहरू साक्षर रहेको अन्तर्राष्ट्रिय सर्वेक्षणहरूमा उल्लेख छ। त्यसबाहेक पनि नेपाली महिलाहरूले घरभित्र पनि विभिन्न किसिमका हिंसाहरूको शिकार हुनुपरेको तथ्य त सर्वविदितै छ।

नेपालको राजनीतिमा महिला सहभागिता

राजनीतिमा नेपाली महिलाको सहभागिता सक्रिय एवं संगठितरूपमा अझै पनि सन्तोषजनकरूपमा भइनसकेको कुरा महिलाहरूको वर्तमान अवस्था, उनीहरूलाई हेर्ने दृष्टिकोण र गर्ने व्यवहारबाट पनि स्पष्ट हुन्छ। तर पनि नेपाली महिलाहरूको राजनीतिमा सहभागिताको एउटा इतिहास भने बनिसकेको छ। नेपालको राजनीतिमा महिला सहभागिता कुनै पनि राजनीतिक पार्टीको एउटा निश्चित उद्देश्य प्राप्तिका लागि जति धेरै भएको छ, त्यसको तुलनामा महिलाहरूकै हक, हित र अधिकार प्राप्तिका लागि महिलाहरूमाथि हुने सबै प्रकारका भेदभाव, दमन, शोषण र उत्पीडनको अन्त्यका लागि महिलाहरूलाई पुरूषसरह अवसर दिलाउने प्रयत्नका लागि भने कमी नै देखिन्छ।

त्यसरी हेर्दा नेपालको राजनीतिमा महिला सहभागिता नेपाल राष्ट्र एकीकरणपूर्वका केही घटनाहरूबाट नै सुरू भएको पाउन सकिन्छ। त्यस क्रममा अंग्रेजसँग भएको नालापानी युद्धमा नेपाली महिलाहरूले राष्ट्रियताको संरक्षणका निम्ति आफ्ना नानीहरू काखी च्यापेर अंग्रेजहरूका विरूद्ध ढुंगा-मूढा लिएर लडाइँमा भाग लिएका थिए। त्यसबेलाका नेपाली महिलाहरूको राष्ट्रियताप्रतिको वीरतापूर्ण सहभागिता देखेर अंग्रेजहरूसमेत प्रभावित भएको इतिहासहरूमा पाइन्छ। त्यसरी नै राष्ट्र एकीकरण अभियानमा र त्यसपछि पनि छिटफूटरूपमा राजनीतिमा महिला सहभागिता प्रत्यक्ष वा अप्रत्यक्षरूपमा भएको छ। नेपाल राष्ट्र एकीकरणपछिका समयमा विभिन्न कारणले विभिन्नरूपमा राजपरिवारका महिला सदस्यहरू विशेष गरेर रानीहरूको भूमिका पनि अगाडि देखिएको छ। त्यस क्रममा रानी-महारानीहरूको भूमिकालाई उल्लेख नगरिए तापनि महारानी राजेन्द्रलक्ष्मीको भूमिकालाई भने नेपाली महिलाको राजनीतिक सहभागिताको उदाहरणका रूपमा लिन सकिन्छ। त्यसैगरी तत्कालीन दरवारिया भाइ-भारदारहरूबीचको अन्तरकलहले देशभक्त योद्धा भीमसेन थापालाई जेल सजाय दिएर उनकी धर्मपत्नी भक्तकुमारी थापालाई काठमाडौंमा निर्वस्त्र पारेर घुमाई चरित्र हत्या गरिएको थियो। त्यसवखत पनि स्वाभिमानी महिला भक्तकुमारीले शिर नझुकाएपछि उनलाई समेत जेलमा कैद गरियो। त्यसैबेलादेखि नेपाली महिलाले स्वाभिमानीपूर्ण ढंगले आफ्नो अस्तित्व रक्षा गर्दै आएको पाइन्छ। भीमसेन थापाकी धर्मपत्नी भक्तकुमारीमाथिको दमनको घटनाले नै लखन थापाको विद्रोहलाई पनि थप बल प्रदान गरेको थियो।

वि. सं. १९७७ सालसम्म नेपालमा सती प्रथाको प्रचलन रहेको थियो। राणा प्रधानमन्त्री चन्द्रशमशेरले सती प्रथाको अन्त्य गर्ने घोषणा वि. सं. १९७७ असार २५ गते गरेका थिए। सती प्रथा मानव समाजको एउटा ज्यादै अमानवीय व्यवहारको उदाहरण हो। सती प्रथाको अन्त्य गरेको घोषणापछि पनि त्यस्ता केही कलंकित घटना दोहोरिएका थिए भनिन्छ। अहिले हाम्रो समाजमा सती प्रथाको अन्त्य भई नै सकेको छ। तर त्यसरी नै परम्परागत कुसंस्कारका रूपमा चल्दै आएका महिला विरोधी अन्य कैयौं प्रथाहरू भने पूर्ण अन्त्य भइसकेका छैनन्। बोक्सी, डंकिनी, आदिका नाममा महिलामाथि हुने हिंसाका घटनाहरू, देवीका नाममा महिलालाई बली चढाइने घटनाहरू, कुमारी राख्ने प्रचलन, देउकी,

झुमा, वादी आदि प्रथा यथावत् नै छन्। महिला किनबेच, वस्तुको विज्ञापनका रूपमा अश्लील प्रदर्शन, बलात्कार तथा अन्य घरेलु हिंसाको शिकारबाट महिलाहरू प्रताडित हुने घटनाहरू नियन्त्रण हुनुको सट्टा झन् बढिरहेका छन्।

शैक्षिक जागरणमा महिला सहभागिता

वि. सं. १९९० कै दशकबाट महिलाहरूले शिक्षामा जोड दिएर आवाज उठाउन थालेका थिए। जसअनुसार वि. सं. १९९० मा नेपाली महिलाहरूलाई पढाइनुपर्छ भन्ने आवाजसहित चन्द्रकान्ता मल्लले महिला विद्यालय स्थापना गरिन्। त्यस्तै २००२ सालमा बनेपामा सहशिक्षा खोली त्यसको शिक्षकको रूपमा महिला नेतृ कामाक्षादेवीले काम गर्न थाल्नुभयो। तर त्यस शिक्षालयमाथि प्रतिबन्ध लगाइयो। पुनः महिलाहरूले काठमाडौंस्थित त्यौडमा अर्को विद्यालयमा स्थापना गरे। त्यसमा पनि तत्कालीन राणा शासकहरूले प्रतिबन्ध लगाए।

नेपाली महिलाको राजनीतिमा सहभागिताको प्रस्थान विन्दु यही हो र होइन भन्ने कुरामा स्पष्ट मत बनिसकेको भने छैन। वि. सं. २००३ सालमा रेवन्तीकुमारी आचार्यको नेतृत्वमा काठमाडौंमा "आदर्श महिला समाज" को निर्माण भएको थियो। यस समाजले महिलाहरूलाई विद्यालय शिक्षा, प्रौढ शिक्षा, सरकारी कार्यालयमा नियुक्ति, तालिम, स्वास्थ्य चौकीको स्थापना र महिला प्रहरीको व्यवस्था गर्नुपर्ने जस्ता माग राख्वेको थियो। शिक्षा नै महिला आन्दोलनको प्रमुख आधार थियो भन्ने कुराको पुष्टि यसमा संलग्न महिला नेतृहरूको पृष्ठभूमिबाटै पनि थाहा हुन्छ। नेपालमा सर्वप्रथम २००४ सालमा एस. एल. सी. (प्रवेशिका) पास गर्ने महिला साधना प्रधान, सहाना प्रधान, भुवन सिंह र अंगुरबाबा जोशीको नेपाली राजनीतिमा देखिएको सक्रियताले पुष्टि गर्छ।

राजनीतिक जागरणमा महिला सक्रियता

१०४ वर्षसम्मको राणा शासनको अन्त्यका लागि भएका राजनीतिक जागरण र परिवर्तनका आन्दोलनमा पनि महिला सहभागिता रहेको थियो। वि. सं. १९७४ मा सिराहामा एउटा नारी जागृति समूह गठन भएको पाइन्छ। त्यस्तै वि. सं. १९७४ मा योगमाया कोइरालाको नेतृत्वमा महिला समिति नामक एक संस्था गठन भएको थियो। तर त्यस समितिले निरन्तररूपमा आफूलाई स्थापित गर्न नसके पनि राणा शासनविरूद्ध संगठित प्रचण्ड गोर्खा दल, रक्तपात कमिटी, प्रजा परिषद् आदिमा महिलाहरूले संगठित र असंगठित दुवैरूपमा सक्रिय सहभागिता जनाएका थिए।

त्यस समयावधिमा रेवन्तीदेवी आचार्यलगायतका महिलाहरू संगठित रूपमा नै काम गरिरहेका थिए भने राममाया नेपाली जस्ता महिलाहरूले असंगठितरूपमा पनि महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए। नेपाली महिला जागरण आन्दोलनकै क्रममा भोजपुर जिल्लाकी योगमाया न्यौपाने (कोइराला) को (वि. सं. १९५८-९८) भूमिका पनि उल्लेख्य छ, यी महिलाले तत्कालीन समाजमा जातीय उत्पीडन, छुवाछुत आदिको तीव्र विरोध गरेका थिए। त्यसताकाका राणा प्रधानमन्त्री तथा समाजका अन्य पुरातनवादीहरूलाई विभिन्न मागसहित समाज सुधारको पक्षमा चुनौती पनि दिएका थिए। उनीहरूले नेपाल र भारतका विभिन्न स्थानमा गएर धार्मिकरूपमा आफ्नो विद्रोह र सामाजिक सुधार तथा चेतनाको सन्देश फिजाएर यो आन्दोलनको उचाइ थपेका थिए। उनीहरूलाई तत्कालीन राणा शासकहरूले विभिन्नरूपमा जेल सजाय, नजरबन्द आदिको सजाय पनि दिएका थिए। यी महिलाको चेतना र विद्रोहको रूपमा "सर्वाथ योगवाणी" नामक पुस्तक प्रकाशित भएको पाइन्छ। यो आन्दोलनकी नेतृ योगमाया कोइरालाले वि. सं. १९९८ असार

३१ गते आफ्ना ६८ जना अनुयायीसहित अरूण नदीमा जल समाधि लिएकी थिइन। उनका तत्कालीन सहकर्मीहरू अझै भेटिन्छन्। उनको समूहमा २४० भन्दा बढी व्यक्तिहरू सक्रिय थिए। त्यस्तै वि. सं. १९९९-२००० बीचमा प्रेमबहादुर कंसाकार, पुष्पलाल र सूर्यबहादुर भारद्वाजले निर्माण गरेको एक गोप्य संगठनमा कामाक्षादेवी पनि संलग्न थिइन।

२००३ सालमा विराटनगरमा संचालित मजदूर आन्दोलनमा सक्रिय सहभागी भएका कारण नेपालमा पहिलो पटक कारागारमा परेका ४ जना महिलाहरू दिव्या कोइराला, इन्दिरा आचार्य, कामिनी गिरी र नलिनी उपाध्याय थिए। उनीहरूलाई कडा यातना दिँदै धनकुटा कारागारसम्म पुऱ्याइएको थियो । २००४ सालमै संचालित नागरिक अधिकार प्राप्तिको आन्दोलनमा भएको जुलुसमा सहभागी महिलाहरूले जेल सजाय पाएका थिए। त्यसै क्रममा साधना प्रधान, सहाना प्रधान, स्नेहलता र कनकलतालगायतका दर्जनौं महिलाहरूले अग्रपंक्तिमा रहेर नेतृत्वदायी भूमिका निर्वाह गर्ने क्रममा गिरफ्तारसमेत भएका थिए। यसै आन्दोलनको क्रममा महिलाहरूले मताधिकारको अधिकार प्राप्त गर्न पनि सफल भए। वि. सं. २००४ सालमा मंगलादेवी सिंहको नेतृत्वमा विधिवत्‌रूपमा नेपाल महिला संघको गठन भएको समयदेखि यता आएर भने महिलाहरूले गरेको संगठित राजनीतिक आन्दोलनले अहिलेसम्म पनि निरन्तरता पाइरहेको छ।

२००७ सालको आन्दोलनमा महिलाहरूले संगठितरूपमा नै सहयोग पुऱ्याएको यथार्थलाई स्वीकार गरिन्छ। वि. सं. २००७ साल मंसिर १ गते राजा त्रिभुवन नभएको समयमा बृटिश सरकारका केही प्रतिनिधि काठमाडौं आएका थिए। ती बृटिश सरकारका प्रतिनिधिहरूलाई "फिर्ता जाऊ" भन्ने नारासहित नेपाली महिलाले विरोध प्रदर्शन गरेका थिए। त्यस्तै त्यसअघि अधिराजकुमार ज्ञानेन्द्रलाई राजा मान्दैनौं भनेर पनि नेपाली महिलाले विरोध गरेका थिए।

नेपाली महिला आन्दोलनमा देखिएको विरोधाभाष

तत्कालीन सामन्ती विरोधी आन्दोलनमा इलामकी ठूलानी वज्यै, सोलूकी डोटी भोटेनीका विद्रोहहरू पनि नेपाली महिला आन्दोलनमा उल्लेखनीय छन्। राजपरिवार र भारतलाई हेर्ने दृष्टिकोणको विषयलाई लिएर नेपाली महिला आन्दोलन दुई खेमामा विभाजन भएको थियो। २००७ सालमा भारत सरकारको विरोधमा जुलुस गर्ने या नगर्ने भन्ने विषयमा मतभिन्नता सुरू भएकै बेला मंगलादेवी सिंहको नेतृत्वमा रहेको महिला संघले रानीलाई संघको अतिथिका रूपमा स्वीकार गरिसकेपछि २००८ साल फागुन २४ गते कामाक्षादेवीको अध्यक्षतामा अखिल नेपाल महिला संघको स्थापना भएको थियो।

राजनीतिमा महिला सहभागिता बढ्दै जाने क्रममा नेपाल महिला संघ, नेपाल महिला संगठन, अखिल नेपाल महिला संघ आदिका रूपमा संगठनहरू निर्माण हुन थाले र महिला नेतृहरूको सक्रियता बढ्न थाल्यो। २००६ सालमा मोतीदेवी श्रेष्ठ पनि औपचारिकरूपमै नेपाल कम्युनिष्ट पार्टीको संस्थापक सदस्य रहनुभयो।

२००९ सालमा स्थानीय निर्वाचनमा काठमाडौं नगरपालिकाको बडा अध्यक्ष पदमा प्रतिद्वन्द्वीलाई जमानत जफत गराउँदै विजयी बन्नुभएकी साधना प्रधान नेपाली राजनीतिमा पहिलो निर्वाचित महिला जनप्रतिनिधिका रूपमा उल्लेख्य हुनुहुन्छ। वि. सं. २०११ सालमा पुण्यप्रभादेवी ढुंगानाले सल्लाहकार सभामा नारी संरक्षण विधेयक प्रस्तुत गर्नुभएको थियो भने तारादेवीले नेपाल विवाह विधेयक पेश गर्नुभएको थियो। तर यी दुवै विधेयक तत्कालीन सल्लाहकार सभाले अस्वीकृत गरिदिएको थियो। २०१५ सालको संसदीय निर्वाचनमा नेपाली कांग्रेसको तर्फबाट विजयी भई द्वारिकादेवी ठकुरानी मन्त्रीसमेत

बन्नुभयो। यस निर्वाचनमा ६ जना महिलाहरूले उम्मेद्वारी दिएका थिए।

२०१७ सालमा प्रजातान्त्रमाथि नै प्रतिबन्ध लगाई राजा महेन्द्रबाट निर्दलीय पंचायती व्यवस्थाको घोषणा गरिसकेपछि पनि नेपाली महिलाहरू त्यसको विरोधमा सशक्तरूपमा सडकमा उत्रेका थिए। त्यस क्रममा काठमाडौंको सडकमा शैलजा आचार्यले प्रमुख भूमिका निर्वाह गर्नुभएको थियो। पंचायतकालको ३० वर्षको पंचायत विरोधी गतिविधि र सबै प्रकारका राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाइएको अवस्थामा पनि विभिन्नरूपमा महिला संघ, संगठनहरू क्रियाशील रहँदै पंचायत विरोधी र प्रजातान्त्रिक आन्दोलनमा सक्रिय रहँदै अगाडि बढि नै रहे। त्यसै क्रममा देशमा विभिन्न राजनीतिक आन्दोलनमा नेपाली महिलाहरूले पुरूषसरह सहभागी हुने, जेलनेल भोग्ने, प्रवासमा जीवन बिताउने कतिपय घटनाहरूमा शहादत प्राप्त गर्ने स्थितिबाट गुज्रँदै आउनुपर्‍यो। पंचायतकालमा पंचायती व्यवस्थाको संरक्षणका निम्ति पनि पंचायतको भातृसंस्थाको रूपमा वा पंचायतभित्रै रहेर पनि राजनीतिमा केही महिलाहरूले आफ्नो सहभागिता देखाइनै रहे। त्यसबेलाका पंचायत समर्थक महिला नेतृहरू अहिले पनि विभिन्नरूपमा राजनीतिक पार्टी वा महिला संघ/संगठनहरूमा क्रियाशील रहेका छन्।

प्रजातन्त्र पुनर्स्थापना आन्दोलनमा नेपाली महिला

२०४६ सालको जनआन्दोलनमा पनि नेपाली महिलाहरूले विभिन्न राजनीतिक पार्टी तथा महिला संघ-संगठनभित्र रहेर प्रजातन्त्र प्राप्तिका लागि भएको आन्दोलनमा सक्रिय भूमिका निर्वाह गरेका थिए। सो जनआन्दोलनको बेलामा वाममोर्चाको नेतृत्वमा समेत संयुक्त वाममोर्चाकी अध्यक्ष सहाना प्रधान हुनुहुन्थ्यो। २०४६ सालको जनआन्दोलनमा देशका विभिन्न भागदेखि राजधानीसम्म महिलाहरूले अभूतपूर्व साहस प्रस्तुत गरेका थिए। २०४६ को जनआन्दोलनमा राजधानी बाहिरको गाउँ अर्थात् धनुषाको यदुकुहामा सोनावती यादव, मुनेश्वरीदेवी यादव र जानकीदेवी यादवले शहादत प्राप्त गरेका थिए भने राजधानीमा पम्फादेवी खड्गी र ज्ञानीशोभा वज्राचार्यले जीवन बलिदान गरेर इतिहासमा महिलाहरूको गौरव बढाएका थिए। पोखरा, विराटनगर, झापा, चितवन जस्ता ठाउँमा महिला आन्दोलन उल्लेख्य रह्यो भने पाटन, भक्तपुर र कीर्तिपुरको महिला सहभागिता पंचायत विरोधी आन्दोलनको निर्णायक घडीमा अनुकरणीय र साहसिक रह्यो ।

नेपालका राजनीतिक पार्टीहरुमा महिलाको स्थान

नेपालका राजनीतिक पार्टीहरूको इतिहास पनि त्यति धेरै लामो छैन। राणा शासन विरोधी आन्दोलनका क्रममा गठन गरिएका केही राजनीतिक पार्टीहरू, जसले २००७ सालमा प्रजातन्त्र पुनर्स्थापनामा महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए, ती पार्टीहरूमा जे/जसरी महिलाको सहभागिता सुरू भयो, अहिलेको अवस्था पनि त्योभन्दा माथि उठ्नुपर्ने जति भने उठिसकेको छैन।

नेपालका राजनीतिक पार्टीहरूले महिलाहरूलाई पार्टीभित्र नेतृत्वमा प्रत्यक्ष प्रवेश दिने र नेतृत्वको विकास गराउने जस्ता काममा भने सधै नै कन्जुस्याइँ गर्दै आएको पाइन्छ। २००७ सालमा प्रजातन्त्रको पुनर्स्थापनापछि अस्तित्वमा आएका राजनीतिक पार्टीहरू नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी र अन्य केही समूहले पनि आ-आफ्नो भातृ संगठनको रूपमा महिला संगठनहरू निर्माण गरेका थिए। तर महिला राजनीतिक नेता वा कार्यकर्ता दुवैलाई पार्टी सदस्य र नेताको हैसियत भने नगण्यरूपमा दिइएको पाइन्छ।

पंचायतकालका ३० वर्षसम्म पंचायतभित्र रहेर केही महिलाहरूले राजनीतिमा आफ्नो उपस्थिति

जनाइरहेका थिए। तर त्यसबेलाका ती महिलाहरूको उपस्थिति पनि पंचायतको भातृ संगठन नेपाल महिला संगठनको सदस्यका रूपमा प्रतिनिधित्व हुँदै आएको पाइन्छ। २०१७ देखि ३० वर्षसम्मको अवधिमा पंचायतभित्र केही महिला मन्त्रीहरूसमेत भए तर ती महिलाहरू पंचायत व्यवस्थाको नेतृत्व पंक्ति तहमा भने उभिएनन् वा उभ्याइएनन्, पंचायतकालमा जुनसुकैरूपमा भए पनि तत्कालीन राष्ट्रिय पंचायतभित्र महिलाहरूको उपस्थिति भने ५.७ प्रतिशत थियो। यस अवधिभित्र प्रतिबन्धित राजनीतिक पार्टीहरूको नेतृत्वमा पनि महिलाहरूलाई स्थापित गरेको पाइन्न।

नेपालका हरेक राजनीतिक परिवर्तनका आन्दोलनहरू खासगरी २००७ साल र २०४६ सालको आन्दोलनका क्रममा महिला सक्रियता, सहभागिता महत्वपूर्ण रूपमा भएको छ। ३० वर्षसम्मको निरंकुश पंचायती व्यवस्था विरोधी अभियानमा पनि नेपाली महिलाहरूको भूमिका उल्लेख्य छ। तर ती आन्दोलनबाट प्राप्त उपलब्धिपछिका अवसरहरूमा भने सदैव महिलाहरूमाथि भेदभाव र अपहेलनासमेत गरिएको पाइन्छ, २०४६ सालमा पुनर्स्थापित प्रजातन्त्रलाई संस्थागत विकास गर्न तथा संविधान निर्माण गर्ने क्रममा पनि महिलालाई पूर्ण बेवास्ता गरियो। आन्दोलनपछि स्थापित अन्तरिम सरकारमा भने एक जना महिला मन्त्री (सहाना प्रधान) लाई स्थान दिइयो। बहुदलीय प्रजातन्त्रिक संविधानको निर्माणपछि हरेक राजनीतिक पार्टीहरूले संसदीय निर्वाचनमा ५ प्रतिशत महिला उम्मेदवारी दिनैपर्ने संवैधानिक व्यवस्था (संविधान धारा ११४) लाई समेत सबै राजनीतिक पार्टीहरूले पालना गरेको देखिएन, या त पालना गरेता पनि औपचारिकता मात्र पूरा गरेको देखिन्छ र राष्ट्रिय व्यक्तित्वको पहिचान पाइसकेका नेतृहरूलाई समेत त्यसै धाराको औपचारिकताभित्र सीमित गराएको छ। जसको परिणाम २०५ जना निर्वाचित संसद सदस्यमा महिलाहरूको उपस्थिति ३.४ प्रतिशतमा नै सीमित हुन पुग्यो। त्यस्तै राष्ट्रिय सभामा ६० जनामध्ये ५ प्रतिशत महिला हुनुपर्नेमा सो संवैधानिक बाध्यताभन्दा बढी महिला प्रतिनिधिलाई अहिलेसम्म राष्ट्रिय सभामा पनि पुऱ्याउन कुनै पक्षले पनि सकेको छैन ।

राष्ट्रिय राजनीतिमा अघिल्लो पंक्तिमा रहेका नेकपा (एमाले), नेपाली कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी, संयुक्त जनमोर्चा नेपाल, नेकपा (मसाल) सबै पार्टीले पार्टीको केन्द्रीय समितिमा अहिले पनि महिला सदस्य नगण्यरूपमा उपस्थित गराएका छन्। नेकपा एमालेको केन्द्रीय समितिमा ३ जना प्रतिनिधि छन् भने नेपाली कांग्रेसमा हाल उपसभापतिसहित ३ जना, राष्ट्रिय प्रजातन्त्र पार्टी (थापा) मा ३ जना, राप्रपा (चन्द) मा २ जना र नेपाल सद्भावना पार्टीमा २ जना केन्द्रीय समितमा रहेका छन्, जुन सहभागिता उल्लेख्य मान्न कदापि सकिन्न । तर संसदीय दल विभाजन भई निर्माण भएको नेकपा (माले) मा भने हाल पार्टी अध्यक्ष महिला नै हुनुहुन्छ। यसअघि राष्ट्रिय मान्यता प्राप्त दलहरूमा संयुक्त जनमोर्चा नेपाल (भट्टराई समूह) ले पहिलो पटक पार्टी अध्यक्षमा (पम्फा भुषाल) महिलालाई स्थान दिएको थियो। त्यसबाहेक २०४६ सालपछि राजनीतिक पार्टी खोल्न पाउने नागरिक हक प्रयोग गर्ने क्रममा केही दलहरू महिलाहरूको नेतृत्वमा रहेका भए पनि दल खोल्नु बाहेक कुनै थप भूमिका निर्वाह गरेको भने पाइँदैन। राष्ट्रिय पार्टीको मान्यता प्राप्त केही दलहरूले महिलाहरूलाई सल्लाहकारमा पनि राखेको पाइन्छ। नेकपा एमालेले हरेक वैधानिक कमिटीहरूमा एक जना महिला सदस्य हुनुपर्ने अनिवार्य गरेको छ भने नेपाली कांग्रेसले १० प्रतिशत महिला हुनुपर्ने प्रावधान राखेको छ। यही कुरा पनि व्यवहारिक रूपमा भने सबैतिर कार्यान्वयन भएको देखिँदैन र यो व्यवस्था पनि प्रभावकारी नभएर औपचारिकता नै भएको देखिएको छ।

नारामा सीमित महिला सहभागिता

सबैजसो राजनीतिक पार्टीहरूले आ-आफ्ना विधान र चुनावी घोषणापत्रहरूमा महिलाहरूको राजनीतिमा सहभागितालाई प्राथमिकताका रूपमा लिएका छन्। नेपाली कांग्रेसले नीतिगतरूपमा नारी समानताका निम्ति अवरोधक कानूनी प्रावधानहरूको सुधार र संशोधन, नीति निर्माण गर्ने निकाय र राजनीतिक संस्थाहरूमा महिला प्रतिनिधित्वको ठोसरूपमा वृद्धि, महिला शिक्षा एवं रोजगारीको अवसरमा वृद्धिलगायत् एक वर्षभित्रै महिला समस्या निराकरण एवं विकास प्रक्रियामा सहभागिताका लागि केन्द्रीय स्तरमा अलग संगठनात्मक ढाँचा निर्माण गर्ने प्रतिबद्धता जनाएको छ। यस पार्टीले पार्टीको तल्लो तहदेखि केन्द्रसम्म १० प्रतिशत महिला सहभागी हुनुपर्ने व्यवस्था गरेको छ। नेकपा (एमाले) ले महिलाहरूको निम्ति विशेष व्यवस्था गरेको छ। जसअनुसार नीतिगत तहमा महिला पुरूषबीच विद्यमान राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक भेद र असमानता हटाउने, पुरूषसरह समान अधिकार कायम गर्न ग्यारेण्टी गर्नेलगायत् महिलाप्रतिका भेदभाव बढाउने कानूनहरू खारेज गर्ने, महिलालाई आत्मनिर्भर गर्ने तथा शिक्षाको व्यवस्था गर्ने कुरामा जोड दिइएको छ। नेकपा (एमाले) ले स्थानीय निकायमा १५ प्रतिशत महिला सहभागी गराउने सम्बन्धमा गरेको व्यवस्था पालना गरेको देखिँदैन। त्यस्तै प्रकारले अन्य राजनीतिक पार्टीहरूले पनि आ-आफ्ना नीति र कार्यक्रममा महिलाको सम्बन्धमा विशेष व्यवस्था गर्न चुकेका भने छैनन्।

संसदीय निर्वाचन २०४८ मा महिला प्रतिनिधित्व

प्रजातन्त्र पुनर्स्थापनापछिको पहिलो आमनिर्वाचनमा राष्ट्रिय मान्यता प्राप्त पार्टी, अन्य साना पार्टी र स्वतन्त्रसमेत गरी १३४५ व्यक्तिले उम्मेदवारी दिएकोमा ८२ जना (६.०९ प्रतिशत) महिला उम्मेदवारहरू रहेका थिए। ती उम्मेदवारमध्ये नेपाली कांग्रेसले १९३ उम्मेदवारमा ११ जना महिला (५.३९ प्रतिशत), नेकपा (एमाले) ले १६८ उम्मेदवारमा ९ महिला (५.०८ प्रतिशत), राप्रपा (थापा र चन्द) ले ३०१ मा १७ जना महिला (५.३५ प्रतिशत), नेपाल सद्भावना पार्टीले ७० मा ५ महिला (६.६७ प्रतिशत), विभिन्न वाम समूहहरूले १८५ मा २६ महिला (१२.३२ प्रतिशत) र स्वतन्त्र तथा अन्यबाट ३४६ मा १४ महिला (४.०५ प्रतिशत) उम्मेदवार उठाएका थिए। यस निर्वाचनमा ७ जना (३.४१ प्रतिशत) महिला निर्वाचित भएका थिए।

पार्टीगत महिला उम्मेदवारी आमनिर्वाचन २०४८

तालिका नं. १

पार्टी	महिला	पुरुष	जम्मा	प्रतिशत
नेका	११	१९३	२०४	५.३९%
एमाले	९	१६८	१७७	५.०८%
राप्रपा	१७	३०१	३१८	५.३५%
नेसपा	५	७०	७५	६.६७%
अन्य वाम	२६	१८५	२११	१२.३२%
अन्य	१४	३४६	३६०	४.०५%
जम्मा	८२	१२६३	१३४५	६.०९%

श्रोत- निर्वाचन आयोग आमनिर्वाचन २०४८ मा विजयी

महिला सांसदहरु तालिका नं. १३			
क्र. सं.	नाम	जिल्ला	पार्टी
१.	शैलजा आचार्य	मोरङ	नेका
२.	सहाना प्रधान	काठमाण्डौ	एमाले
३.	मैया श्रेष्ठ	गोरखा	नेका
४.	उमा अधिकारी	पर्वत	नेका
५.	थममाया थापा	म्याग्दी	एमाले
६.	लीला कोइराला	धनुषा	नेका
७.	मिना पाण्डे	सर्लाही	नेका

श्रोत - निर्वाचन आयोग

मध्यावधि निर्वाचन २०५१ मा महिला प्रतिनिधित्व

वि. सं. २०५१ मा सम्पन्न मध्यावधि निर्वाचनमा विभिन्न १३ वटा राजनीतिक पार्टीका कुल १०१६ जना उम्मेद्वारीहरूमध्ये ७४ जना (७.२८ प्रतिशत) मात्र महिला उम्मेदवारी रहेका थिए। त्यसबाहेक ३८७ जना स्वतन्त्र उम्मेद्वारीहरूमा १२ जना (३.१० प्रतिशत) मात्र (एक जना महिलाले भने दुई ठाउँमा उम्मेदवारी दिएको) महिला उम्मेदवारी रहेका थिए। त्यसरी नै कुल ११४६ जना उम्मेद्वारहरूमा ८६ जना (५.९४ प्रतिशत) महिलाहरूले मात्र चुनावमा भाग लिएका थिए। यस निर्वाचनका क्रममा ६५ वटा पार्टी दर्ता गरिएका भए पनि २४ पार्टीले मात्र चुनावमा भाग लिएका थिए। तीमध्ये ११ वटा पार्टीहरूले भने १ जना पनि महिला उम्मेदवारी दिएनन्। यस आमनिर्वाचनमा स्वतन्त्र महिला उम्मेद्वार कसैले पनि विजय प्राप्त गरेनन् भने नेपाली कांग्रेसबाट ५ जना र नेकपा (एमाले) बाट २ जना विजयी भएका थिए। २०४८ को निर्वाचनको तुलनामा ५१ को मध्यावधि निर्वाचनमा ०.०७ प्रतिशत महिला उम्मेद्वारी घटेको पाइन्छ। यस निर्वाचनमा नेकपा (एमाले) २०४८ को तुलनामा ०.५ प्रतिशत महिला उम्मेद्वारी बढायो भने नेपाली कांग्रेसले ०.०२ प्रतिशतले घटायो। नेपाली कांग्रेसले २० प्रतिशतसम्म महिलालाई आरक्षण दिने पार्टीगत सहमति पनि बनाएको थियो। यस चुनावमा नेपाल सद्भावना पार्टीले ३.८० प्रतिशत महिला उम्मेद्वारी बढायो भने विभिन्न वाम पार्टीले ३.०९ प्रतिशत महिला उम्मेदवार घटाए। यस चुनावमा २०४८ को तुलनामा स्वतन्त्र महिला उम्मेदवार ०.४५ प्रतिशत बढेका थिए। देशका प्रमुख राजनीतिक पार्टीहरूले राजनीतिमा महिलाहरूको समान सहभागिताका लागि प्रतिबद्धता जनाउन र व्यवहारमा ल्याउन कन्जुस्याइँ नै गरेको भए तापनि समुचित प्रतिनिधित्व गराइने भन्ने सम्बन्धमा विभिन्न प्रकारका मापदण्ड, आरक्षण वा अन्य व्यवस्था भने गर्न छाडेका छैनन्। देशको प्रमुख राजनीतिक पार्टीका रूपमा रहेको नेपाली कांग्रेसले २० प्रतिशत महिला उम्मेदवारहरूका निम्ति आरक्षण गर्ने कुरा अगाडि सारेको थियो तर यही पार्टीले अन्य राजनीतिक पार्टीहरूको तुनामा सबैभन्दा कम अथवा ५.३७ प्रतिशत महिलालाई मात्र उम्मेदवार बनायो। यस निर्वाचनमा नेकपा (एमाले) ले ५.५८ प्रतिशत महिला उम्मेदवार उठायो भने

राष्ट्रिय प्रजातन्त्र पार्टीले ६.४० प्रतिशत, राष्ट्रिय पार्टीहरूमा संजमो नेपालले सबैभन्दा बढी १२-२४ प्रतिशत महिला उम्मेदवारहरू उठाएको थियो, त्यसरी नै राष्ट्रिय मान्यता प्राप्त पार्टीमा नेपाल सद्भावना पार्टीले १०.४७ प्रतिशत महिला उम्मेदवार उठाएको थियो।

यस आमनिर्वाचनमा महिला उम्मेदवारको संख्या २०४८ सालको आमनिर्वाचनको तुलनामा एकदमै नगण्यरूपमा मात्र फरक भएको देखिन्छ। २०४८ सालको आमनिर्वाचनमा कुल १३४५ जना उम्मेदवारहरूमध्ये ६.०९ प्रतिशत (८२ जना) महिला उम्मेदवार रहेका थिए भने यस निर्वाचनमा कुल उम्मेदवार १४४२ मा ८७ जना (६.०३) प्रतिशत महिला उम्मेदवारहरू रहेका थिए। यी तथ्यांकले हाम्रो देशका राजनीतिक दलहरूको भनाई र गराईमा कति अन्तर छ भन्ने स्पष्ट गर्छ।

पार्टीगत महिला उम्मेदवारी : आमनिर्वाचन २०५१

तालिका नं. ३

पार्टी	महिला	पुरुष	जम्मा	प्रतिशत
नेका	११	१९४	२०५	५.३७%
एमाले	११	१८६	१९७	५.८५%
राप्रपा	१३	१९०	२०३	६.४०%
नेसपा	९	७७	८६	१०.४७%
अन्य वाम	१८	१७७	१९५	९.२३%
अन्य	२५	५३१	५५६	४.५०%
जम्मा	८७	१३५५	१४४२	६.०३%

श्रोतः- निर्वाचन आयोग

मध्यावधि निर्वाचन २०५१ मा विजयी महिला सांसदहरु

तालिका नं. ४

क्र. सं.	नाम	जिल्ला	पार्टी
१.	शैलजा आचार्य	मोरङ्ग-७	नेका
२.	लीला श्रेष्ठ (सुब्बा)	सुनसरी-१	नेकपा (एमाले)
३.	लीला कोइराला	धनुषा-२	नेका
४.	मीना पाण्डे	सर्लाही-२	नेका
५.	विद्या भण्डारी	काठमाण्डौ-२	नेकपा (एमाले)
६.	सहाना प्रधान	काठमाण्डां-६	नेकपा (एमाले)
७.	कमलादेवी पन्त	गोरखा-२	नेका

श्रोतः- लेखनाथ भण्डारी, अस्मिता, वर्ष ७ अंक- ३० मंसिर २०५१ मध्यावधिनिर्वाचन र नवनिर्वाचित महिला सांसदहरू पृष्ठ ३५-४१

पार्टीगत महिला उम्मेद्वारी : तुलनात्मक अध्ययन (२०४८ र २०५१) तालिका नं. - ५									
पार्टीहरु	२०४८ को आमनिर्वाचन				२०५१ आमनिर्वाचन				फरक% मा
	महिला	पुरुष	जम्मा	महिला% मा	महिला	पुरुष	जम्मा	महिला% मा	फरक
नेका	११	१९३	२०४	५.३९	११	१९४	२०५	५.३७	- ०.०२
एमाले	९	१६८	१७७	५.०८	११	१८६	१९७	५.३८	+ ०.५०
राप्रपा	१७	३०१	३१८	५.३५	१३	१९०	२०३	६.४०	+ १.०५
नेसपा	५	७०	७५	६.६७	९	७७	८६	१०.४७	+३.८०
अन्य वाम पार्टीहरू	२६	१८५	२११	१२.३२	१८	१७७	१९५	९.२३	-३.०९
अन्य	१४	३४६	३६०	४.०५	२५	५३१	५५६	४.५०	+०.४५
जम्मा	८२	१३६३	१३४५	६.०९	८.७	१३५५	१४४२	६.०३	-०.०७

सूचना श्रोत :- विधान आचार्य, अस्मिता, वर्ष ७ अंक- २८, कार्तिक २०५१

मतदाताहरु (लैंगिक विवरण)

२०५१ को आमनिर्वाचनमा १,२२,९६,२१९ नागरिक (२०४८ चैत मसान्तसम्ममा १८ वर्ष उमेर पुगेका) ले मताधिकारको अधिकार पाएकोमा ७५,०१,९२३ (६१.०१ प्रतिशत) ले मात्र मतदान गरेका थिए। ती मतदाताहरूमध्ये ६१,९०,०३९ पुरूष र ६१,०६,१८० महिलाहरू रहेका थिए। जसअनुसार महिला मतदाताहरूभन्दा पुरूष मतदाताहरू ८३,८९५ बढी देखिन्छन्। तर २०४८ को जनगणनाअनुसार पुरूषभन्दा महिलाहरूको जनसंख्या २०,२५३ ले बढी रहेको छ। यसरी खसेको कुल मतमध्ये ७५,०१,९२३ बाट जम्मा महिला उम्मेदवार (८६ जना) ले २,७७,३०२ (३.६९ प्रतिशत) मात्र प्राप्त गरेका थिए। जसअनुसार ६१,०६,१८० महिला मतदाताबाट ४.५४ प्रतिशत मात्र मत कुल महिला उम्मेदवारले पाएका थिए।

स्थानीय निर्वाचन २०४९ मा महिला प्रतिनिधि

स्थानीय निर्वाचन २०४९ मा देशभरिका ३९९३ गाविसहरूबाट ७ जना (०.१७ प्रतिशत) महिला गाविस अध्यक्ष निर्वाचित हुन सफल भएका थिए। यसै निर्वाचनमा १५ जना (०.३७ प्रतिशत) महिला गाविस उपाध्यक्षहरू निर्वाचित भएका थिए। कुल गाविसहरूबाट ३५ हजार ८ सय वडा सदस्यहरू निर्वाचित भएकोमा महिला वडा सदस्यहरू १९० जना (०.५२ प्रतिशत) मात्र रहेका थिए।

त्यस्तै सो निर्वाचनका क्रममा कुल ३६ वटा नगरपालिकाहरूमा एक जना महिला पनि नगर प्रमुख र उपप्रमुख निर्वाचित हुन सकेनन्। सम्पूर्ण नगरपालिकाहरूबाट निर्वाचित भएका ५२१ जना नगर सदस्यहरूमा ५ जना (०.९५ प्रतिशत) मात्र महिला नगर सदस्य निर्वाचित भएका थिए। ७५ जिल्ला सभापतिहरूको निर्वाचनमा जिल्ला सभापति पदमा महिलाको उपस्थिति रहेन भने उपसभापति पदमा १ जना महिला (गुल्मी जिल्लाकी सुवर्ण ज्वारचन) निर्वाचित हुनुभएको थियो।

स्थानीय निर्वाचन २०४९ मा विजयी महिला प्रतिनिधित्व

तालिका नं. ६

निकाय	जम्मा	महिला	प्रतिशत
गाविस अध्यक्षहरू	२९९३	७ जना	०.१७%
गाविस उपाध्यक्षहरू	३९९३	१५ जना	०.३७%
गाविस सदस्यहरू	३५८८३	१९० जना	०.५८%
नगरपालिका प्रमुख	३६		
नगरपालिका उपप्रमुख	३६		
नगरपालिका सदस्यहरू	५२१	५ जना	०.९५%
जिविस सभापतिहरू	७५		
जिविस उपसभापतिहरू	७५	१ जना	१.३३%

स्रोत :- निर्वाचन आयोग

२०४९ को स्थानीय निर्वाचनमा गाविस अध्यक्षमा विजयी महिला

तालिका नं. ७

क्र. सं.	नाम	गाविस	जिल्ला	पार्टी
१	श्रीमती अमितादेवी रावल	स्वर्लगा	डडेल्धुरा	नेका
२.	प्रेमकुमारी राई	छिनामंखु	भोजपुर	एमाले
३.	सुश्री विष्णु देवी पुडासैनी	भद्रवास	काठमाण्डौ	नेका
४.	चिरिमाया तामाङ	काउले	नुवाकोट	नेका
५.	पानसरी बुढा	भट्मारा	जुम्ला	राप्रपा
७.	सुश्री सानुमाया गुरूङ	जिलुङ	लम्जुङ	नेका

सूचना श्रोत :- निर्वाचन आयोग

२०४९ को स्थानीय निर्वाचनमा गाविस उपाध्यक्ष पदमा विजयी महिला

तालिका नं. ९

क्र. सं.	नाम	गाविस	जिल्ला	पार्टी
१	कमलादेवी ठगुन्ना	मष्ठमाण्डौ	डडेल्धुरा	नेका
२.	कलावती ऐर	झलारी	कञ्चनपुर	नेकाञ
३.	गिरिमाया थापा	पातलकोट	अछाम	राप्रपा

४.	कल्पना उपाध्याय	टीकापुर	कैलाली	नेका
५.	छलिमाया पाख्रिन	राईगाउँ	मकवानपुर	एमाले
६.	हर्कमाया रूम्वा	मकवानपुर	मकवानपुर	एमाले
७.	महिम लिम्बु	बुढी मोरङ	धनकुटा	एमाले
८.	बत्तुकुमारी राई	ओख्रे	भोजपुर	एमाले
९.	हिराकुमारी सुनुवार	अरूण ठाकुर	सिन्धुली	नेका
१०.	चमेलीदेवी घर्ती	धकधई	रूपन्देही	स्वतन्त्र
११.	पोतकुमारी जिसी	तित्याङ्	बाग्लुङ्	नेका
१२.	सकुन्तला कँडेल	तार्कुघाट	लम्जुङ	नेका
१३.	रेन्जेनठोकर लामा	चामे	मनाङ	नेका
१४.	छिछङ्डोल्मा लामा	ताचेपगुछाप	मनाङ	नेका
१५.	टीकालक्ष्मी केसी	सानुसिरूवारी	सिन्धुपाल्चोक	राप्रपा

सूचना श्रोतः- निर्वाचन आयोग

स्थानीय निर्वाचन २०५४ मा महिला प्रतिनिधित्व

दोस्रो स्थानीय निर्वाचन २०५४ मा देशभरका ३९१३ गाविसहरूबाट (मध्यपश्चिमाञ्चलका ४ जिल्लाका केही गाविसहरूबाहेक) २० जना गाविस अध्यक्ष महिला निर्वाचित भएका छन्। त्यस्तै १४ जना उपाध्यक्ष महिला निर्वाचित भएका छन्। २४० जना महिला वडा अध्यक्षहरू निर्वाचित भएका छन्। तर ५८ वटा नगरपालिका (१ महानगरपालिका, ४ उपमहानगरपालिका) वाट नगर प्रमुख, उपप्रमुख महिला निर्वाचित हुन सकेनन् भने ३ जना नगरपालिका वडा अध्यक्षहरू निर्वाचित भएको तथ्यांकबाट देखिएको छ। ७५ जिल्लामा कहीँ पनि महिला सभापति निर्वाचित भएका छैनन् भने १ जना उपसभापति भोजपुरबाट जयन्ती राई मात्र निर्वाचित हुनुभएको छ र जिविसहरूमा निर्वाचित र मनोनीत दुवै गरेर जम्मा ३६ जनामात्र भएको तथ्यहरूले देखाएका छन्।

स्थानीय निर्वाचन २०५४ मा विजयी महिला

तालिका - ९

निकाय	जम्मा	महिला	कैफियत
गाविस अध्यक्षहरू	३९१३	२०	यस तालिकामा जम्मा ३९१३ गाविस उल्लेख छन् । तर त्यसभित्र मध्यपश्चिमाञ्चलका केही जिल्लाका केही गाविसमा निर्वाचन हुनसकेको छैन।
गाउँ/नगर वडाअध्यक्षहरू	३५२१७	२४०/३	
महिला सदस्यहरू (गाउँ/नगर	३५२१७	३४४८	
नगरपालिका प्रमुख	५८		
नगरपलिका उपप्रमुख	५८		

जिविस सभापति	७५		
जिविस उपसभापति	७५	-	
निर्वाचित नपा सदस्य		५	
निर्वाचित जिविस सदस्य		३६	

सूचना श्रोत - २०५५ कार्तिक ३० सम्म निर्वाचत आयोगबाट प्राप्त तथ्याङ्क र इन्सेकमा प्राप्त तथ्याङ्कमा आधारित

२०५४ को स्थानीय निर्वाचनमा गाविस अध्यक्ष पदमा विजयी महिला

तालिका नं. १०

क्र. सं.	नाम	गाविस	जिल्ला	पार्टी
१.	सुश्री विद्या राई	होगुम	पाँचथर	एमाले
२.	श्रीमती महिम सुब्बा	बुढी मोरङ	धनकुटा	,,
३.	श्रीमती प्रेमकुमारी राई	छिनामस्खु	भोजपुर	-
४.	सुनितादेवी सिंह	मझौलिया	सिराहा	नेका
५.	श्रीमती शिवसतीदेवी यादव	डुमरी	,,	-
६.	सुश्री शान्ति राई	जलेश्वरी	खोटाङ	नेका
७.	किरणकुमारी यादव	मानपुर	सर्लाही	एमाले
८.	श्रीमती छिरिङडोमा शेर्पा	खुम्जुङ	सोलु	-
९.	गीतादेवीराय यादव	मानपुर	सर्लाही	एमाले
१०	नीमालप्की शेर्पा	वाम्दी	रामेछाप	एमाले
११.	श्रीमती गोमा दाहाल	मृगे	दोलखा	
१२.	हेमन्तीदेवी चौधरी	पोटियाही	रौतहट	एमाले
१३.	श्रीमती इनादेवी कुर्मी	इटिहामी	बारा	राप्रपा
१४.	टुल्कु तामाङ	साल्मे	नुवाकोट	एमाले
१५.	नरकुमारी गुरूङ	आरूखर्क	स्याङ्जा	एमाले
१६.	शिवा अधिकारी	सिसहानिया	दाङ	-
१७.	विजयलक्ष्मी राणा	पुरैनी	बाँके	-
१८.	सुश्री माया बिष्ट	चराङ	मुस्ताङ	स्वतन्त्र
१९.	पंचकुमारी न्यौपाने	कार्तिक स्वामी	जुम्ला	एमाले
२०.	कुसुमकला शाही	चिलखाया	कालिकोट	

सूचना श्रोत - २०५५ कार्तिक ३० सम्म निर्वाचत आयोगबाट प्राप्त तथ्याङ्क र इन्सेकमा प्राप्त तथ्याङ्कमा आधारित

२०५४ को स्थानीय निर्वाचनमा गाविस उपाध्यक्ष पदमा विजयी महिला

तालिका नं. ११

क्र. सं.	नाम	गाविस	जिल्ला	पार्टी
१	नीता बराल	हत्पते	सिन्धुली	नेका
२.	सुशीला खड्का (तामाङ)	बिजुलीकोट	रामेछाप	एमाले
३.	कलावतीदेवी चमार	टेग्राह्रा	रौतहट	एमाले
४.	श्रीमती इन्दु गुरूङ	शिवनगर	चितवन	नेका
५.	गोमा भुर्तेल	मेथिन्कोट	काभ्रे	एमाले
६.	ठूली तामाङ	समुन्द्रटार	नुवाकोट	एमाले
७.	विष्णुमाया गुरूङ	गाँस्खु	गोरखा	,,
८.	सुश्री जटिला तिवारी	चिती	लमजुङ	एमाले
९.	देउकला बराल	मुकुन्दपुर	नवलपरासी	,,
१०.	श्रीमती प्रभादेवी पौडेल	मोतिपुर	कपिलवस्तु	,,
११.	सुश्री राधिका पुन	पाण्डवखानी	बाग्लुङ	नेका
१२.	शकुन्तला जिसी	ओखरकोट	प्युठान	
१३.	इन्द्रा पुन	भकिन्ली	म्याग्दी	एमाले
१४.	श्रीमती अमृता खड्का	धुधुरकोट	अछाम	

सूचना श्रोत - २०५५ कार्तिक ३० सम्म निर्वाचत आयोगबाट प्राप्त तथ्याङ्क र इन्सेकमा प्राप्त तथ्याङ्कमा आधारित

निर्वाचित महिला सदस्यहरु (पार्टीगत रुपमा)

तालिका नं. १२

पार्टी	जम्मा	विजयी
नेकपा एमाले	३५२१७	१७७०७
नेपाली कांग्रेस.	३५२१७	१०४८८
राप्रपा	३५२१७	४१२०
सद्भावना	३५२१७	४२७
स्वतन्त्र तथा अन्य	३५२१७	१७०६
जम्मा		३४,४४८

तालिका नं. ४,५- सूचना श्रोत- २०५५ कार्तिक ३० गतेसम्म इन्सेकमा प्राप्त सूचना र निर्वाचत आयोगको तथ्यांकमा आधारित इन्सेक अभियान पूर्णांक २१, २०५४ असार

पासाङ ल्हामु संकल्पमा उल्लेखित सवालहरुका सम्बन्धमा महिला जनप्रतिनिधिहरुले चाल्नसक्ने कदमहरु

पासाङ ल्हामु संकल्पले सामाजिक न्याय तथा महिला पुरूषका समान अधिकारहरूलाई अँगिकार गर्ने सवालमा नेपालको संविधान तथा कानूनहरूमा लिंगको आधारमा भएका असमानताहरूलगायत् समसामयिक विषयहरूमा गहन विश्लेषण गर्दै नेपाली मुक्ति आन्दोलनका केही मार्ग निर्देशनहरू अगाडि सारेको छ। यस संकल्पले उठाएका सवालहरूको जनस्तरबाट महिला जनप्रतिनिधिहरूले चाल्नसक्ने आधारभूत सवालहरूलाई पनि संकेत गरेको छ।

संकल्पमा महिला आन्दोलन सामाजिक तथा राष्ट्रिय मुक्ति आन्दोलनकै एउटा अभिन्न अंग भएको स्वीकार गर्दै प्रजातन्त्रको संरक्षण र सम्वर्द्धन एवं मानवअधिकारको पूर्ण बहालीका लागि आधा जनसंख्या ओगट्ने महिलाहरूको सहभागितालाई अपरिहार्य ठहऱ्याएको छ। जसअनुसार महिलाविरूद्ध हुने सबै प्रकारका भेदभावविरूद्धको अभिसन्धि तथा महिलाहरूको राजनीतिक सहभागितासम्बन्धी अभिसन्धि कार्यान्वयनमा जोड दिनें र नेपालका राजनीतिक पार्टीहरूलाई उम्मेदवार उठाउने, राजनीतिमा महिला सहभागिता बढाउने र महिलाहरूका निम्ति न्यायपूर्ण कानून निर्माणका लागि नीति-निर्माणको तहमा समान महिला सहभागिता प्राप्ति गर्न संकल्पले प्रेरित गर्दछ। यस संकल्पले महिला हक, हित र सुरक्षासँग सम्बन्धित विषय र जनचासोका साझा सवालमा एकिकृत आन्दोलन गर्नेतर्फ अग्रसर हुन, महिला हक-अधिकार प्राप्त भनेको पुरूष हक अधिकार कटौती होइन तथा महिला पुरूषप्रति समान व्यवहारले मात्र समाजमा सन्तुलन कायम हुन र समाज अगाडि बढ्न सक्छ भन्दै समविकासको अवधारणालाई आफ्नो कार्यदिशाका रूपमा लिएको छ।

सरकार र सरकारी संयन्त्र, संसद राजनीतिक पार्टी तथा सर्वसाधारण सबै महिलाहरूका समस्याका विरूद्ध जागरण ल्याउन नेपाली महिलाहरूको राजनीतिक सहभागिता अभिवृद्धिका निम्ति बाधक रहेका सामाजिक प्रचलन, अन्धविश्वास तथा अशिक्षाका विरूद्ध "सामाजिक सचेतनताको राष्ट्रिय अभियान" को संचालन तथा संविधान र कानूनमा महिला र पुरूषका अधिकारहरूबीच रहेका असमानताहरूको निराकरण गर्दै उपयुक्त कानूनहरूको व्यवस्था गर्न दबाब सृजना गर्नुपर्ने कुरालाई संकल्पले जोड दिएको छ। त्यस्तै राजनीतिक पार्टीहरूमा महिला सहभागिता वृद्धि गर्न, आम महिलाहरूलाई राजनीतिप्रतिको चासो अभिवृद्धि गरिनुपर्ने, शहीद तथा बेपत्ता पारिएकाहरूका परिवारका सदस्यहरूको शिक्षा र रोजगारीको व्यवस्था गर्दै उनीहरूलाई राजनीतितर्फ अग्रसर हुन अभिप्रेरित गरिनुपर्ने जस्ता विषयहरू नै हाम्रो कार्यदिशा, कार्ययोजनाहरू रहेका छन्।

संकल्पले अगाडि सारेका तिनै कार्यदिशा र कार्य योजनाहरूका सम्बन्धमा हाम्रा महिला जनप्रतिनिधिहरूले गाउँदेखि केन्द्रसम्म विभिन्न कदमहरू चाल्न सक्नेछन् भन्ने इन्सेकको धारणा रहेको छ। राजनीतिमा नेपाली महिलाहरूको न्यून सहभागिताले गर्दा उत्पन्न विभिन्न समस्याहरूलाई मध्यनजर राख्दै यस संकल्पले आगामी दिनमा त्यस्तो कमी हुन नदिन केही ठोस विषयहरू हाम्रो सरोकारका लागि हाम्रा सामुन्ने राखेको छ। थोरै संख्यामा भए पनि विगतमा देशको प्रजातान्त्रिक आन्दोलनमा शहादत प्राप्त गर्ने महिला तथा पुरूषहरूको सम्मान, उनीहरूका परिवारको संरक्षणको उचित व्यवस्था र तत्कालीन सरकारले हरण गरेको सम्पत्ति फिर्ता गर्ने सवालमा महिला जनप्रतिनिधिले गहन भूमिका निभाउने हुन सक्नुपर्छ। नीति निर्माणका तहसम्म पुग्न राजनीतिमा रहेको वर्तमान महिला सहभागितालाई तल्लो निकायदेखि नै कम्तिमा २५ प्रतिशत अनिवार्य गर्दै जाने र महिलाका सम्बन्धमा असमान संवैधानिक एवं

कानूनी प्रावधान परिवर्तन गर्न अग्रसर रहिरहनुपर्ने हुन्छ। ५ प्रतिशत महिलालाई प्रतिनिधिसभाको निर्वाचनमा उम्मेदवार बनाइनुपर्ने प्रावधानलाई औपचारिकतामा मात्र रहन नदिन समन्यायको सिद्धान्त अपनाउने र राजनीतिमा सक्रिय रहेका महिलाहरूलाई त्यस कोटाभित्र बाँध्ने प्रवृतिलाई निरूत्साहित तथा अन्य गर्नुपर्छ। राष्ट्रिय सभाको निर्वाचनमा तथा मनोनीत हुने महिला सदस्य संख्यालाई कम्तिमा १५ प्रतिशत बनाइनुपर्नेतर्फ कदम चाल्नुपर्छ।

यिनै सन्दर्भमा महिलाहरूले भोग्नुपर्ने सबैखाले समस्याहरूको समाधानका निम्ति सर्वाधिकार सम्पन्न, शक्तिशाली र स्वतन्त्र महिला आयोगको गठन हुनुपर्ने, महिलालाई आत्मनिर्भर र स्वावलम्बी बनाउन सम्पत्तिमाथिको समान अधिकार उपयोग गर्न पाउने सरल र व्यवहारिक व्यवस्था गरिनुपर्ने कुरामा संकल्पले हामीलाई मार्ग निर्देशन प्रदान गरेको छ। त्यसैगरी सम्बन्ध विच्छेद गर्न बाध्य भएका महिलाहरूका सन्तानको संरक्षणको हैसियतले सन्तानले पाउने अंश संरक्षण गर्दै सन्तान बालिग नहुँदासम्म भोगचलन गर्न पाउनुपर्ने सवालमा संकल्पले हामीलाई प्रेरित गर्दछ।

हाल यस देशमा प्रचलित कतिपय कानूनमा नागरिकता प्राप्तिलगायतका कानूनमा रहेका असमान प्रावधानलाई हटाउँदै समानताको आधारमा महिलाहरूले नागरिकता पाउनुपर्ने व्यवस्थातर्फ, महिला हक-हितका नाममा रहेका राष्ट्रिय सम्पत्तिहरूको उपयोग महिलाहरूकै पक्षमा गराउन जोड दिने, चेलीबेटी बेचबिखनको समस्यालाई नियन्त्रण गर्न चेतना तथा रोजगारको व्यवस्था गर्न सम्बन्धित पक्षलाई प्रेरित गर्ने/गराउने सवालमा पनि हामी जनप्रतिनिधि महिलाहरूले सचेत भएर प्रभावकारी भूमिका निर्वाह गर्न सक्छौं। यिनै सवालका अतिरिक्त विभिन्न सरकारी र गैरसरकारी वा निजी क्षेत्रमा कार्यरत् महिलाहरूलाई पुरूषसरह क्रियाविदा तथा अन्य समाजमा विद्यमान कुप्रथाहरू धामी, झाँक्री, बोक्सी, बाल विवाह, बहुविवाह, अनमेल विवाह, जारी तथा महिलामाथि हुने सबै प्रकारका हिंसाका विरूद्ध समाजमा जागरण ल्याउन महिला जनप्रतिनिधिहरूले प्रत्यक्ष भूमिका निर्वाह गर्नुपर्ने कुरामा पनि संकल्पले बाटो देखाएको छ। महिला जनप्रतिनिधिहरूले स्थानीय विकास निर्माणमा आफ्नो आवश्यकता र महत्व दर्शाउँदै तथा उपलब्ध साधन श्रोतको उचित प्रयोग गर्दै/गराउँदै आफ्नो तर्फबाट प्रभावकारी कदम चाल्न सक्छन्। यिनै हाम्रा कार्यदिशा र कार्ययोजना सफलरूपमा गर्न प्रथम राष्ट्रिय महिला भेलाले "पासाङ ल्हामु संकल्प-२०५२" जारी गर्दै सम्पूर्ण महिला जनप्रतिनिधिलाई मार्ग निर्देशन प्रदान गरेको छ।

राजनीतिमा महिला सहभागितासम्बन्धी इन्सेकको अवधारण

मानवअधिकार र सामाजिक न्यायको क्षेत्रमा कार्यरत् संस्था इन्सेक महिला अधिकारलाई मानव अधिकारकै रूपमा परिभाषित गर्दै अगाडि बढिरहेको छ। यसै क्रममा इन्सेकले २०४९ सालदेखि नै महिला अधिकारका क्षेत्रमा विभिन्न किसिमका गतिविधिहरू संचालन एवं संयोजन गर्दै आइरहेको छ। इन्सेकको आयोजनामा २०४९ फागुनमा नेपालगन्जमा पहिलो पटक उत्पीडित महिला भेला सम्पन्न भयो र यसै भेलाबाट औपचारिकरूपमा इन्सेकले महिला अधिकारको सवाललाई जोड दिँदै आइरहेको छ।

देशको आधा जनसंख्याको रूपमा रहेका महिलाहरू आजसम्म पनि शिक्षा, चेतना, अवसर र अधिकारबाट वन्चित छन्। महिला हक, हित अधिकारको पक्षमा कुनै पनि कार्य गर्न र नीति निर्णय बनाउने क्षेत्रमा महिलाहरूको पहुँच नगण्य या त शून्य नै छ भन्दा पनि हुन्छ। यसै तथ्यलाई दृष्टिगत गर्दै महिलाहरूको सहभागिता र उन्नतिबिना समाज विकास र उत्थान असम्भव नै हुन्छ भन्ने इन्सेकको सोच रहेको छ। यही धारणाअनुरूप इन्सेकले "प्रजातन्त्रको मौलिकता : राजनीतिमा महिला सहभागिता" भन्ने मूल नारा अगाडि सार्दै राजनीतिक क्षेत्र नै सामाजिक विकासलाई प्रभावित पार्ने महत्वपूर्ण क्षेत्र हो

भन्ने ठानेर राजनीतिक क्षेत्रमा अत्याधिक मात्रामा महिला सहभागिता र पहुँच हुनुपर्छ, महिला सहभागिता र नेतृत्व भएका क्षेत्रहरूमा अपराधीकरण र अराजकता पनि नियन्त्रण हुन्छ भन्ने पनि मान्यता राखेको छ।

यसै अवधारणाअनुरूप इन्सेकबाट गरिने महिलासम्बन्धी कार्यक्रमलाई अझ व्यापक र विस्तार गराउने उद्देश्यले २०५२ वैशाखदेखि छुट्टै महिला विभागको गठन गरी त्यसै विभागको सक्रियतामा २०५२ चैत २८ गतेदेखि ३० गतेसम्म काठमाण्डौमा राष्ट्रिय महिला भेला सम्पन्न भयो। भेलामा विभिन्न राजनीतिक नेताहरू, स्वतन्त्र व्यक्तित्व, गैरसरकारी संस्थाहरू र पत्रकारहरूसमेत ६२ जिल्लाका करिब ३ सय महिलाहरूको सहभागिता रहेको थियो। महिलाहरूका साझा सवालमा एक भएर जानुपर्ने प्रतिबद्धता दर्शाउँदै उक्त भेलाले "पासाङ ल्हामु सकंल्प- २०५२" पारित गऱ्यो। मानव अधिकार महिला अधिकार हो र महिला भएकै कारण खोसिएका अधिकारहरू पाउनुपर्छ भन्ने मान्यतालाई संकल्पमा जोडदाररूपमा उठाइएको छ।

उक्त पासाङ ल्हामु संकल्पलाई आफ्नो कार्यदिशा ठान्दै इन्सेक महिला विभागले विभिन्न क्षेत्रमा महिलासम्बन्धी कार्यक्रमहरू अगाडि बढाएको छ। संकल्पमा उल्लेख गरिएअनुसार "नेपाली महिलाहरूको प्रचलन, अन्धविश्वास तथा अशिक्षाका विरूद्ध राष्ट्रिय अभियानको आवश्यकता भएकाले यस्ता प्रचलनविरूद्ध राष्ट्रिय अभियान संचालन गर्ने र यस्ता समस्याविरूद्ध सामाजिक जागरण ल्याउने उद्देश्यले देशको पाँचै विकास क्षेत्रमा महिला अन्तरक्रिया कार्यक्रमहरूसमेत सम्पन्न गरियो। यी समस्या समाधानका उपायहरूको खोजी गर्ने क्रममा अधिराज्यका पाँचै क्षेत्रमा जिल्लाका महिला प्रतिनिधिहरू माझमा क्षेत्रीय महिला भेला पनि सम्पन्न भइसकेका छन्। महिलाहरूलाई अगाडि बढ्ने प्रेरणा र परिस्थिति निर्माण गर्न विभिन्न क्षेत्रमा नीति निर्माण र निर्णयका सवालमा पनि महिलाहरूको अनिवार्य सहभागिता गराइनुपर्छ भन्ने मान्यता छ। राजनीतिक क्षेत्र, जसले समाजको हरेक क्षेत्रमा प्रभाव पार्छ, त्यस महत्वपूर्ण क्षेत्रमा महिला सहभागिता र महिला नेतृत्वको विकास गराइनुपर्छ, त्यसो भएमा राजीतिमा छाएको बढ्दो अपराधीकरण र विसंगतिमा पनि सुधार आउने आशा राखिएको छ। यसरी इन्सेक महिला विभागले विभिन्न क्षेत्रमा महिला सचेतनता र जागरणको कार्यक्रमहरू संचालन गर्दै आइरहेको छ।

इन्सेकबाट गरिएका महिला गतिविधिहरु

महिला अधिकार र मानव अधिकारलाई एकाकार गर्दै जाने क्रममा इन्सेकबाट विभिन्न समयमा भइरहेका महिलासम्बन्धी कार्यक्रमहरू :

१) उत्पीडित महिला भेला- २०४९

देशका आधा हिस्सेदार महिलाहरू हरेक किसिमले उत्पीडनमा परेको यथार्थलाई स्वीकार गर्दै इन्सेकबाट २०४९ फागुनमा नेपालगन्जमा उत्पीडित महिला मञ्चको आयोजना गरियो। कार्यक्रममा जारी प्रथाबाट पीडित महिला, कमैया महिला, देउकी, वादी समुदायका महिला, बधुँवा महिला, सिमेन्ट कारखाना, गलैंचा कारखानामा काम गर्ने महिला र राजनीतिपीडित तथा शहीद परिवारका समेत ४१ जना महिलाहरूको सहभागिता थियो। भेलाद्वारा

सहभागी महिलाहरूमा आशाको लहर, प्रेरणा र आत्मबल थपिएको अनुभूति भयो।

२) राजनीतिपीडित महिला भेला- २०५१

२०५१ माघ १७ गतेदेखि १९ गतेसम्म धनकुटामा पूर्वाञ्चलस्तरीय महिला भेला सम्पन्न भयो। यस भेलामा राजनीतिर्पाडित महिलाहरूको सहभागिता थियो र यसलाई राजनीतिर्पाडित महिला भेला भनिएको थियो। ३ दिन संचालन भएको उक्त भेलामा १११ जना राजनीतिपीडित महिलाहरूको सहभागिता थियो। भेलाले धनकुटा घोषणापत्र पारित गऱ्यो।

३) राष्ट्रिय महिला भेला- २०५२

२०५२ चैत २८ गतेदेखि ३० गतेसम्म देशका ६२ जिल्लाका झण्डै ३०० राजनीतिक महिलाका माझ इन्सेकले राष्ट्रिय महिला भेला सम्पन्न गरेर पासाङ ल्हामु संकल्प पारित गऱ्यो र सोही संकल्प नै इन्सेक महिला अधिकारको सवालमा मार्गदर्शक सिद्धान्त बन्न गयो।

४) क्षेत्रीय भेलाहरु

स्थान	मिति	सहभागी
सुदूरपश्चिमाञ्चल - धनगढी	२०५३ पुष ९-१०	११२ जना
मध्यपश्चिमाञ्चल-नेपालगंज	२०५५ वैशाख ८-१०	११७ जना
पश्चिमाञ्चल- पोखरा	२०५३ फागुन २५-२६	९० जना
मध्यमाञ्चल- चितवन	२०५४ पुष १-३	८० जना
पूर्वाञ्चल-विराटनगर	२०५४ पुष ९-११	९५ जना

५) क्षेत्रीय अन्तरक्रियाहरु

स्थान	मिति	सहभागी
सुदूरपश्चिमाञ्चल - धनगढी	२०५३ आश्विन १८	७५ जना
मध्यपश्चिमाञ्चल-नेपालगंज	२०५३ अश्विन १६	६० जना
पश्चिमाञ्चल- पोखरा	२०५३ आश्विन २२	६० जना
मध्यमाञ्चल- काठमाण्डौ	२०५४ पुष २	९५ जना
पूर्वाञ्चल-विराटनगर	२०५४ कार्तिक १३	३५ जना**अन्य**

अन्तरक्रियाहरु

- स्थानीय निर्वाचन २०५४ को सन्दर्भमा अन्तरक्रिया कार्यक्रम २०५४ जेठ ७ गते काठमाडौंमा भएको थियो, जसमा १५० जना सहभागी हुनुहुन्थ्यो।
- महिला जनप्रतिनिधि सचेतन राष्ट्रिय परामर्श गोष्ठी २०५५ जेठ ११-१५ गते काठमाडौंमा भएको थियो भने ५५ जनाले न्यस कार्यक्रमा भाग लिनुभएको थियो।

६) अध्ययन तथा अनुसन्धान

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), महिला विभागबाट महिलासँग सम्बन्धित विभिन्न विषयमा अध्ययन तथा अनुसन्धानको कार्य पनि हुँदै आएको छ। जसअनुसार-

- महिलाहरूको वैवाहिक स्थिति र त्यसबाट परेको प्रभावबारे अध्ययन र सर्वेक्षणका लागि विभिन्न जाति तथा समुदायलाई आधार मानेर हुम्ला, रसुवा, कन्चनपुर र सप्तरीका महिलाहरूबारे अध्ययन गरिएको।
- बधुँवा तथा कमैया महिलाहरूको समस्यालाई पहिचान गर्दै उनीहरूका माझमा कार्यक्रम लैजाने उद्देश्यले दाङ, बाँके, बर्दिया, कैलाली, कंचनपुरका महिलाहरूको अवस्थाबारे अध्ययन गरियो।
- नेपालको प्रजातान्त्रिक आन्दोलनमा प्रत्यक्ष या परोक्ष ढंगबाट महत्वपूर्ण भूमिका निर्वाह गरेर राजनीतिपीडितका रूपमा चिनिनुभएका महिलाहरूको क्विरण संकलन तथा सर्वेक्षण गरेर राजनीतिक महिला परिचय पुस्तक प्रकाशन गरियो।
- नेपालका कारागारभित्र रहेका महिला बन्दीहरूको अवस्था, घटना, मुद्दाको किसिम, कारण र समस्या पहिचान गर्ने उद्देश्यले जेलभित्रका महिला बन्दीहरूको विवरण संकलन तथा सर्वेक्षण गरेर "कारागारभित्र कारागार" नामक पुस्तक प्रकाशन गरियो।

७) महिला शहीद स्मृति पार्क तथा शालिक निर्माण

नेपालको प्रजातान्त्रिक आन्दोलनमा महिलाहरूले निर्वाह गरेको भूमिका र बलिदानीलाई सम्मान गर्दै २०४६ सालको जनआन्दोलनमा धनुषाको यदुकुहाका गोली प्रहारबाट शहादत प्राप्त गरेका तीन महिलाहरू- सोनावतीदेवी यादव, मुनेश्वरी यादव र जानकीदेवी यादवलगायत् एक पुरूष र एक बालकसमेतको शालिक निर्माण गरी शहीद पार्क बनाएर शहीदनगर यदुकुहा घोषणा गरी २०५५ कार्तिक २३ गते हजारौं जनसहभागीका माझ अनावरणसमेत भयो।

८) राजनीतिपीडितलाई टेवा

राजनीतिपीडित क्षेत्रमा महिलाहरूलाई विशेष महत्व दिने उद्देश्यले २०३५/३६ मा प्रशासनिक दमन र हत्या भएको क्षेत्र धनकुटाको छिन्ताङ र २०४० माघे संक्रान्तिमा प्रशासनिक दमन भएर हत्या भएको क्षेत्र सिन्धुपाल्चोकको पिस्करमा अग्रगतिमूलक कार्यक्रम संचालन भइरहेको छ। जसमा महिला तथा बालबालिकाका लागि औपचारिक शिक्षासमेत दिने व्यवस्था गरिएको छ। आयआर्जन र आर्थिक उन्नति गरेर शिक्षा र चेतनाको अवसरलाई प्रयोग गर्दै राजनीतिकरूपमा सक्रिय सहभागी हुन सकून् भन्ने उद्देश्यले बास्त्रापालन कार्यक्रम पनि संचालन गरिएको छ।

महिला जनप्रतिनिधि सचेतन कार्यक्रम

स्थानीय निर्वाचन २०५४ मा निर्वाचित महिलालाई सशक्त बनाउने र क्षमतावृद्धि गराउने उद्देश्यले अधिराज्यका ११ जिल्लामा महिला जनप्रतिनिधि सचेतन कार्यक्रम संचालन गरिँदै आएको छ। २०५४ आश्विन महिनादेखि सुरू गरिएको यस कार्यक्रमलाई नमूना कार्यक्रमको रूपमा चलाइएको छ। कार्यक्रम संचालन भएका गाविसहरूमा निर्वाचित र मनोनीत महिला जनप्रतिनिधिलाई विशेष महत्व दिइएको छ। सबै कार्यक्रम संचालन भएका गाविसहरूमा हरेक वडामा महिला सदस्यको नेतृत्वमा २५ देखि ३० जनासम्म महिलाहरूको समूह निर्माण गरेर मासिक छलफल कार्यक्रमसमेत हुने गरेको छ। यसै क्रममा गाविसमा हरेक महिना कार्यक्रम संचालिकाबाट प्रशिक्षण दिने गरिएको छ र त्यही विषयलाई सबै वडाका महिलामाझ लाने गरिन्छ। जसमा मानव अधिकार, महिला अधिकार, लैंगिक विभेद, कानूनी अवस्था, महिला स्वास्थ्य र सफाई, शिक्षाको महत्व, जनप्रतिनिधिहरूको भूमिका, काम, कर्तव्य अधिकार, विकासको परिभाषा, विकासमा महिला सहभागिता, श्रोत र साधनको परिचालन र स्वावलम्बनसम्बन्धी

अवधारणाहरू राखिएको छ। सबै कार्यक्रम संचालित गाविसहरूमा ३-३ दिनको महिला जनप्रतिनिधि नेतृत्व विकास प्रशिक्षण पनि सम्पन्न भइसकेको छ। प्रशिक्षणमा २५-३० जनासम्म गाविसका महिला जनप्रतिनिधि र अगुवा महिलाको उपस्थिति रहेको छ। उक्त ३ दिने आवासीय प्रशिक्षणले महिला जनप्रतिनिधिलाई क्षमता विकासको खुड्किलो चढ्न सहयोग पुऱ्याएको महसुस भएको छ। त्यसैगरी गाविसस्तरमा १०० देखि ३०० सम्म महिलाहरूको उपस्थितिमा १-१ दिनको महिला भेला पनि सम्पन्न भइसकेको छ। कार्यक्रम संचालित सबै गाविसमा महिला जनप्रतिनिधिको पहलमा ४०० देखि ५०० सम्म महिलाहरूको सहभागिता ८८ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस (२०५४ फागुन २५) मनाइएको र महिला जागरणको अभियान गाउँ-गाउँमा चलाइएको छ।

कार्यक्रमहरूको अर्को चरणमा महिला जनप्रतिनिधि नमूना प्रशिक्षण र अध्ययन भ्रमण कार्यक्रम राखिएको छ। जसमा २०५५ कार्तिक ३० देखि मंसिर ४ सम्म दाङ, रूपन्देही र पर्वतका ४५ जना सहभागीका माझ पोखरामा महिला जनप्रतिनिधि नमूना प्रशिक्षण कार्यक्रम र अध्ययन भ्रमण सम्पन्न भइसकेको छ। त्यसैगरी काभ्रे र नुवाकोटका महिला जनप्रतिनिधिका लागि धुलिखेलमा, चितवन, सिन्धुली र धनुषाका लागि धनुषामा र सुनसरी, धनकुटा र मोरङका महिलाका लागि विराटनगरमा यो प्रशिक्षण तथा भ्रमण कार्यक्रम राखिएको छ। यी कार्यक्रमहरूको माध्यमबाट महिला जनप्रतिनिधिहरूले आफ्नो भूमिका, काम, कर्तव्य बुझ्ने, जिम्मेवारी निरन्तरता प्रदान गर्न प्रेरित गर्नेछ भन्ने आशा राखिएको छ।

इन्सेकका भावी कार्यक्रम

- सदनमा सम्पत्तिसम्बन्धी विधेयक महिला हितका पक्षमा पास गराउन लवी गर्ने (पक्षमा ल्याउने)।
- संविधान र कानूनमा महिला र पुरूषका अधिकारहरूका बीच रहेका असमानताहरूको निराकरण गर्दै उपयुक्त कानूनको व्यवस्था गर्न दबाब सृजना गर्ने।
- निर्वाचित जनप्रतिनिधि महिलाहरूको राष्ट्रिय भेला गर्ने।
- देशका ७५ वटै जिल्लाबाट निर्वाचित र मनोनीत जनप्रतिनिधि महिलाहरूका माझ महिला सचेतनता र सशक्तिकरण कार्यक्रम संचलन गर्ने।
- देशका विभिन्न भागमा अज्ञानता र अशिक्षाको कारणले भाग्यलाई दोष दिएर उत्पीडनमा बाँचिरहेका महिलाहरूलाई मानव अधिकार शिक्षा र चेतनामूलक कार्यक्रम (भेला, अन्तरक्रिया, पोष्टर) को माध्यमबाट अधिकारप्रति सचेत र कर्तव्यप्रति जागरूक बनाउने।
- समाजमा विद्यमान महिलाप्रतिको परम्परागत अवधारणामा परिवर्तन गराउँदै महिलालाई सामाजिकरूपमा स्थापित गराउने।
- राजनीतिक र विकासका क्षेत्रहरूमा महिला सहभागिता वृद्धि गराउन विभिन्न राजनीतिक पार्टी, संघ-संगठन र सरकारसँग लवी गर्ने (पक्षमा ल्याउने काम गर्ने)।
- महिलाविरूद्ध भएका सबै किसिमका भेदभावविरूद्धको अभिसन्धि लागू गराउन सरकारलाई दबाब दिने।
- महिलाविरूद्ध भएका हिंसा, अत्याचार र भेदभावपूर्ण कानूनको विरूद्धमा पर्चा, पोष्टर, अन्तरक्रियाको माध्यमबाट दबाब सिर्जना गर्ने।
- महिलाहरूलाई राजनीतिक र सामाजिक क्षेत्रमा अगाडि बढेर नीति निर्माण र नेतृत्वमा जान

प्रेरित गर्ने।

- इन्सेकसँग आबद्ध रहेका सबै जिल्लाका संस्थाहरूबाट महिला नेतृत्व विकास तालिम दिइनेछ।
- जिल्लामा ३० जनाका दरले जम्मा १२०० सहभागी हुनेछन् ।

सन्दर्भ स्रोतहरु

१) शशी श्रेष्ठ- नेपाली महिला आन्दोलनको दिशासम्बन्धी केही कुरा

२) डा. राजेश गौतम- नेपालको प्रजातान्त्रिक आन्दोलनमा प्रजापरिषद्को भूमिका

३) मानवअधिकार वर्ष पुस्तक - १९९३- इन्सेक

४) मानवअधिकार वर्ष पुस्तक - १९९६ - इन्सेक

५) डा. मीना आचार्य- राजनीतिक पार्टीहरू र नेपाली महिला "राजनीतिमा महिला सहभागिता" राष्ट्रिय महिला भेला - २०५२ को प्रतिवेदन - इन्सेक

६) अस्मिता, अंक -२९, कार्तिक- २०५१

७) अस्मिता, अंक -३०, मंसिर - २०५४

८) महिला अधिकार, मानव अधिकार - इन्सेक - २०५३

९) सविता भट्टराई "स्थानीय निर्वाचन र महिला सहभागिता" महिला अधिकार-मानव अधिकार - इन्सेक २०५३

१०) लक्ष्मी कार्की- "शहीद परिवार र महिला सहभागिता" महिला अधिकार-मानव अधिकार - इन्सेक-२०५३

११) प्रतिभा सुवेदी- नारी आन्दोलन विविध क्षेत्रमा नेपाली नारी

१२) नेपालको जनक्रान्ति - २००७, भुवनलाल प्रधान - २०४७-२०४८

१३) डा. राजेश गौतम- नेपालको संवैधानिक इतिहास र राजनीति - २०५४

१४) राजेन्द्र गौतम - नेपाली महिला आन्दोलन र श्रमिक महिला दिवस - २०५१

१५) कमला पराजुली- "नेपाली महिलाको अवस्था" महिला सन्देश वर्ष १, अंक १ वैशाख - २०५४

१६) विद्या भण्डारी - "राजनीतिमा महिला सहभागिता" महिला मुक्ति वर्ष १८, अंक ७, साउन - २०५५

१७) शोभा ढुंगाना - पूर्ववत्

१८) कमला पराजुली- पूर्ववत्

१९) कमला पराजुली - "नेपाली राजनीतिक आन्दोलनमा शहादत प्राप्त गर्ने महिलाहरू" प्राची वर्ष ५, पूर्णाक २२, २०५४/५५, चैत वैशाख जेठ - २४, २६

२०) कमला पराजुली - "दोस्रो उत्पीडित महिला मञ्च, राजनीतिपीडित महिला भेलाको उद्देश्य र तयारीको सन्दर्भ"- इन्सेक २०५१

२१) लेखनाथ भण्डारी- मध्यावधि निर्वाचन २०४८ मा विजयी महिला सांसदहरू, अस्मिता, वर्ष ७, अंक ३०

२२) २०५२ फागुनमा इन्दिरा आचार्यसँग कार्यपत्र लेखकले लिएको अन्तरवार्ताबाट

२३) २०५२ फागुनमा साधना प्रधानबाट कार्यपत्र लेखकले लिएको अन्तरवार्ताबाट

२४) २०५२ माघमा मातृकाप्रसाद कोइरालासँग लिएको अन्तर्वार्ताबाट

२५) २०५२ मंसिरमा स्नेहलतासँग भएको लेखकको कुराकानीबाट

२६) सहाना प्रधानद्वारा विभिन्न स्थानमा विभिन्न मितिमा सम्बोधित भाषणबाट

कार्यपत्र पेश गरिसकेपछि सहभागीहरू र कार्यपत्र प्रस्तोताबीच छलफलका लागि ३० मिनेट समय तोकिएको थियो । जसअनुसार निम्न सहभागीहरूले आफ्ना जिज्ञासा राखेका थिए-

विना श्रेष्ठ- काठमाडौ जिविस सदस्य

- २०४८ सालको आमनिर्वाचनमा राप्रपाबाट उठ्ने व्यक्तिहरूका सम्बन्धमा जिज्ञासा
- तालिकाको कुल सदस्य संख्या २०५ भन्दा बढी भएको सम्बन्धमा ध्यानाकर्षण

वीना ज्ञवाली- बर्दिया जिविस सदस्य

- तालिकामा महिला जनप्रतिनिधिहरूको नाम गल्ती भएको सम्बन्धमा ध्यानाकर्षण
- नेपाली महिला आन्दोलनमा देखिएको विरोधाभाष, तत्कालीन सामन्त विरोधी आन्दोलनमा सक्रिय ठूलानानी बज्यैको बारेमा विस्तृत जानकारीको माग

लक्ष्मी पराजुली - इलाम नपा, वडा अध्यक्ष

- इलामको ठूल्नानी बज्यैसम्बन्धी थप जिज्ञासा

भागीरथी प्रधान, गुल्मी जिविस सदस्य (मनोनीत)

- ०५४ सालको निर्वाचनमा महिला सदस्य ७ जना विजय भएको भनेर २१ औं शताब्दीले निकालेको छ, त्यो पनि कार्यपत्रमा राख्न अनुरोध

तेजकुमारी न्यौपाने, जुम्लाकी गाविस अध्यक्ष

- नामहरू गल्ती भएकाले सच्याउन र आगामी पटकदेखि यस्तो कार्यमा सतर्कता अपनाउन अनुरोध
- २००८ सालको किसान आन्दोलनमा बर्दियामा शहादत प्राप्त गर्ने कोइली थरूनीको नाम उक्त कार्यपत्रमा राख्नु आवश्यक भएको विचार व्यक्त।

कमला अधिकारी, बर्दिया डेउडाकला गाविस, वडा अध्यक्ष

- महिलाहरू राजनीतिमा सहभागी हुँदा जेल बस्ने महिलाहरूको नामावली तथा अवधि राख्न अनुरोध
- बर्दिया जिल्लामा प्रहरीहरूसँग (सुकुम्बासीलाई हटाउन खोज्दा) पेस्तोल खोसेर प्रहरीविरूद्ध लडेका थिए, ती महिलाहरू अहिले पनि जीवित छन्। तिनीहरूलाई उल्लेख गर्ने कार्य पनि भए राम्रो हुने
- महिलाहरू कति वर्षसम्म जेल बसे, कति दुःख गरे जस्ता कुराहरूलाई पनि समावेश गर्दा राम्रो। जस्तैः किसान आन्दोलनमा किसानहरू भागिसकेपछि महिलाहरूले प्रहरीलाई भगाएका थिए, त्यस्ता प्रशंसनीय कुरालाई समावेश गर्न सकिए राम्रो हुने

टुका हमाल, लमजुङ जिविस सदस्य

- तार्कुघाट गाविसको तथ्यांक तथा नाम कार्यपत्रमा गल्ती रहेकाले सच्याउन अनुरोध

कार्यपत्र प्रस्तोताद्वारा जवाफ

- आफूले निर्वाचन आयोगलाई आधार मानी तथ्यांक पेश गरेको तर प्राप्त तथ्यांक नै अन्यौल सिर्जना गर्ने खालको भएकाले समस्या सिर्जना भएको हो। सुझावलाई हामी ग्रहण गर्नेछौं।
- कयौं कुराहरूमा कमजोरी पक्कै छ, समय, पर्याप्त सन्दर्भ सामाग्रीको अभाव र कतिपय इतिहासमै कुराहरू बाझिने खालका भएकाले यसमा गहन विचार पुऱ्याउनुपर्ने देखिएको छ, जुन कुरालाई सकारात्मक पक्षका रूपमा मैले लिएको छु।
- थापा र चन्दले अलग अलग महिला उम्मेदवारी दिएका थिए। तर यहाँ एउटैमा समावेश गरेकाले बढी भएको जस्तो देखिएको मात्र हो। तथ्यांक गलत छैन।
- बर्दियाको किसान आन्दोलनको प्रसंगलाई समावेश गर्ने प्रयास गरिनेछ। कोइलीदेवी थरूनीले शहादत प्राप्त गरेको थाहा थिएन। यसलाई समावेश गर्नेछु।
- यहाँहरूका उचित सुझावहरूलाई मनन गरी सुधार गर्ने प्रतिबद्धता यहाँहरूसमक्ष व्यक्त गर्न चाहन्छु।

कार्यपत्र पेश र सहभागी-प्रस्तोताबीच छलफलपछि सहभागीहरूलाई विभिन्न समूहहरूमा विभाजित गरी समूह समूहमा छलफल गराउने योजनाअनुरूप सहभागीहरूलाई विभिन्न ६ समूहमा विभाजन गरी छलफल गराइएको थियो। उनीहरूबीच छलफल गर्न सजिलो होस् भन्ने हेतुले एक जना सहजकर्ताका साथै छलफलको मुख्य विषयहरू पनि निर्धारण गरिएको थियो। जसअनुसार पहिलो कार्यपत्रपछि भएको समूह छलफलले निम्न निष्कर्ष निकालेको थियो।

पहिलो दिनको छलफलद्वारा निकालिएका निष्कर्षहरु

समूह नं. १

सहजकर्ता : श्रुति रेग्मी

केन्द्रित विषय : महिला सहभागितामा देखिएका समस्याहरु

घरायसी समस्या : महिलाहरूलाई घरको विभिन्न कामहरूले गर्दा घरायसी समस्या आइपर्छ। जस्तैः खाना बनाउनेदेखि लिएर घाँस, दाउरा, वस्तुभाउ आदिसमेत गर्नुपर्छ।

शिक्षाको कमीः अन्धविश्वास र रूढीवादी समस्या, चेतनाको कमी

- जातीय भेदभाव।

- आर्थिक अधिकारबाट वञ्चित
- आत्मनिर्भर नहुनु।
- कुनै काम गर्दा महिलाहरूले प्रोत्साहन नपाउनु।
- महिलाहरूको क्षमता अभिवृद्धि हुनेखालका कार्यक्रमहरू संचालन नगरिनु।
- हरेक निर्णयमा महिलाहरूको आवाज मान्य नहुनु।



- क्षमता हुँदाहुँदै पनि महिलाहरू बेरोजगार हुनु।
- स्वास्थ्यसम्बन्धी विभिन्न समस्याहरू देखा पर्नु।
- नीति निर्माणको क्षेत्रमा महिलाहरूले अवसर नपाउनु।
- महिलाहरूले कुनै पनि ठाउँमा सुरक्षा नपाउनु।

यस समूहकी प्रमुख गीता आचार्य

सहभागीहरूको नाम

१) विजया घिमिरे
२) विद्या राई
३) मिरा केसी
४) साइँली तामाङ
५) सावित्री मल्ल
६) संगीता राई
७) लिलामाया सुब्बा
८) उषादेवी चन्द
९) भागादेवी बोहोरा
१०) पद्मा घिमिरे
११) तारा ढकाल
१२) कमला ज्ञवाली
१३) भीमकुमारी सावत
१४) विष्णु गजुरेल
१५) शारदा मिलुवा

समूह नं. २

सहजकर्ता : सवनम शर्मा

केन्द्रित विषय : महिला जनप्रतिनिधिहरुले के-के काम गर्नुपर्छ ?

- महिलाहरूको समस्या बुझ्ने र समाधान गर्ने।
- नागरिकताको सिफारिश गर्ने।
- क्षमता र दक्षताले पाएको पदको बहन गर्ने।
- वार्डहरूको रचनात्मक कामदेखि लिएर विकास निर्माणको जुनसुकै काम पनि बहन गर्नुपर्ने।

- निष्पक्ष भएर कुनै पनि पार्टीको समस्या हो भनेर नपन्छिने।
- आय आर्जन, शीपमूलक कार्यहरू गर्नुपर्ने।
- प्रौढ शिक्षा, साक्षरता तथा संचेतना कार्यक्रमहरू संचालन गर्ने।
- श्रमदानमा विशेष जोड दिने।
- लागूपदार्थ निषेधमा जोड दिने र रोजगारको व्यवस्था गर्ने।
- घरेलु हिंसा, यौन शोषणविरूद्ध आवाज उठाउने।

- कु-संस्कार, कुरीति, झुमा, बालविवाह, बहुविवाह, देउकी प्रथा, कमैया प्रथा आदिको समाधानका लागि सशक्त आवाज उठाउने।
- असहाय, विधवा, वृद्ध भत्ता र नागरिकता बनाउन सहयोग गर्ने।
- महिलाहरूलाई हरेक क्षेत्र जस्तोः गोष्ठी, बैठक भेला, तालिमहरूमा समानरूपले सहभागी बनाउने।
- बजेट निर्माण गर्दा महिला विकासका लागि पनि बजेट माग गर्नुपर्छ।
- सम्बन्धित संघ-संस्थाहरूसूग सम्पर्क राख्ने।
- जातीय संस्कार हटाउनका लागि प्रतिनिधि महिलाहरूले पहल गर्नुपर्ने।
- कानूनी प्रशिक्षण दिने व्यवस्थाको माग गर्ने।
- स्वास्थ्यमा विशेष जोड दिने (विशेषगरी परिवार नियोजन) ।
- महिला हित र विकासका लागि शिक्षा अति आवश्यक भएको हुँदा शिक्षामा बढी जोड दिने।

यस समूहकी प्रमुख कमला अधिकारी

सहभागीहरूको नाम

१) मनमाया बस्नेत
२) अमृता खड्का
३) उषा पोखरेल
४) भागिरथी प्रधान
५) लक्ष्मी पराजुली
६) हिरादेवी पौडेल
७) गीता अधिकारी
८) नन्दा शर्मा
९) कमला न्यौपाने
१०) आशा सुब्बा
११) मीना रावत
१२) शान्ति अधिकारी
१३) शारदा श्रेष्ठ
१४) नैनकला ओझा
१५) अम्बिका थापा
१६) कमला अधिकारी
१७) देउकला बराल

समूह नं. ३

सहजकर्ता : कविता अर्याल

केन्द्रित विषय : महिला जनप्रतिनिधिहरूको भूमिका अझ राम्रो बनाउन महिलाहरूले के गर्नुपर्छ?



जनप्रतिनिधि भन्नाले गाविसको हकमा जनप्रतिनिधि भनेका कुनै पनि गाविसको निश्चित क्षेत्रमा बसोबास गरेका १८ वर्ष उमेर पुगेका नेपाली नागरिकद्वारा बालिग मताधिकारको आधारमा निर्वाचित भन्ने बुझिन्छ र जिल्ला विकासको हकमा जुन गाविसमा निर्वाचित भएका प्रतिनिधिहरूद्वारा निर्वाचित हुने पदाधिकारीलाई जनप्रतिनिधि भनिन्छ।

आजका नेपाली महिलाको सन्दर्भमा बढीभन्दा बढी राजनीतिक महिला सहभागिता गराउने अभिप्रायले अध्यादेशद्वारा विधेयक जारी गरियो। जसअनुसार २०५४ को निर्वाचनमा महिलाहरूलाई स्थानीय निकायको नीति-निर्माणमा भाग लिने मौका मिलेको छ। यस दायित्वलाई पूरा गर्न आफ्नो क्षमता विकास अत्यन्त जरूरी छ।

जनप्रतिनिधि महिलाहरुको भूमिका

–. नेपाली महिलाहरूको शैक्षिक अवस्था :

क) २०४८ सालको तथ्यांकअनुसार १८ प्रतिशतमात्र नेपाली महिला साक्षर रहेकाले सम्पूर्ण महिलाहरूलाई साक्षर हुनसक्ने बनाउनुपर्छ।

ख) समाजमा छोरीलाई पढाउनुपर्छ भन्ने दायित्वबोध गराउने।

ग) साक्षरता अभियानमा सरकारी तथा गैह्रसरकारी संघ/संस्थाबाट समन्वय गराउने

घ) महिलाहरूमा पढ्नुपर्छ भन्ने इच्छा जागृत गर्ने।

– नेपाली महिलाहरूको सामाजिक अवस्था

क) छोरा/छोरीबीचको असमानता हटाई लैंगिक विभेद हटाउन पहल गर्ने।

ख) दाइजो प्रथा खारेज गर्न पहल गर्ने।

ग) बहुविवाह गर्ने व्यक्तिलाई सामाजिक दण्ड दिने र कानूनीरूपमा कडा सजायका लागि विधेयक ल्याउन माग गर्ने।

घ) बलात्कारीहरूलाई ठोस प्रमाण जुटाई कम्तिमा १० वर्ष सजाय दिइने व्यवस्था छ यसलाई प्रभावकारी व्यवहारमा लागू गराउन जनदबाब सिर्जना गर्ने र प्रहरी प्रशासनमा निगरानी राख्ने

ङ) मदिरा र तास जस्ता जुवाका साथै अन्य विकृतिका विरूद्ध पहल गर्ने।

च) बेचबिखन तथा अन्य आपत्तिबाट अलपत्र महिलाहरूलाई समाजमा स्थापित गराउने।

छ) परम्परागत रूढीवादीहरूलाई तोड्न समाजमा महिला आफैले सक्रिय भूमिका खेल्नुपर्ने।

- राजनीतिक अवस्था

क) राजनीति गर्नु भनेको राज्यको कुनै निकायमा रहेर नीति निर्माण गर्नु हो। त्यसकारण राजनीतिको बारेमा यस्ता भेला गोष्ठीले ठूलो भूमिका खेल्ने भएकाले यस्ता गोष्ठीको आयोजना गर्ने।

ख) मताधिकारको बारेमा सचेत गराउने र मतउपयोगको बारेमा हौसला प्रदान गर्ने।

ग) भेला र बैठकको बारेमा आफ्नो मत जाहेर गर्न सक्ने र निर्णय लिन सक्ने बनाउन राजनीतिक व्यक्तित्वको जीवनी, संघर्षका घटना र सफलताका उदाहरण जस्ता उत्साह दिने र विकास निर्माणमा सहभागी गराउन अभिप्रेरित गर्नेखालका सामाग्रीद्वारा सबैलाई निपुण पार्ने ।

- आर्थिक अवस्था

क) मानिसको दैनिक निर्वाहका लागि आवश्यक पर्ने सामाग्री जुटाउन चाहिने वस्तु नै आर्थिक सवाल हो। त्यसमा पनि नेपाली महिलाको त न टेक्ने ठाउँ छ, न त समाउने हाँगो नै। यस्तो अवधारणा अंगाल्दै छोरासरह पैतृक सम्पत्तिमा छोरीको पनि अधिकार हुनुपर्दछ भनी आर्थिक आन्दोलनतिर अभिप्रेरित गर्ने।

ख) परिवारिक आर्थिक कारोवारमा महिला सहभागिता हुनुपर्ने।

ग) साना तथा घरेलु उद्योग संचालन गर्न विभिन्न निकायबाट ऋण उपलब्ध गराई आवश्यक सल्लाहसमेतको व्यवस्था हुनुपर्ने।

- कानूनी अवस्था

नेपाल अधिराज्यको संविधान २०४७ को विभिन्न भाग, धारा र उपधाराहरूमा महिला अधिकारको सवाल आफैंमा बाझिएको पाइएको छ। छोरा-छोरी, जात-जाती, धर्म आदिको आधारमा भेदभाव गरिने छैन भनिएको तर अधिकार दिएको छैन, जस्तै सम्पत्तिहरू, बहुविवाह आदि जस्ता उदाहरणलाई यसबापत लिन सकिन्छ।

माथि उल्लेखित काम पूरा गर्नसकेमा जनप्रतिनिधि महिलाको भूमिकाले सशक्तिकरणलाई टेवासमेत पुऱ्याउनेछ भन्ने हाम्रो धारणा छ।

उल्लेखित सबै विषय र सन्दर्भ पूरा गराउनका लागि तथा न्यायोचित ढंगले समतामूलक समाज निर्माण गर्ने दिशातर्फ उन्मुख हुने वातावरण तयार पार्न महिलाहरू संघर्षशील हुनु जरूरी छ। यस्तो संघर्ष

नारावाद भन्दा पनि समाज जागरणवादका लागि आवश्यक छ।

यस समूहकी टोली प्रमुख तुलसा धिताल

यस समूहका सहभागीहरु

१) शिवसतिदेवी यादव
२) शारदा कोइराला
३) तुलसा धिताल
४) निर्मला इजम
५) गितादेवी घिमिरे
६) चिउडे लामा
७) देवका कार्की
८) हिरादेवी पौडेल
९) तारा योगी
१०) सरिता जिसी
११) भीमा रेग्मी
१२) शारदा उपाध्याय
१३) विना ज्ञवाली
१४) फूलमाया तामाङ
१५) भक्तमाया राना
१६) पद्मा घिमिरे
१७) सुशीला नेपाल
१८) कुमारी तामाङ

समूह नं. ४

सजहकर्ता : उषा थपलिया

केन्द्रित विषय : महिलाहरुको नेतृत्वदायी भूमिका बढाउन सरकारले के गर्नुपर्छ ? राजनीतिक पार्टीहरुले के गर्नुपर्छ ?, परिवारले के गर्नुपर्छ?, समाजले के गर्नुपर्छ ?

सरकारले गर्नुपर्ने भूमिका

- महिला कार्यक्रम संचालनका लागि आर्थिक स्रोत जुटाउने वा छुट्टै बजेट विनियोजन गर्नुपर्ने।
- निर्णायक तहमा महिला अनिवार्य संलग्न हुने खालको नियम बनाउनुपर्ने।
- महिला सदस्यले पनि वडा अध्यक्षसरह अधिकार पाउनुपर्ने।
- विवाहित महिलाहरूले पनि बाबुको नाताद्वारा नागरिकता पाउनुपर्ने।
- आमाको नाताद्वारा पनि नागरिकता प्राप्त हुनुपर्ने व्यवस्था गरिनुपर्ने।

राजनीतिक पार्टीहरुले गर्नुपर्ने ।

- सुरक्षित सिटबाहेक अन्य सिटहरूमा पनि महिला उम्मेदवारको संख्या बढाइनुपर्ने।
- भातृसंघ/संगठनहरूमा मात्रै नभएर केन्द्रीय स्तरमा पनि महिला संख्या बढाइनुपर्ने।

- कमजोर स्थिति भएका स्थानहरूमा मात्र महिलाहरूलाई टिकट दिने परिपाटीको अन्त्य गरिनुपर्ने।

परिवारले गर्नुपर्ने

- पुरूषहरूले पनि घरायसी कामको जिम्मेवारीको साझेदारी गर्ने।
- महिलाहरूको कामप्रति व्यवधान खडा गर्नुको साटो सहायता प्रदान गर्नुपर्ने।

समाजले गर्नुपर्ने

- महिलामाथि हेर्न दृष्टिकोणलाई परिवर्तन गर्नुपर्ने।
- कुरीतिका कारण महिलामाझ देखापरेका अप्ठ्याराहरूलाई बुझिदिने र ती अप्ठ्याराहरू समाधानका लागि कदमहरू चाल्ने।
- महिलामाथि विविध लाञ्छनाहरू लगाउने परिपाटी अन्त्य गर्नुपर्ने।
- समाजबाट हतोत्साह हैन, प्रेरणा प्रदान गरिनुपर्ने।

यस समूहकी टोली नेता विन्दा ढुंगाना

यस समूहका सहभागीहरू

१) मन अधिकारी,
२) लीला केसी,
३) धनमाया चिनौरे,
४) विमला घिमिरे,
५) वसन्ती भण्डारी,
६) विष्णुमाया घले,
७) पार्वती यादव,
८) पुष्पा भुषाल,
९) दुर्गा सुवेदी,
१०) तारा श्रेष्ठ,
११) तेजकुमारी न्यौपाने,
१२) कमला थापा,
१३) बालकुमारी थापा,

समूह ५

सहजकर्ता : जयन्ती श्रेष्ठ

केन्द्रित विषय : महिलाहरूका लागि विशेष शिक्षा कार्यक्रम आवश्यक छ ? छैन ?, छैन भने किन र छ भने किन ?

निष्कर्ष : छ।

- छोरा छोरीमा भेदभाव विद्यमान रहेकाले हटाउन
- कुनै पनि काम राम्रोसँग सम्पादन गर्न शिक्षाको जरूरत पर्ने भएकाले
- कार्यक्षेत्रमा आइपर्ने विभिन्न समस्याहरू समाधान गर्न।
- परिवारमा बढी जिम्मेवारी भएका कारण
- आर्थिक कमजोरीका कारण
- शिक्षाको कमीले जनसंख्या वृद्धि भइरहेका कारण

कस्तो खालको शिक्षा आवश्यक छ त ?

- प्रौढ शिक्षा (महिलाका लागि)

- चेलीबेटी शिक्षा
- चेतनामूलक तथा आयमूलक शिक्षा

वर्तमान अवस्थाको शिक्षा महिलाका लागि फाइदाजनक छ कि छैन ?

निष्कर्ष : मात्र साक्षर बन्नका लागि फाइदाजनक छ तर पूर्णरूपमा फाडदाजनक छैन।

कस्तो हुन आवश्यक छ?

- प्राविधिक र व्यावहारिक शिक्षा प्रणालीको आवश्यकता
- यसलाई व्यापकरूपमा लागू गरिनुपर्छ।

शिक्षामा भेदभाव छ कि छैन ?

भेदभाव व्यापक छ।

- लैंगिक भेदभाव
- जातीय भेदभाव

त्यस्तो भेदभाव अन्त्य गर्न के गर्नुपर्छ?

- चेतनास्तर उकास्नुपर्छ।
- भेदभावरहित नियम कानून बन्नुपर्छ।
- व्यावहारिक शिक्षा प्रणालीको आवश्यकता छ।

यस समूहकी टोली नेता शीला कतिला

यस समूहका सहभागीहरु

१) अन्नमाया मगर	६) देउरूपा वि.क.	११) माया पौडेल	१६) विमला कार्की
२) शान्ति राई	७) टुका हमाल	१२) मञ्जुदेवी भट्ट	१७) चिरीमैया महर्जन
३) शोभा भण्डारी	८) हिमकुमारी खड्का	१३) प्रेमा पौडेल	१८) फूलमाया लामा
४) लोकमाया भट्टराई	९) पाउसरा थापा	१४) शीला कतिला	१९) दिलकुमारी गुरूङ
५) मिठू पौडेल	१०) सुशीला आचार्य	१५) गिता तिमिल्सिना	

समूह नं. ६

सहजकर्ता : शकुन्तला बराल

केन्द्रित विषय : महिला सहभागिता बढाउन इन्सेकबाट थप के-कस्ता कार्यक्रमहरु हुनु आवश्यक छ ?

- जनचेतना वृद्धि गर्ने खालको कार्यक्रम गर्ने।
- शीपमूलक कार्यक्रम ल्याउने, जस्तै सिलाई, बुनाई।

- जिल्ला-जिल्लामा गएर महिलाहरूलाई कानून सम्बन्धमा विभिन्न कार्यक्रम र गोष्ठीद्वारा सूचित पार्ने।
- राष्ट्रिय/अन्तर्राष्ट्रिय अभिसन्धिमा आधारित कार्यक्रमलाई महिला, पुरूष समान सहभागी बनाउने
- पशुपालनसम्बन्धी तालिम, गोष्ठी आदि गराई प्रशिक्षित पार्ने।
- महिलाहरूको पछौटेपन हटाउने खालको कार्यक्रम ल्याउने।
- सिचाईंका लागि पानीको व्यवस्था, समूह गठन गरेर जे. टि. ए. उपलब्ध गराई कृषि उत्पादन वृद्धि गराउनुपर्ने।
- असहाय केन्द्र आवश्यकताअनुसार खोलिनुपर्ने।
- आवश्यकताअनुसार ठाउँ-ठाउँमा स्कूल र स्वास्थ्य चौकीको व्यवस्था हुनुपर्ने। विषालु सर्प, जनावर आदिले टोकेको उपचार गाउँकै स्वास्थ्य चौकीमा व्यवस्था हुनुपर्ने।
- सुकुम्बासी समस्याको समाधान हुनुपर्ने।
- राष्ट्रिय स्तरमा भएका विद्यालयमा आवश्यक शिक्षक सरकारले व्यवस्था गर्नुपर्ने।
- सम-विकासको अवधारणालाई विकास गर्नुपर्ने कार्यक्रम ल्याउनुपर्ने।
- राज्यले निर्माण गरेका नीति-नियम तथा निर्णयहरूलाई व्यावहारिकरूपमा कार्यान्वयन गर्ने।

राज्यलाई दबाब सिर्जना गर्ने ।

- गाउँघरमा भएका हिंसात्मक घटनाहरूलाई इन्सेकले गम्भीरतापूर्वक सोचेर नियन्त्रणका लागि प्रयास थाल्नुपर्ने ।

यस समूहकी प्रमुख रामशोभा राई

यसका सहभागीहरू

१) लालमाया राई,
२) रामशोभा राई,
३) पार्वती बुढाऐर,
४) लिला केसी,
५) विष्णु लवट,
६) माया पौडेल,
७) विष्णु पौडेल
८) दुर्गादेवी धामी,
९) राजकुमारी गुरूङ,
१०) चन्द्रकला पाठक,
११) लक्ष्मी बाँस्कोटा,
१२) तुलसी श्रेष्ठ,
१३)जगतारैनदेवी साह,
१४) लक्ष्मी पारन,

दोस्रो दिन

कार्यक्रमको दोस्रो दिन नेकपा एमालेका स्थायी समिति सदस्य तथा सांसद प्रदीप नेपालले सहभागीहरूबीच स्वायत्त शासन र स्थानीय निकायमा महिलाहरूको भूमिका विषयक कार्यपत्र पेश गर्नुभयो। यो कार्यक्रम उषा थपलियाले संचालन गर्नुभएको थियो ।

" स्वायत्त शासन र स्थानीय निकायमा महिलाहरूको भूमिका "

- प्रदीप नेपाल

१. विषय प्रवेश :

समकालीन विश्वमा प्रजातन्त्र भन्दा एउटा निश्चित वर्गीय आधारमा चल्ने, निश्चितखालको प्रणाली बुझिन्छ। शासन सत्तामा ठूला पूँजीपति र ठूला जमिन्दारहरूको नियन्त्रण रहने, अन्तर्राष्ट्रिय पूंजीवादले मुलुकको अर्थतन्त्रमाथि नियन्त्रण राख्ने, मुलुकको अर्थतन्त्र नकारात्मक दिशातिर बढ्ने र त्यसले समाजको ठूलो हिस्साको स्वार्थलाई अस्वीकार गरेर मुठ्ठीभर मानिसहरूको हितरक्षा गर्ने राजनीतिक आर्थिक प्रणाली भएको व्यवस्थालाई आमरूपमा प्रजातान्त्रिक व्यवस्था भन्ने गरिन्छ। जनताको सार्वभौम हित नगर्ने हुनाले र जनताको बहुसंख्याको स्वार्थलाई आफ्नो स्वार्थ बनाउन नसक्ने हुनाले नै कथित प्रजातन्त्रमा गंभिर कमजोरीहरू विद्यमान छन्। यी कमजोरीहरूमध्येको एउटा (जनतालाई सशक्तिकरण गर्ने प्रकृयाको विपक्षमा उभिएर जनतालाई निरन्तर कमजोर बनाइरहने) सोच प्रजातन्त्रको सबैभन्दा ठूलो कमजोरी हो। प्रजातन्त्र तिनै कुराहरू मात्र जनतालाई दिन चाहन्छ, जुन कुराको प्रत्यायोजनले त्यसको निजी स्वार्थमा आघात पुग्दैन । त्यसै हुनाले प्रजातान्त्रिक प्रणाली, समाज विकासको अन्तिम लक्ष्य होइन। प्रजातन्त्रले जीवनलाई सबैथोक दिने ग्यारेण्टी गर्न नसक्ने हुनाले त्यो मानव सभ्यताको सर्वोत्कृष्ट व्यवस्था पनि होइ । केही राम्रा र केही नराम्रा पक्षहरूको संयोजनमा रूमल्लिएको प्रजातन्त्रमा जनताको आधारभूत काम भनेको संघर्ष नै हुन्छ। संघर्षलाई त्यसको सही अर्थमा बुझ्न नसक्नेहरूले संघर्षको नकारात्मक चित्रण बढी गर्छन्। यहा संघर्ष भन्नाले सामाजिक अग्रगतिका लागि समाजका सबै पक्षको सहभागिता भन्ने बुझिनुपर्छ। यथास्थितिवादको विरूद्धमा गतिशील समाजको स्थापना भन्ने बुझिनुपर्छ।

सामान्य परिभाषामा प्रजातन्त्रले शक्तिलाई विधायिका, न्यायपालिका र कार्यपालिकामा विभाजित गर्दछ। यी कामकाजी निकाय मात्र हुन् भन्ने प्रजातन्त्रको परिभाषा हुन्छ । यस्ना कुनै पनि संस्थाहरूलाई प्रजातन्त्रले शक्तिको श्रोत मान्दैन। जनतालाई त्यसले सार्वभौम मान्दछ र जनतालाई नै शक्तिको श्रोत पनि ठान्दछ । त्यसैले व्यवस्था संचालन गर्नेहरूले जनताबाट स्वीकृति लिनुपर्दछ र त्यो स्वीकृति एकपटक मात्र होइन, आवधिक हिसावले पटक पटक लिनुपर्दछ भन्दछ।

झट्ट सुन्दा अत्यन्तै सुन्दर लाग्ने यो परिभाषाले आफैंभित्र पनि केही अन्तरविरोधहरू समेटेको छ। जनताको सार्वभौमिकतालाई ग्यारेण्टी गर्ने आधारहरू के हुन् ? जनताले निर्वाचित गरेकाहरूले जनताको हितअनुकूल काम गरेनन् भने के हुन्छ ? राज्य संचालन गर्नेले या कानून बनाउनेले या कानून लागू गर्नेले जनताको स्वार्थअनुकूल काम गरिरहेका छन् भन्ने ग्यारेण्टी कसले गर्छ ? कामको जिम्मा

लिएकाहरूले सही ढंगले काम गरेनन् भने तिनलाई सार्वभौम सत्ता सम्पन्न जनताले कसरी सजाय गर्छ ? वर्गहरूमा विभाजित भएको समाजमा एउटा संसदले वा एउटा न्यायपालिकाले वा एउटा कार्यकारिणीले सबै वर्गका लागि उस्तै हिसाबले न्याय सम्पादन गर्छ भन्ने आधार के छ ? प्रजातन्त्र इमान्दार रह दा पनि यस्ता प्रश्नका उत्तरहरू अहिलेसम्म अप्राप्य नै छन्।

तर प्रजातन्त्र स्वयंमा पनि इमान्दार नरहेका दर्जनौं उदाहरणहरू शताब्दीयौंदेखि इतिहासले ब्यहोर्दै आइरहेको छ । जनतालाई सार्वभौम मान्ने प्रजातन्त्रले शक्तिको केन्द्रीकरण गरेको छ । असमानतालाई बढाउने काम गरेको छ र हरक्षेत्रमा माथिको विन्यासलाई नै अन्तिम ठान्ने गलत कार्यशैली अवलम्बन गर्दै आएको छ । त्यसैले अहिले स्थानीय निकाय, स्वायत्त शासन र स्थानीय निकायमा महिलाहरूको भूमिकाको खोजी गर्दा नेपाली प्रजातन्त्रले कोरेको यस्तै सीमारेखाका बारेमा पनि सजग हुनु जरूरी हुन्छ । शब्दमा स्वायत्तताको साह्रै चर्का कुरा गरे पनि अहिलेसम्म नेपाली सत्ताले स्थानीय निकायलाई स्वायत्तता प्रदान गरेको छैन । भरखरै संसदले पारित गरेको भनिएको विधेयकले पनि स्थानीय निकायलाई स्वायत्तताको अवधारणाका हिसाबले शक्तिशाली बनाउने काम गरेको छैन ।

विकेन्द्रीकरण अथवा स्थानीय स्वशासन अथवा स्वायत्तता जस्ता अलग अलग शब्दहरूले परिभाषित गर्ने स्थानीय निकायमा स्वायत्त शासन भनेको के हो र स्वायत्तता प्राप्त गरेको शक्तिशाली स्थानीय निकायमा महिलाहरूको भूमिका कसरी खोजिनुपर्दछ भन्ने विषयमा केन्द्रित हुनु प्रस्तुत कार्यपत्रको सीमा हो । त्यसैले सबैभन्दा पहिले म स्थानीय स्वशासनका सम्बन्धमा सानो चर्चा गर्न चाहन्छु ।

शासन संचालनका विविध रूपहरू छन् र अलग अलग मुलुकमा त्यहा को विशेषताका आधारमा राज्य संचालनका विधिहरू तय गरिन्छन् । शासन व्यवस्थाको आधार र रूप जस्तो भए पनि शासन विधिको विविधताका बारेमा अहिले खासै विवाद देखि दैन । पूंजीवादी मुलुकहरूमै पनि कतै एकात्मक प्रणाली अवलम्बन गरिएको छ भने कतै संघीय संरचनालाई प्रधानता दिइएको छ । नागरिक चेतना उन्नत भएको, मानिसहरू स्वयंमा राज्यको जिम्मेवार नागरिक हुनसक्ने चेतना वोध भएका मुलुकहरूमा संघीय अवधारणालाई बलियो मान्ने चेत भेटिएको छ र विकासका पूर्वाधारहरू खडा नभएको, पछौटे चेतना र पछौटे जीवनशैली भएका मुलुकहरूमा एकात्मक प्रणालीलाई राज्य संचालनको असल विधि भन्ने गरिएको छ । यो मान्यतामा मानिसहरूको फरक फरक राय रहिरहन सक्दछ। राष्ट्रिय स्वार्थ रक्षाका लागि जुन विधि उपयुक्त हुन्छ, सत्ताले त्यही प्रणालीलाई मान्यता दिनुपर्दछ। तर यो हाम्रो आजको छलफलको विषय होइन।

जुनसुकै विधिअन्तर्गत राज्य संचालन भए पनि स्थानीय निकायलाई स्वायत्ता दिनु भनेको के हो र त्यसलाई व्यवहारमा कसरी उतार्ने भन्ने विषय नै आजको हाम्रो छलफलको मुख्य विषय हो।

स्थानीय स्वशासनको अवधारणा नेपालमा पंचायत कालमा पनि विद्यमान थियो। बहुदलीय व्यवस्था प्रारम्भ भएपछि पनि यो बहसको मुख्य विषय बनेको छ। यसको अर्थ के हो भने स्थानीय स्वशासन जनताको चासोको विषय हो, जनताको आग्रहको विषय हो भन्ने कुराका बारेमा सत्ता संचालकहरूलाई राम्रो ज्ञानकारी छ। त्यसैले जनता झुक्याउनका लागि त्यो पंचायत कालमा पनि बरोबर छलफलमा ल्याइने विषय थियो र आज पनि त्यसलाई जनता ढाँट्ने विषयका रूपमा छलफलमा ल्याइने गरिएको छ।

स्थानीय स्वशासन भन्नेबित्तिकै स्थानीय तहमा संचालन गरिने कुनै पनि कार्यक्रमहरूमा स्थानीय निकायको नेतृत्वदायी संलग्नता अनिवार्य हुनु हो। राजनीति, प्रशासन र विकास निर्माणका सन्दर्भमा एउटा निश्चित निकायलाई इकाई मान्नुपर्दछ। त्यो इकाइलाई राजनीति, प्रशासन र विकास

निर्माणको जिम्मेवार बनाउने प्रणालीलाई स्वशासन भन्नुपर्दछ ।

स्वायत्त शासनको सामान्य परिभाषा दिनुपर्दा तल्लो तहलाई आफ्ना कामहरूका बारेमा आफैं निर्णय लिने अधिकार सम्पन्न तुल्याउनु हो। त्यसलाई अझ प्रष्ट पार्ने हो भने विकास कार्यमा जनताको प्रत्यक्ष संलग्नता बढाउन र विकास कार्यक्रमहरूको लाभ उनीहरूलाई उपलब्ध गराउन स्थानीय तहमै विकासको आधारशीला निर्माण गर्ने कामलाई स्वायत्तता मान्नुपर्दछ । माथिल्लो तहबाट तर्जुमा गरिएका योजनाहरूले अहिलेसम्म स्थानीय तहको समस्यालाई पर्घेल्न र आम जनसमूहको हित रक्षा गर्न नसकेको हुनाले स्थानीय आवश्यकता र सम्भाव्यताको आधारमा स्थानीय तहदेखि योजना निर्माण गर्ने, स्थानीय, जिल्ला तथा क्षेत्रीय विकासको अवधारणाअनुरूप विकेन्द्रित योजना प्रणाली अपनाउने कार्यशैली अवलम्बन गरिनुपर्छ भन्ने मान्यता नै स्वायत्त शासनको मर्म हो। स्थानीय तहमा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र प्रतिफल प्राप्तिको प्रकृया अबलम्बन गर्दा दिगो विकासको ग्यारेण्टी गर्न सकिने हुनाले पनि समकालीन विश्वमा स्वायत्ततासम्बन्धी माग बढेको हो।

स्थानीय निकाय भन्नाले हाम्रो नेपाली सन्दर्भमा हामीले जिल्ला तहलाई बुझ्नु अहिलेका लागि सान्दर्भिक हुन्छ । यद्यपि गाउ नै हाम्रो संरचनाको इकाई हो । तर मुलुकको विद्यमान अवस्था र यसको व्यवस्थापन क्षमतालाई हेर्दा हामीले जिल्लालाई स्थानीय निकायको केन्द्र मानेर सबै कामहरू गर्ने योजना बनाउनुपर्दछ र जिल्लालाई केन्द्र मान्ने यो सोच स्वायत्ततासम्बन्धी सोचमा आधारित छ।

जिल्लालाई केन्द्र मानेर स्वायत्त शासन दिने नै हो भने जिल्लाका सबै काम कारबाहीहरूमा जिल्ला विकास समितिको प्रधानताको ग्यारेण्टी गरिनुपर्दछ। राजनीतिक एवं आर्थिकरूपमा जनताको समृद्धिको ग्यारेण्टी गर्न त्यसै तहबाट ठोस योजनाहरू बनाउन सकिन्छ भन्ने कुरामा विश्वास गर्नुपर्दछ। माथिबाट थोपर्ने सबैखालका विधिहरूलाई समाप्त गर्नुपर्छ । स्थानीय तहको स्वायत्तताको ग्यारेण्टी गर्न, अस्तियार दुरूपयोग, सेवा आयोग, योजना आयोग जस्ता आवश्यक संवैधानिक निकायहरूलाई जिल्ला तहसम्म झारिनुपर्दछ। योजना छनौट, त्यसको वर्गीकरण, कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्ने काम जिल्लामै छोडिनुपर्दछ। जिल्लाको क्षमता भन्दा माथिका र केन्द्रीय तहबाटै सम्पादन गरिनुपर्ने ठूला तर थोरै योजनाहरू मात्र केन्द्रमा राखिनुपर्दछ । राष्टि"य राजस्वको एकमुष्ट रकम नै जिल्लामा पठाइनुपर्दछ र त्यो राजस्व उठेको अनुपातमा वितरणको अवधारणा कायम गरिनुपर्दछ। बाह्य श्रोतबाट संकलन हुने विकास अनुदानलाई जनसंख्यालाई प्रमुख आधार बनाएर जिल्लामा एकमुष्ट विनियोजन गरिनुपर्दछ। विकास निर्माणस ग सम्बन्धित सबै कार्यालयहरूलाई जिल्ला विकास समितिको मातहतमा राखिनुपर्दछ र त्यहा का सबै कर्मचारीहरू जिल्ला विकास समितिप्रति जवाफदेही हुनुपर्दछ।

माथिको विवरणले के जाहेर गर्दछ भने आफ्नो क्षेत्रको सम्पूर्ण जिम्मेवारी आफैंले लिन स्थानीय निकायहरू तयार रहनुपर्दछ र माथिबाट तोकिएको अधिकार होइन, सम्पूर्ण अधिकार नै तल्लो निकायलाई प्रदान गरिनुपर्दछ भन्ने मान्यता नै आधारभूतरूपमा स्थानीय निकायको स्वायत्तताको अवधारणा हो।

स्थानीय निकाय भन्दा आमरूपमा मानिसहरू त्यसको एउटा अंशको मात्र चर्चा गर्ने गर्दछन्। अर्थात्, स्थानीय निकाय भन्दा अहिलेसम्म जिल्ला, नगर र गाउ तहमा निर्वाचित जनप्रतिनिधिहरूको कामको थलो मात्र बुझिने गरिएको छ। छलफलको आरम्भमा यो कमजोरीलाई समाप्त गरिहाल्नुपर्दछ। स्थानीय निकाय भनेको तल्लो तहको प्रशासनिक इकाई हो, गैरसरकारी र अर्धसरकारी निकायका जिल्ला र सोभन्दा तलका इकाईहरू हुन्, सामाजिक संघ(संस्थाका जिल्लास्थित कार्यालयहरू हुन्, स्थानीय मानव अधिकारवादी संस्थाहरू हुन्। अर्थात स्थानीय निकाय भन्नेबित्तिकै, आफ्नो जिल्लामा तपाईंले सम्बन्ध

राख्नुपर्ने सरकारी कार्यालयदेखि सबै खालका संघ(संस्थासम्मका निकायहरू पर्दछन्।

२. विकासको परिभाषा

सामान्य भाषामा विकास भन्नेबित्तिकै भौतिक पूर्वाधारको विकासलाई बुझ्ने चलन छ। समग्र विकासको सन्दर्भमा यो बुझाइ आफैंमा त्रुटिपूर्ण र एकार्गी छ। विकासको सामग्रिक अर्थ भनेको हरक्षेत्रको दिगो विकास चक्र हो। हरक्षेत्रको दिगो विकास चक्र भन्नेबित्तिकै त्यसले चेतना, भौतिक पूर्वाधार, प्रकृयाको निरन्तरता र क्रमिक उचाइको पक्षलाई समेटेको हुन्छ। त्यसैले सबैभन्दा पहिले, अहिले समाजमा विद्यमान विकाससम्बन्धी भ्रामक अवधारणालाई समाप्त पारी विकासको सही परिभाषालाई स्थापित गर्नुपर्ने हुन्छ।

एउटा चिनिया उखान छ– प्रत्येक वर्ष उठाउने हो भने बालीनालीको खेती गर। प्रत्येक २० वर्षमा बाली समेट्ने हो भने रूख लगाउने काम गर र जीवनभरिको बाली समेटने हो भने दिमागको खेती गर। विकासलाई हामीले यही उखानभित्र खोज्नुपर्दछ। सामान्य भौतिक सुविधाका लागि तात्कालिक लाभका विषयहरूलाई हामी विकासको परिभाषाभित्र समेट्न सक्दछौं। यस्तो विकास आमरूपमा कतैबाट थोपरिएको हुन्छ र स्थानीय जनतास ग विकास कार्यको आधारभूत सम्बन्ध हुँदैन। खासगरेर केन्द्रीय तहमा बस्ने र पश्चिमा विश्वविद्यालयको शिक्षादीक्षामा हुर्किएका योजनाकारहरू यस्ता विनाशकारी विकासका बाहक हुन्छन्। नेपाल जस्तो तेश्रो विश्वका मुलुकहरूमा यस्ता विकास कार्यहरू निकै भएका छन् र प्रत्येक दशकमा तिनले एउटा न एउटा विनाश निम्त्याउने गरेका छन्। यस्ता विकास कार्यहरू तात्कालिक लाभका लागि नेपाली सम्भावनास ग सरोकार नै नराख्ने गरी तर्जुमा गरिएका हुन्छन्। त्यसले छोटो समयावधिपछि नै तिनबाट प्राप्त हुने प्रतिफल समाप्त हुन्छ र मुलुकले त्यही ठाउ मा पुनः विकासको नया पूर्वाधार निर्माण गर्नुपर्ने हुन्छ।

विकासलाई जनताको चेतना भन्दा बाहिर राखेर संचालन गर्ने कोशिश गर्ने काम जतिसुकै दूरदर्शी भए पनि असफल हुने निश्चित छ। त्यसैले विकासको पहिलो शर्त भनेकै चेतनाको विकास हो। नागरिकहरूको सोचको तह कहा छ भनेर सबैभन्दा पहिले योजनाकारहरूले सत्ता संचालकहरूले र समाजका परिचालकहरूले पत्ता लगाउनुपर्छ। हाम्रो समाज लामो समयसम्म सामन्ती उत्पीडनको शिकार रह्यो। राज्यको माथिल्लो ढा चामा लामो समयसम्म प्रभुत्वशाली रहेको पारिवारिक शासन प्रणाली र कृषिमा आधारित हाम्रो अर्थतन्त्रले हामीलाई पछौटे चेतनायुक्त नागरिक बनायो। विज्ञानको प्रगतिस ग हाम्रो चिनारी निकै ढिलो भयो। शिक्षाको चेतना पनि हामीले धेरै पछि पायौं। विश्वको एउटा हिस्सामा समाजवाद शक्तिशाली भैसक्दा पनि हाम्रो मुलुकमा रेडियो पस्न सकेको थिएन। गाडीहरू गुड्न सकेका थिएनन्। शिक्षा आम जनताको घरदैलोमा पुग्न सकेको थिएन। मानिसहरूलाई अन्धविश्वासी बनाउने, मानिसलाई दास बनाउने मान्यताहरूलाई राज्यले भरणपोषण गरेको थियो र आधुनिक चेतनालाई मुलुकको सीमाभित्र छिर्न नदिन त्यसलै सबैतिर बारबन्देज लगाएको थियो। उद्योग धन्दाको विकासलाई सधैंभरि हतोत्साहित गर्ने काम भयो र श्रमशक्तिलाई संगठित हुने वातावरण निर्माण गरिएन। यस्तो सामाजिक गतिविधिले मुलुकको पछौटेपनलाई बढाउने मात्र काम गऱ्यो।

चेतनाको क्षेत्रमा देखापरेको यही पछौटेपनले हाम्रो देशको विकास निर्माणमा नकारात्मक प्रभाव उत्पन्न गरेको छ। हाम्रा कुनै पनि कामहरूले दीर्घकालीन प्रतिफल दिन सकिरहेका छैनन्। हरेक विषयहरू विकास निर्माणका हरेक सम्भावनाहरू एउटा विन्दुमा गएपछि समाप्त हुन्छन् र त्यसपछि या त विनाशतिर फर्किन्छन् या मन्दीको शिकार बनेर समाप्त हुन्छन्।

त्यसै हुनाले आजको छलफलमा हामीले विकासलाई परिभाषित गर्दा विकासको पहिलो र

महत्वपूर्ण पक्ष भनेको चेतनाको विकास हो भन्ने निष्कर्ष निकाल्नुपर्दछ। चेतनाको विकासले राजनीतिक चेतना, आर्थिक चेतना र सामाजिक चेतनालाई समेट्नुपर्दछ। जबसम्म मानिसहरू राजनीति, सामाजिक र आर्थिक चेतनाले युक्त हु दैनन् तबसम्म विकास निर्माणका कुनै पनि कामहरूबाट मुलुकले प्रतिफल प्राप्त गर्न सक्दैन भन्नेबारेमा हामी प्रष्ट हुनुपर्दछ।

विकासको अर्को पक्ष भनेको पूर्वाधारको विकास हो। पूर्वाधार विकास भन्नेबित्तिकै त्यसले भौतिक प्रगतिलाई प्रतिविम्बित गर्दछ । हामीले भौतिक विकासका सन्दर्भमा भूमिकामा पनि अलिकति चर्चा गरिसकेका छौं। केन्द्रबाट विन्यास गरिने विकास कार्यक्रमहरूले जनतालाई उपयुक्त प्रतिफल प्रदान गर्न नसकेको प्रष्ट भैसकेको छ। त्यसैले अहिले पनि हामी माथिबाट थोपरिने विकासलाई विकासको परिभाषाभित्र समेट्न सक्दैनौं। हामीले भन्ने गरेको भौतिक विकास भनेको स्थानीय जनताको पहलमा, स्थानीय योजना तर्जुमा र कार्यान्वयनको आधारमा गरिने विकास नै हो। जनताका मागहरूलाई पत्ता लगाउनु, तिनीहरूलाई प्राथमिकताका आधारमा विनियोजित गर्नु, स्थानीय तहबाट तिनको कार्यान्वयनको योजना बनाउनु र तिनलाई निरन्तरता दिनु विकासको सही परिभाषा हो।

३. स्थानीय निकायमा महिला जनप्रतिनिधिको आवश्यकता

प्रजातन्त्रले काममा, सबैको सहभागिताको माग गर्दछ। नागरिकहरूको कुनै एउटा हिस्साको असंलग्नताले परिभाषित प्रजातन्त्रलाई खोटो बनाउ छ। त्यसै हुनाले प्रजातान्त्रिक विकासको प्रकृयामा महिला मात्रै होइन, समाजको कुनै पनि वर्ग, कुनै पनि समुदाय, कुनै पनि समूह अलग रहनै सक्दैन। त्यसैले आम मान्यताकै आधारमा पनि हरक्षेत्रमा महिलाहरूको उपस्थिति प्रजातान्त्रिक विकास प्रकृयाको अनिवार्य अंग हो।

स्थानीय निकाय भनेको आधारभूत तहमा जनताले आफ्नो अधिकार प्रयोग गर्ने र जनतालाई प्रत्यक्षरूपमा परिचालन गर्ने राजनीतिक निकाय हो। बहुदलीय प्रणालीका बारेमा नबुझ्नेहरूले स्थानीय निकायलाई विकास निर्माणको संयोजन र सम्पादन गर्ने प्रशासकीय थलो जस्तो ठान्दछन्। यथार्थमा स्थानीय निकाय भनेको जनपरिचालनको एउटा महत्वपूर्ण अंग हो । यो जनताद्वारा, जनताका लागि निर्वाचित हुने आधारभूत तहको प्रतिनिधि संस्था हो । यसले समाजका उंत्पीडित र अपहेलित समुदायको हित रक्षा गर्ने र जनतालाई आफ्ना अधिकार प्राप्तिको संघर्षमा प्रत्यक्ष नेतृत्व प्रदान गर्ने काम गर्छ। त्यसैले स्थानीय निकाय उत्पीडित समुदायको हितप्रति समर्पित जनताको अगुवा जुझारू दस्ता बनेको हुन्छ।

राजनीतिको यो पाटोस गै स्थानीय निकायले विकास निर्माणको क्षेत्रमा जनतालाई गोलबन्द गर्ने र परिचालित गर्ने काम गर्दछ। आफ्नो कार्यक्षेत्रभित्रको योजना तर्जुमा गर्ने, तिनको सम्पादनमा लाग्ने र भैरहेको कामको अनुगमन गर्ने कामलाई स्थानीय निकायले आफ्नो प्राथमिक कार्यसूचीभित्र राख्नुपर्दछ।

माथि उल्लेख गरिएका कामहरूको सम्पादनमा महिलाहरूको अनिवार्य उपस्थितिको ग्यारेण्टी गरिएन भने स्थानीय निकायका सबै कामहरू अधुरा हुने निश्चित हुन्छ। उसै पनि आम बोलीचालीको भाषामा महिलाहरू समाजको आधा भाग हुन् भन्ने गरिन्छ। यो आधा भन्ने शव्दलाई जनसंख्याको हिसाबमा मात्र लिने चलन छ। यो चलनलाई हामीले समाप्त गर्नुपर्दछ र आधाको परिभाषामा समाजमा महिला जातीको लगानी र त्यसका प्रतिफलहरूलाई पनि समेट्नुपर्दछ। सामाजिक कामहरूमा महिलाहरू आधा हिस्सा हुनु र त्यसका प्रतिफलमा पनि आधा अधिकार स्थापित हुने प्रचलनलाई आगामी शताव्दीले स्थापित गर्न सक्नुपर्छ। यो अभावमा झगडा होइन। यो त मानव सभ्यताको निर्माणमा सबैखाले ऊर्जाको

प्रयोग हुनुपर्छ भन्ने मान्यता मात्र हो। यो मान्यतालाई स्थापित गर्नका लागि हामीले सबैस्वाले स्थानीय निकायहरूमा महिलाहरूको उपस्थितिलाई सुनिश्चित गर्नुपर्छ।

नेपालको राजनीतिक आन्दोलनमा महिलाहरूको उपस्थिति उल्लेख्य नै रहेको छ। महिलाहरूलाई आरम्भदेखि नै राजनीतिक कामप्रति समर्पित तुल्याउन सकिएको भए त्यो उपस्थिति प्रशंशनीय हुने थियो। तर विगतमा त्यस्तो हुन सकेन। महिला आन्दोलन आम राजनीतिक आन्दोलनको एउटा अंग बन्न सकेन। त्यसै हुनाले महिलाहरूलाई स्थानीय निकायमा अनिवार्य उपस्थितिको विन्दुमा पुऱ्याउन पनि सकिएन।

स्थानीय निकायको पहिलो निर्वाचनपश्चात् स्थानीय निकायमा महिला उपस्थितिको बहस गंभिररूपमा आरम्भ भयो र सबै पार्टीहरूको सहमतिमा बनेको विधेयकले ०५४ सालमा सम्पन्न स्थानीय निकायको दोश्रो चुनावमा महिलाहरूको उपस्थिति अनिवार्य बन्न सक्यो। यो अनिवार्यताले महिला जागरणको मात्रालाई गुणात्मकरूपमै माथि उठाइदिएको छ। यद्यपि यो अनिवार्य उपस्थितिले एउटा नकारात्मक सम्भावनालाई समेत औंल्याउने काम गरेको छ, तर बेलैमा सजग हुने हो भने त्यो नकारात्मकतालाई हुर्कनै नदिई समाप्त गर्न सकिन्छ। ०५४ सालको चुनावमा स्थानीय निकायमा महिलाहरूको अनिवार्य उपस्थितिको सन्दर्भ उठेपछि सबै पदहरूमा महिलाहरूको प्रतिस्पर्धात्मक स्थिति कमजोर भएको छ, महिलाहरू कथित आरक्षित वडा सदस्य पदमा खुम्च्याइएका छन्। यो सामाजिक विकासका लागि गंभिर नकारात्मक संकेत हो र यसलाई गएको चुनावस गै अन्त गर्ने गरी काम गर्नुपर्दछ।

०५४ सालको निर्वाचनमा क्षमता र प्रतिस्पर्धाको हिसाबले नेकपा (एमाले) र नेपाली कांग्रेसले धेरै ठाउ मा महिलाहरूलाई उठायो। नेकपा (एमाले) ले आरम्भमा एक जना सभापति र दुई जना उपसभापतिमा महिलालाई नै उठाउने निर्णय गरेको थियो । पछि त्यस पार्टीमा आएको विखण्डनका कारण त्यसको निर्णय जस्ताको तस्तै लागू हुन सकेन । त्यस्तै त्यस पार्टीले जिल्ला विकास समितिका सदस्यहरूमा पनि महिलाहरूलाई उठाएर आफ्नो पहललाई प्रष्ट पारेको देखिन्छ। त्यो भन्दा तल्लो निकाय अर्थात नगरपालिका र गाविसहरूमा पनि एमालेले महिलाहरूलाई अध्यक्ष, उपाध्यक्ष वा वडा अध्यक्ष पदमा पनि उठाएको देखिन्छ। महिलाहरूको यस्तो उपस्थितिका सन्दर्भमा अरू पार्टीहरू अलिक पछाडि नै देखिन्छन्। प्रायःजसो पार्टीहरूले महिलाहरूलाई आरक्षित सीटमा खुम्च्याएको पाइएको छ। विगत निर्वाचनको निष्पक्ष समीक्षा गर्ने हो भने हामीले ठूलो संख्यामा महिला प्रतिनिधिहरू छानिने परिपाटी बसेकोमा खुशी मान्नुपर्दछ र महिलाहरू आरक्षित वडा सदस्य पदमा खुम्चिने परिपाटी हुर्किएला कि भनेर होशियार पनि हुनुपर्दछ।

४. स्थानीय विकासमा महिला जनप्रतिनिधिको भूमिका र दायित्व

उखान छ- महिला र पुरूष एकै रथका दुई पांग्रा हुन्। यद्यपि नेपालमा वा अरू कुनै पनि मुलुकमा त्यो उखानले ब्यवहारमा ठाउ बनाउन पाएको छ कि छैन भन्नेबारेमा गंभिर बहस छ, तापनि हामीले विकास निर्माणका कामहरूमा महिलाहरूको उपस्थितिको महत्वलाई कमजोर बनायौं भने सामाजिक विकासको गति नकारात्मक दिशातिर फर्किने निश्चित नै छ।

सामाजिक व्यवस्थाका हिसाबले समाजवाद भन्दा अगाडि महिलाहरूको सामाजिक योगदानको क्षेत्र अत्यन्तै संकुचित हुन्छ। त्यसैले पूंजीवादी शासन व्यवस्थामा महिलाहरूबाट हुने योगदानको मात्रालाई सापेक्षित अर्थमा मात्रै लिनुपर्छ। एउटी महिला राष्ट्रपति हुनु वा प्रधानमन्त्री हुनु वा

मन्त्री हुनुले महिला समुदाय र सामाजिक विकासको गतिको लेखाजोखा गर्न मिल्दैन। महिला उत्पीडनको सन्दर्भमा संसारका सर्वाधिक खराब मुलुकहरूमा महिलाहरूले राज गरेको धेरै भएको छ। बंगलादेश, भारत, पाकिस्तान, श्रीलंका यसका ज्यू दा उदाहरणहरू हुन्। ती सबैमा महिला शासिकाहरूको हैकम इतिहास प्रसिद्ध छ। तर तिनै मुलुकहरूमा महिलाहरू सबैभन्दा बढी उपेक्षित छन्। उनीहरूको नागरिक सम्मान सुरक्षित छैन र उनीहरूको सामाजिक योगदानको कुनै प्रतिफल पनि भेटिँदैन। यस्ता मुलुकहरूमा एउटी महिला राष्ट"पति वा प्रधानमन्त्री अथवा धेरै महिलाहरू मन्त्री भैसकेको भए पनि त्यहा महिलाहरूलाई अनुत्पादक श्रमशक्ति ठान्ने सामन्ती पूंजीवादी चेतना विद्यमान रहेका कारण नै अहिलेसम्म महिलाहरू विकासका अंग बन्न सकेका छैनन्।

सारमा महिलाहरूले आफ्नो अधिकार खोज्ने हो र विकासको प्रतिफलमा आफ्नो भूमिका खोज्ने हो भने वर्तमान शासन प्रणालीलाई समाप्त पार्ने आन्दोलनमा उनीहरू सरीक हुनुबाहेक उनीहरूस ग अर्को कुनै विकल्प छैन। यही आन्दोलनलाई समाजशास्त्रीहरूले आमूल परिवर्तन या सामाजिक परिवर्तनको आन्दोलन भनेका हुन्। सामाजिक परिवर्तनबिना महिला समुदायको योगदानको कुनै मूल्य छैन। त्यसैले आज हामी मुक्त समाजको विकासमा महिलाहरूको योगदानका बारेमा छलफल गर्न गैरहेका छैनौं, हामी सामन्ती पूंजीवादी समाजको बन्धनभित्रै महिलाहरूको भूमिकाको चर्चा गर्ने कोशिश मात्र गरिरहेका छौं।

०५४ सालको चुनावमा महिलाहरूको अनिवार्य उपस्थितिको व्यवस्था गरिए पनि उनीहरूलाई विभिन्न पदहरूमा विजयी तुल्याउन सकिएको भए पनि त्यसपछिका वर्ष दिनको अनुभवको सार निकाल्दा जे प्राप्तिका लागि महिलाहरूको अनिवार्य उपस्थितिका लागि संघर्ष गरिएको थियो त्यो पूरा हुन नसकेको महसुस हुन्छ। कतिपय ठाउ मा महिलाहरूलाई उठाउनैपर्ने बाध्यताका कारण उठाइएको र उठाएर जितिसकेपछि उनीहरूको अस्तित्वलाई समेत बिर्सिएको पनि पाइएको छ । महिलाहरूलाई आफ्नो पदीय दायित्वका बारेमा सजग तुल्याइएको छैन र उनीहरूमाथि विश्वास गरेर उनीहरूलाई काम दिइएको छैन। कतिपय निर्वाचित महिलाहरूले आफ्नो काम भनेको जिल्ला विकास समिति या राष्टि"य सभाको चुनावमा मतदान गर्नु मात्र हो भन्ने बुझेका छन् । त्यो भन्दा बढी बुझेका महिलाहरूले, आफू निर्वाचित रहेको निकायको बैठकमा जानु र उपस्थितिमा हस्ताक्षर गर्नु मात्र आफ्नो जिम्मेवारी हो भन्ने बुझेका छन्। निर्वाचित महिला प्रतिनिधिहरूको साढे सानो हिस्साले मात्र आफ्ना अधिकार र दायित्वहरूलाई महसुस गरेको पाइएको छ। आमरूपमा भने एकातिर महिलाहरू आफूले काम गर्न नपाएको गुनासो गरिरहेका छन् र अर्कातिर संस्थाका संचालकहरू महिलाहरूबाट अपेक्षित काम हुन नसकिरहेको गुनासो गरिरहेका छन्। यसको अर्थ अहिलेसम्म स्थानीय विकास निर्माणका कामहरूमा महिलाहरूले के कस्तो योगदान पुऱ्याउन सक्छन् भन्नेबारेमा अस्पष्टता रहिरहेको छ र यहाँको छलफलले त्यो अस्पष्टतालाई समाप्त गर्ने कोशिश गर्नुपर्दछ।

महिलाहरूलाई हेर्ने दृष्टिकोण साफ हुनासाथ यो समस्या आफैं समाधान हुन्छ। महिलाहरू जिम्मेवारी लिन सक्छन्, उनीहरू कुनै पनि कामको, अभियानको, योजनाको प्रमुख बन्न सक्छन् र प्रमुखको रूपमा आफ्नो जिम्मेवारी पूरा गर्न सक्छन् भन्ने विश्वास गर्नेबित्तिकै माथि भनिएको गुनासो समाप्त हुन्छ । अहिलेसम्म महिलाहरूलाई यस्ता महत्वपूर्ण जिम्मेवारीहरू दिइएको छैन। त्यसैले उनीहरूले आफ्नो क्षमताको प्रदर्शन पनि गर्न सकिरहेका छैनन् । उनीहरू निर्वाचित प्रतिनिधिको हैसियतले आफ्नो कार्यक्षेत्रको विश्लेषण गर्ने, त्यहा को योजना छनौट कार्यमा सहभागी बन्ने, त्यसरी छानिएका योजनाहरूको कार्यान्वयका लागि विशेष जिम्मेवारी लिएर काम गर्ने काममा आमरूपमा लागेका छैनन्।

त्यसैले स्थानीय निकायमा निर्वाचित महिलाहरूको भूमिका निष्कृय जस्तो देखिएको छ। तर यो निष्कृयताका लागि उनीहरू स्वयंमा जिम्मेवार छैनन्। त्यसका लागि हाम्रो मुलुकमा विद्यमान सामन्ती पूंजीवादी चेतना र अर्धऔपनिवेशिक अर्धसामन्ती सामाजिक परिपाटी जिम्मेवार छ । यो पछौटे चेतना र पछौटे ब्यवहारलाई जतिसक्दो चाँडो समाप्त गर्नु नै महिलाहरूको जिम्मेवारी पालनको ग्यारेण्टी गर्नु हो। त्यसबाहेक विद्यमान सामाजिक संरचनामा महिलाहरूले अझै सहजरूपबाट गर्नसक्ने केही कामहरू छन्, जसको चर्चा नगर्दा महिलाहरूबाट हुनसक्ने योगदानको पाटो खुम्चिन सक्छ।

महिलाहरू समाजको मित्री तहसम्म जान सक्छन्। वर्तमान सामाजिक प्रणालीले उनीहरूलाई सहजै कुनै पनि चुलोसम्म पु×याउन सक्छ । यसको तात्पर्य के हो भने उनीहरू परिवारलाई घरभित्रैबाट उत्प्रेरित गर्न सक्छन् र सामाजिक योगदानका क्षेत्रमा सिंगो परिवारलाई परिचालित गर्न सक्छन्। सामूहिक प्रयत्नबाट हुने प्रत्येक काममा महिलाहरूले अहिलेको सन्दर्भमा पुरूषहरूले भन्दा बढी भूमिका निर्वाह गर्न सक्छन् । यो विषयलाई महिलाहरूले पनि अन्यथा अर्थमा लिनुहुँदैन। हाम्रो जीवनको सार भनेकै सामाजिक गतिविधिमा हाम्रो अत्यधिक भूमिका हो । बा च्नु जीवनको सार होइन। काम गर्नु नै जीवनको सार हो । त्यसैले जुन क्षेत्रको काममा हामीले बढी सफलता पाउन सक्छौं, त्यसैलाई आफ्नो कार्यक्षेत्र बनाउनु हामी सबैको स्वभाविक दायित्व हो। त्यसैले यहा परिवारस ग घनिष्ठ हुनसक्ने भनेर महिलाहरूलाई फेरि परिवारभित्रै खुम्च्याउन खोजिएको होइन । बरू सिंगो परिवारलाई मित्रैबाट चिन्ने, उनीहरूमा अन्तरनिहित अन्तरविरोधहरूलाई सही ढंगले केलाउन र उनीहरूलाई सामाजिक अभियानमा संलग्न गर्न सक्ने हुनाले नै महिलाहरूका लागि त्यो विशेष योगदानको क्षेत्र हुनसक्छ भन्न खोजिएको हो।

यसबाहेक कृषि, वन, उद्योग, स्वास्थ्य र शिक्षा क्षेत्रका कार्यक्रमको संचालन, प्राकृतिक प्रकोप, पर्यावरण, प्रदूषण जस्ता गंभिर कार्यसूचीको कार्यान्वयनमा महिलाहरूलाई नेतृत्व सुम्पन सक्दा राम्रा परिणामहरू निस्कन्छन्। यी सबै कामहरू समूह परिचालन गर्न सक्दा सकारात्मक परिणाम निस्कने कामहरू हुन्। समूह परिचालनमा महिलाहरूको दक्षतालाई हामीले माथि नै स्वीकार गरिसकेका छौं । त्यसैले व्यापक सामाजिक प्रभाव पार्ने यस्ता कामहरूमा महिलाहरूको भूमिका अग्रपंक्तिमा राखिनुपर्दछ।

यसबाहेक योजना तर्जुमा गर्ने, त्यसको कार्यान्वयनमा संलग्न हुने र त्यसको नियमित अनुगमन गर्ने काममा पनि महिलाहरूलाई जिम्मेवारी सुम्पन सकिन्छ र सुम्पनुपर्छ। महिलाहरूलाई स्थानीय तहको योजनाकार बनाउने कुरालाई गम्भीरताका साथ लिने हो भने त्यसबाट आजभन्दा बढी प्रतिफल हासिल हुनसक्दछ भन्ने विश्वास लिन सकिन्छ।

५. महिला विकासका लागि गर्नुपर्ने काम

महिलाहरूको विकासका लागि मुलुकमा महिला मन्त्रालयसमेत गठन भएको छ। तर राम्ररी केलाउने हो भने त्यो महिला मन्त्रालय नै महिलाहरूको अग्रगतिको सबैभन्दा ठूलो बाधक ठहरिन सक्छ। महिलाहरूको पछौटेपनको मूल समस्या के हो भन्ने प्रश्नको उत्तर पत्ता नलगाई महिला समुदायको विकास हु दैन र समकालीन नेपाली राजनीतिमा महिलाहरूको पछौटेपनको मूल समस्या सरकारमा बसेर केलाउनै सकिँदैन। महिलाहरूको पछौटेपनको मूल समस्या भनेकै वर्तमान प्रणाली स्वयं हो । महिला समुदायको समग्र विकासको ग्यारेण्टी गर्ने हो भने वर्तमान प्रणाली खारेज हुनुपर्छ। तर अहिले हामी प्रणालीलाई नै खारेज गर्ने संघर्ष गर्न गइरहेका छैनौं। त्यसैले अहिले हामीले यही सामाजिक संरचनाभित्र महिला समुदायको विकासको ग्यारेण्टी गर्ने आधार खोज्नुपर्छ। यस्तो स्थितिमा हामीले महिला समुदायको समग्र

विकासको कार्यसूचीलाई तत्कालका लागि था नी राख्नुपर्छ र महिला क्षेत्रको मात्रात्मक विकासका कुराहरूलाई आजको कार्यसूची बनाइनुपर्दछ। यिनै मात्रात्मक विकासका कार्यसूचीहरूले आमूल परिवर्तनलाई सम्भव तुल्याउने छन् र त्यसपछि नै महिला समुदायको समग्र विकासलाई हामी आफ्नो कार्यसूची बनाउन सक्दछौं।

अहिले गर्नुपर्ने सबैभन्दा पहिलो कामका बारेमा अघिल्लो अंशमै चर्चा गरिसकिएको छ। महिलाहरूमाथि विश्वास गरिनुपर्छ, उनीहरूलाई जिम्मेवारी दिइनुपर्छ र त्यसको प्रतिफलका बारेमा छलफल गरिनुपर्छ। यो काम नगर्ने हो भने महिलाहरूको विकासका लागि यो गरियो र त्यो गरियो भनेर ग्राफ त बनाउन सकिएला, तर समाजमा महिलाहरूको उत्थान असम्भव छ।

यसका साथसाथै स्थानीय निकायमा निर्वाचित महिलाहरूलाई हामीले विकास हाकिम बन्नबाट रोक्नुपर्दछ। उनीहरू सामाजिक परिवर्तनको गंभिर दायित्व बोकेका जिम्मेवार र अगुवा नागरिक हुन्। उनीहरूका प्रत्येक कामकारवाही र गतिविधिले समाजको एउटा ठूलो हिस्सालाई प्रभावित पार्दछन्। त्यसैले उनीहरूले सामाजिक अग्रगतिका सम्भाव्य उपायहरूको गंभिर अध्ययन गर्ने र त्यो अध्ययनका आधारमा प्राप्त ज्ञानलाई आफ्नो कार्यक्षेत्रमा विस्तार गर्ने कामपमा लगाउनुपर्दछ। आम बोलीचालीको भाषामा यसलाई चेतना अभिवृद्धिको कार्यक्रम पनि भन्न सकिन्छ। यो चेतना अभिवृद्धिको कार्यक्रममा राजनीतिक, आर्थिक र सामाजिक व्यवस्थापनका विषयहरूलाई समावेश गरिनुपर्दछ। यस्ता महिलाहरू, स्थानीय तहमा आम महिला विकासको एजेण्डाका अगुवा बन्न सक्छन् र स्थानीय तहले महिला विकासका सन्दर्भमा महत्वपूर्ण कामहरू गर्नसक्छ।

निर्वाचित महिलाहरूले स्थानीय जनतासितको सम्बन्धलाई घनिष्ट बनाउ दै लैजानुपर्दछ। उनीहरू जनताका मालिक होइनन्, जनताका अगुवा हुन्। त्यसैले उनीहरूले आफ्नो व्यक्तिगत चरित्र र आचरण शुद्ध राख्ने कुरामा विशेष ध्यान दिनुपर्छ। चरित्र र आचरण भन्नासाथ मानिसहरू सामन्ती ढर्रामा सोच्न थाल्दछन् । शुद्धताको माग त्यहा पनि गरिनुपर्छ। तर यहा उठाउन खोजिएको विषय भनेको उनीहरू आर्थिक अनुशासनमा बस्ने, अनियमित आमदानीको लोभ नगर्ने, जनतासामु सधैं विनम्रतापूर्वक प्रस्तुत हुने, जनताको दुःखमा घनिष्ट हुने र उनीहरूको खुशीमा रमाउन सक्ने हुनुपर्छ भनिएको हो । यसरी महिलाहरू समाजका अभिन्न अंग बन्न पुग्छन् र उनीहरूले सामुदायिकरूपमा महिलालाई त्यही सामाजिक प्रणालीको अंग बनाउने छन्।

महिलाको विकास भन्नासाथ मानिसहरूमा शीपमूलक प्रशिक्षण आदि जस्ता कुराहरू जन्मिन्छन्। यथार्थमा एक या दुई कुरा सिकाएर महिलाहरूको विकास सम्भव छैन। महिलाहरूको पछौटेपनको मूल कारण राजनीतिक हो । त्यसैले राजनीतिमा महिलाहरूको अग्रता खोजिनुपर्छ। महिलाहरू पछौटे रहिरहनुको अर्को कारण भनेको सामाजिक उत्पीडन हो। त्यसैले सबैखाले सामाजिक उत्पीडनका पर्खालहरूलाई भत्काइनुपर्छ। आर्थिकरूपमा महिलाहरू पराधीन भएका हुनाले महिलाहरूको विकास नभएको हो भन्ने गलत धारणा अहिलेको महिला आन्दोलनमा समेत विद्यमान छ, यथार्थमा समस्या त्यो होइन। महिलाहरू आर्थिकरूपमा पराधीन छैनन्। उनीहरूको श्रममाथिको अधिकार मात्र स्थापित हुन नसकेको हो। महिलाहरूको श्रमको मूल्यांकन भएको छैन र त्यो श्रमको मूल्य पनि उनीहरूले पाइरहेका छैनन्। आर्थिकरूपमा महिलाहरू पराधीन छन् भनेर आन्दोलनलाई बहकाउने सोच यथार्थमा महिला विकासको बाधक सोच हो। शहरमा बसोबास गर्ने एकाध महिलाहरू आर्थिकरूपमा पराधीन होलान् तर जनसंख्याको ९३ प्रतिशत गाउ मा बस्ने हाम्रो कृषि प्रधान मुलुकको श्रमशक्तिको बहुसंख्या महिला नै हुन् र आज उनीहरूको श्रमको मूल्यांकनलाई आफूले गरेको श्रममाथिको अधिकारको ग्यारेण्टीलाई

महिला आन्दोलनकी मूल विषय बनाउनुपर्छ।

माथिको अवधारणामा उभिएर स्थानीय निकायहरूले आफ्नो जिल्लाको विशिष्ठ परिस्थितिको विश्लेषण गरी महिला उत्थानका कार्यक्रमहरू बनाउनुपर्छ। उनीहरूले बालिकाहरू, असहाय, विधवा र वृद्धाहरूप्रति राष्ट"को दायित्व हुनुपर्ने कुराको ग्यारेण्टी गर्ने कामहरू गर्नुपर्छ। उनीहरूले सामाजिक कुरीतिहरू हटाउने, महिला शिक्षा विकासका कार्यक्रमहरू संचालन गर्ने, महिला सुरक्षाका लागि विभिन्न गतिविधिहरू संचालन गर्ने जस्ता कामहरू पनि गर्नुपर्दछ।

महिलाहरूको विकास भन्नेबित्तिकै आम बोलीचालीमा आरक्षण भन्ने एउटा शब्द आउने गरेको छ। सुन्दा अत्यन्तै सुन्दर लाग्ने यो आरक्षणका बारेमा महिलाहरूका बीचमा गंभिर छलफल हुनु जरूरी हुन्छ। आरक्षण किन ? आरक्षणको प्रतिफल के ? आरक्षणले समुदायलाई कसरी र कति लाभ हुन्छ भन्ने बहस महिला आन्दोलनको विषय बनाइनुपर्छ। सुन्दा जतिसुकै सुन्दर लागे पनि आरक्षण, आन्दोलनको हितमा आउन सकेन भने सामुदायिकरूपमा महिलाहरूको विकास सम्भव हु दैन । आरक्षण कमजोरीको एउटा अभिव्यक्ति हो । महिलाहरू पछौटे छन् र उनीहरूप्रति विशेष व्यवहार गरिनुपर्छ भनेर नै आरक्षणको सोच बनाइएको हो। झट्ट सुन्दा यस्तो सोच ठीक लाग्ला । तर यही सोचका आधारमा महिलाहरूको पछौटेपनलाई समाप्त गर्ने ठोस कार्यक्रम तय गर्ने कुरालाई बिर्सिइयो भने आरक्षणले अन्तिम निष्कर्षमा महिला समुदायको हित हुँदैन।

आरक्षण आफैंमा समस्याको समाधान होइन। त्यो त एउटा उत्तोलक मात्र हो। महिलाहरूको अग्रगतिलाई सघाउ पु×याउन सक्ने एउटा औजार मात्र हो। तर अहिलेसम्म आरक्षणको त्यस्तो व्याख्या गरिएको छैन। महिला विकासको समग्र कार्यक्रम बनाएपछि त्यो कार्यक्रम सम्पन्न गर्नका लागि विशेष कार्यक्रमका रूपमा नै आरक्षणलाई लिइनुपर्दछ।

६. निष्कर्ष

गोष्ठीहरूका लागि महिलासम्बन्धी कार्यसूची एउटा सहज कार्यसूची हो। त्यसैले अत्यन्तै धेरै संघ(संस्थाहरूले महिलाको अधिकारसम्बन्धी गोष्ठी गरेको पाइन्छ। त्यस्ता धेरै गोष्ठीहरूले महिलाहरूलाई समाजको हिस्सा होइन कि जस्तो गरेर प्रस्तुत पनि गर्दछ। महिला भनेका कुनै विशिष्ठ प्राणी हुन् र उनीहरूका बारेमा विशिष्ठै ढंगले सोचेर विशिष्ठ निष्कर्षहरू निकाल्नुपर्दछ भन्ने गरेको पनि पाइन्छ।

यथार्थ त्यस्तो होइन। महिला समुदाय मुलुकको उत्पीडित समुदाय हो। मुलुकको सामाजिक व्यवस्था वर्गीय छ। त्यसैले यहा शोषण, दमन, उत्पीडन छ। यहा भेद छ। यहाँ षडयन्त्र र जालझेल छ । यहा हत्या, आतंक र अनाचारको राज । उत्पीडित समुदाय भएको हुनाले महिला समुदाय यस्ता सबैखाले अनाचारको शिकार भएको छ। उनीहरूमाथिको शोषण, दमन र उत्पीडन आमरूपमा नेपालको मजदूर र किसानले खेपिरहेको शोषण दमन र उत्पीडन जस्तो मात्र हो।

महिला आन्दोलनलाई हेर्ने दुईखाले आ खाहरू छन्। यसो हुनु स्वभाविक हो। यो संसारलाई हेर्ने पनि दुईखाले आ खाहरू छन्। त्यसैले महिला आन्दोलनलाई हेर्ने दुईखाले आ खा छन् भनेर चित्त दुखाउनुपर्ने कुनै कारण छैन। एउटा आँखाले महिला आन्दोलनलाई स्वच्छन्दताको आन्दोलन बनाउन चाहन्छ, त्यो महिला मुक्तिको बाटो होइन। संसारका सर्वाधिक आधुनिक मुलुकहरूमा महिलाहरू बलात्कृत भैरहेका छन् र उनीहरूले आफूमाथि भएको उत्पीडनको प्रतिरोध गर्न पाएका छैनन्। त्यस्ता मुलुकहरूमा महिलाहरू भीख मागेर बा चेका छन्, लाउने लुगा नभएर जाडोमा कठ्यारिग्रएर मरेका छन्। उनीहरू त्यहा पनि घरेलु हिंसाको शिकार बनेका छन् र सामाजिक उत्पीडनमा परेका छन्।

स्वच्छन्दतालाई नै महिला आन्दोलन मान्ने दर्शन, आधारभूतरूपमा उत्पीडकहरूको दर्शन हो। त्यसैले त्यसले महिलाहरूलाई अधिकार सम्पन्न बन्न दिनै चाहँदैन। स्वच्छन्दतावादी आन्दोलन महिला मुक्तिको मृगतृष्णा मात्र हो। त्यो आन्दोलनले महिलालाई दासीबाट वेश्या बनाउने काम मात्र गर्दछ।

महिला आन्दोलनलाई हेर्ने अर्को आँखा भनेको राष्ट्रिय मुक्तिको आँखा हो। समकालीन विश्वमा समाजवादी आन्दोलनका बाहकहरूले महिलाहरूले भोग्नुपरेको समस्यालाई सही ढंगले चिनेका छन् र साँचो अर्थमा महिला मुक्तिका ठांस विषयहरू अघि सारेका छन्। आफ्नो श्रममाथि महिलाहरूको अधिकार सुरक्षित गर्नका लागि उनीहरूले संसारको ठूलो श्रमशक्तिले संचालन गरेको अर्थात मजदूर किसानले चलाएको आन्दोलनमा समाहित हुनुपर्छ भन्ने निष्कर्ष निकालेका छन्। यो निष्कर्ष नै महिला आन्दोलनको अग्रगतिको सही निष्कर्ष हो। यथार्थमा महिलाहरू एक्लै स्वतन्त्र हुन चाहे पनि हुनै सक्दैनन्। महिला मुक्ति एउटा सामाजिक विषय हो। समाजमा विद्यमान शोषण, उत्पीडन समाप्त नहोउन्जेल कुनै हालतमा पनि महिलाहरू स्वतन्त्र हुनै सक्दैनन्। आफ्नो स्वतन्त्रताका लागि नै महिलाहरूले सामाजिक आन्दोलनको, राष्ट्रिय मुक्ति आन्दोलनको अभिन्न अंग बन्नुपर्दछ।

कमला पराजुली, इन्सेक

पैतृक सम्पत्तिमा समान अधिकार भन्ने नारा शहरका महिलाहरूले उठाएको हो, गाउँका महिलाले उठाएको हैन भन्ने सवाल उठ्यो तर महिला अधिकार भन्नाले सम्पूर्ण सम्पत्तिमा समान अधिकार हो भन्ने आममहिलाको धारणा रहेको छ। यस सवालमा स्पष्ट पारिदिनु हुन कार्यपत्र प्रस्तोतालाई अनुरोध गर्दछु।

कार्यपत्र प्रस्तुतिपछि सहभागीहरुले प्रस्तोतासँग विभिन्न जिज्ञासा राखे ।

उषा धिताल, बाहुनडाँगी गाविस, वडा अध्यक्ष, झापा

कार्यपत्र प्रस्तोताले स्थानीय तहमा करिव ३६,००० महिला आरक्षणद्वारा निर्वाचित भएको सन्दर्भमा उल्लेख गर्दा र कतै आरक्षण व्यवस्थाले महिलाहरूको विकासमा सहयोग पुऱ्याउन नसकेको बताउँदा हामीलाई निरूत्साहित न पार्न खोजिएको हैन भन्ने भ्रम सिर्जना भएको छ। यसबारे स्पष्ट पारिदिनुहुन अनुरोध गर्छु ।

नैनकला ओझा, जिविस सदस्य मोरङ

महिला आरक्षण सीट भनेको हाललाई उनीहरू विविध कारणले प्रतिस्पर्धामा जान नसक्ने भएकाले राखिएको हो। हामी महिलाले यो आरक्षण सीटलाई उपयोग गर्दै पुरूषसूगको प्रतिस्पर्धामा सामेल हुने क्षमताको अभिवृद्धि गर्नुपर्दछ। पैतृक सम्पत्तिमा समान अधिकारको विधेयक सबै राजनीतिक पार्टीको सहमतिअनुरूप ल्याएको हो तर हाल आएर केही राजनीतिक पार्टीले विरोध गर्दै सदनमा प्रस्तुत गर्दैनन् भने हामी सम्पूर्ण महिला एकजुट भएर संघर्षमा उत्रन पछि नपर्ने विचार व्यक्त।

गीता तिमिल्सिना, जिविस सदस्य, रौतहट

महिला समस्या भनेको साझा समस्या हो। यस्ता समस्याहरू निराकरण गर्न सामूहिक प्रयास गरिनुपर्दछ। राजनीतिकरंग दिइनुहुँदैन भन्ने विचार व्यक्त।

विमला धिमिरे, झरुवारासी गाविस-७, वडा अध्यक्ष, ललितपुर

महिला समस्यालाई सामूहिकरूपमा पहल गरी हटाउन सकिनेबारे विस्तृत व्याख्याप्रति जिज्ञासा।

सरिता जिसी, प्यूठान, गाविस सदस्य

कार्यपत्र समग्ररूपमा राम्रो छ। आरक्षण व्यवस्थामा मात्रै महिलाहरूले भर पर्ने सोचाइ त्याग्नुपर्छ। प्रतिस्पर्धामा सामेल हुनुपर्दछ भन्ने विचारप्रति ध्यान दिनु आवश्यक छ। कार्यपत्रमा पैतृक सम्पत्तिमा महिला अधिकारको बारेमा प्रष्टसँग विषय उठान भएन। कार्यपत्र प्रस्तोता र उहाँको पार्टीको यससम्बन्धी धारणा के हो ? स्पष्ट पारिदिए राम्रो हुने थियो ।

अमृतादेवी खड्का, धुरकोट गाविस उपाध्यक्ष, अछाम

दुई ध्रुवमा विभाजित भएको राजनीतिक विचारबारे थप व्याख्या भए राम्रो ।

कुमारी तामाङ, बोच गाविस, वडा अध्यक्ष, दोलखा

नेकपा एमालेको महिला हक अधिकारसम्बन्धी धारणा स्पष्टसँग राखिदिनुहुन अनुरोध गर्दछु।

चिउडे लामा, जिविस सदस्य, मनाङ

गाविस तथा जिविसका महिला जनप्रतिनिधिहरूको काम केवल बैठकमा कोरम पुऱ्याउने मात्र भएको भन्नुभएजस्तो लाग्यो, कृपया स्पष्ट पारिदिनुहुन अनुरोध छ।

पद्मा धिमिरे, सिन्धुली जिविस सदस्य

प्रदीप नेपालज्यूले शहरी महिलाहरूको माग "पैतृक सम्पत्तिमा समान अधिकार र ग्रामीण महिलाहरूको माग श्रममा समान अधिकार" हो भन्ने बताउनुभयो। तर ग्रामीण महिलाहरूले पैतृक सम्पत्तिमा समान अधिकारका लागि संघर्ष गर्दै आएका सर्वविदितै छ, यसबारेमा स्पष्ट पारिदिनु हुन अनुरोध छ। आरक्षण कोटाले महिला हक अधिकारको पूर्णरूपमा संरक्षण गर्दैन किनकि प्रतिस्पर्धामा उत्रन सक्ने महिलाहरूलाई पनि आरक्षण कोटाअन्तर्गत जनप्रतिनिधि बनाइएको यथार्थ गत स्थानीय चुनावमा देखियो। यसबारे थप स्पष्ट हुन पाए राम्रो हुने थियो ।

लक्ष्मी सिंह, इन्सेक् महिला अधिकार कार्यदल सदस्य

प्रजातन्त्रको बहालीपछि राजनीतिपीडितहरूलाई सम्मानस्वरूप दिइने राहत कार्यक्रममा किन महिलाहरूलाई समावेश गरिएन ? महिला हकहितको संरक्षण केवल आरक्षण सीटले मात्र गर्नुपर्ने अवस्था किन आयो ?

विना ज्ञवाली, बर्दिया जिविस सदस्य

महिलाहरूले प्रतिस्पर्धामा आउनुपर्दछ, आरक्षण सीट भरपर्दो हैन भन्ने विचार प्रस्तोताले राख्नुभयो तर मलाई के लाग्छ भने सहाना प्रधान, शैलजा आचार्य जस्ता महिलाहरू किन आरक्षण सीटभित्र पर्नुभयो ? के उहाँहरूमा प्रतिस्पर्धा गर्ने क्षमता थिएन त ? तसर्थ महिलाहरूले आरक्षण सीटमा मात्र निर्भर हुने हैन, राजनीतिकरूपमा प्रतिस्पर्धामा उत्रने वातावरण तयारीका लागि आन्दोलित हुनुपर्दछ।

संसदमा प्रतिनिधित्व गर्ने महिला नेतृहरूले किन महिला विरोधी कानूनहरू संशोधन गर्न पहल गर्नुभएन ? यदि पहल गरिएका भए यी कानूनहरू किन संशोधन भएनन् ?

अम्बिका थापा, जिविस सदस्य, उदयपुर

परिषद्मा रहेका महिलाहरूलाई किन जिविस बैठकमा उपस्थिति हुन दिइँदैन? कानूनीरूपमा यसको व्यवस्था मिलाउन किन पहल हुन सकेन ?

शारदा सिलवाल, धैलुकुवा गाविस, वडा अध्यक्ष, लमजुङ

निर्वाचित महिलाको आचरण सुदृढ पार्नुपर्दछ भनेर कार्यपत्र प्रस्तोताले जोड दिनुभयो र आर्थिक कारोवारमा शुद्ध हुन जोड दिनुभयो। यीबाहेक जनप्रतिनिधिको नैतिक आचरण पनि शुद्ध हुन आवश्यक छ कि छैन ? छ भने किन यी कुरामा कार्यपत्रमा ध्यान दिइएन।

देविका तिमिल्सिना

गैससहरूले लैंगिक विभेदका कुरा गर्दछन्। शोषण, विभेदका विषयमा कुरा गर्दा गैससले उरालेका छन् भन्ने जस्ता लाञ्छना गैससहरूमाथि लगाइन्छ। गैससको सवालमा प्रदीप नेपालजीको स्पष्ट हेराइ के छ? यदि महिला अधिकारको बारेमा गैससले उठाएका सवालहरू सही छैनन् भने उहाँको कार्यपत्रमा स्पष्टरूपमा भनिनुपर्ने थियो तर त्यस्तो भएको पाइएन किन होला? लैंगिक विभेद समाजबाट अन्त्य गर्न के के कुराहरू आवश्यक छन्? स्पष्ट पारिदिनुहुन्थ्यो कि ?

यी सम्पूर्ण सवालहरुमा कार्यपत्र प्रस्तोताको जवाफ

- अहिलेको मुख्य मान्यता भनेको श्रममाथि महिलाको अधिकार सुरक्षित हुनुपर्छ भन्ने सवाल मुख्य हो। सम्पत्तिमाथि महिलाको समान अधिकारको सवाल दोस्रो सवाल हो।
- पैत्रिक सम्पत्तिमाथि महिलाहरूको समान अधिकार हुनुपर्छ भन्ने विषयमा द्विविधा छैन, तर महिलाहरूले ध्यान दिनुपर्ने सवाल भनेको श्रममाथिको अधिकार सुरक्षित गर्नुपर्ने हो।
- आरक्षण भनेको दया हो, आरक्षणले मानिसलाई कमजोर बनाउँछ। तर अहिलेको अवस्थामा आरक्षणलाई जारी राख्दै क्षमता र शीपलाई अंगिकार गर्दै जानुपर्छ।
- तपाईंहरूको समस्या समाधानका लागि कस्तो विधेयक आवश्यक छ भन्ने कुरा तपाईंहरूबाटै/छलफलबाटै आयो भने राम्रो हुन्छ।
- महिला समस्याहरूलाई साझा समस्याको रूपमा लिएर छलफल गर्नुपर्छ।
- गाँस, बाँस, कपास र सामाजिक न्यायको अधिकार प्रजातन्त्रमा हुँदैन, समाजवादमा हुन्छ। त्यसैले जहाँ जे माग्यो त्यही पाइँदैन, त्यसको सीमाभित्र रहेर माग गर्नुपर्छ ।
- अभिव्यक्तिको अधिकार प्रजातन्त्रमा हुन्छ, पूँजीवादमा हुन्छ।

- महिला समानताको वकालत गर्ने पार्टी कम्युनिष्ट पार्टीमात्रै हुन्छ। अरू सबैले यसको वकालत गर्दैनन्।
- क्लारा जेट्किनले नै महिला अधिकारलाई राजनीतिक आन्दोलनको रूपमा उठाउनुपर्छ भन्ने मान्यतांलाई अगाडि सार्नुभएको हो। यसलाई कसैले चुनौती दिन सकेका छैनन्।
- यो व्यवस्थाको अन्त्य नहुँदासम्म महिला समस्या समाधान हुँदैनन्। सामाजिक परिवर्तन नहुँदासम्म महिलाहरूले पूर्ण अधिकार प्राप्त गर्न सक्दैनन्।
- महिलाहरूले राजनीतिक पार्टीहरूमा भेदभाव छ भनेर सानूहिकरूपमा उठाएको आधारमा मूल्यांकन गर्दा भेदभाव छ भन्ने प्रष्ट हुन्छ।
- महिलाहरूले गरेको कामको मूल्यांकन भएको छैन। मूल्यांकन गराउनका निम्ति तपाईंले "यो काम हो, यसको मूल्यांकन हुनुपर्‍यो" भनेर प्रमाणित गराउन आन्दोलन गर्नुपर्‍यो। तसर्थ श्रममाथिको अधिकार कायम गराउने प्रमुख जिम्मेवारी बहन गर्न आन्दोलन संचालन गर्नु जरूरी छ।
- महिलाहरूको प्रतिनिधित्व बढ्नुपर्छ। आरक्षणलाई कायम राख्दै प्रतिस्पर्धातर्फ अगाडि बढ्न सकियो भने महिला प्रतिनिधिन्व बढाउन सकिन्छ।
- महिला अधिकारको सुरक्षाका खातिर विधेयकहरू ल्याउनका निम्ति सामुदायिकरूपमा दबाब दिनुपर्छ। बसेर अधिकार पाइँदैन। तैपनि अहिले भएको प्रतिगमनकारी, पुनरूत्थानकारी, प्रतिक्रियावादी र प्रजातान्त्रिक संसदले महिला अधिकारमा टेवा दिन सक्दैन।
- त्यसको निम्ति प्रजातान्त्रिक संसद बन्नुपर्छ। महिला हितका निम्त काम गर्ने पार्टीको बहुमत ल्याउनुपर्छ।
- आचरण, नैतिक शुद्धतातर्फ हामी विशेष केन्द्रित हुनु पनि जरूरी छ। आर्थिक अनुशासनलाई बिर्सेर जनताको नेता बन्न सकिँदैन।
- संसारमा दुईथरि गैससहरू छन्। एकथरि शहर केन्द्रित छन, ठालु छन्। अर्कोथरि काम गर्ने छन्, जनताको काम गर्छन्।
- गैससहरूलाई लगाम लगाउनुपर्छ र जनताअनुसार काम गराउनुपर्छ। पैसा ल्याउने, काम नगर्नेलाई लस्वेट्नुपर्छ। काम गर्ने र नगर्नेलाई एउटै लहरमा राख्नुहुँदैन।
- लैंगिक भेद रहेसम्म महिला/पुरूषबीच समानता हुँदैन। यो व्यवस्था नै यस्तै भएकाले यस्तो भेद कायम हुन्छ। समाजवादमा मात्र यसको अन्त्य सम्भव हुन्छ।
- अहिले तपाईंको लडाईं अधिकतम अधिकार लिने लडाईंमात्र हो, त्यसैले सबै समान हुनलाई समाजवादतर्फ उन्मुख हुनुपर्छ। सबै गैससहरू खराब हुन् भन्ने उल्लु हुन्, गैससहरूप्रति तयारी धारणा राख्ने व्यक्ति हुन।

प्रदीप नेपालको कार्यपत्रमाथि छलफल गरी समूहद्वारा निकालिएका निश्कर्ष

समूह नं. १

सहजकर्ता : जयन्ती श्रेष्ठ

केन्द्रित विषय : विकास भनेको के हो, के के हुदा स्थानीय विकास हुन्छ?

- मानव आवश्यकता परिपूर्ति नै विकास हो।
- समाजको चेतनाको अभिवृद्धि नै विकास हो।
- विद्यमान कुरामा सकारात्मक परिवर्तन हुनु नै विकास हो।
- कुनै पनि कामलाई योजना बनाई कार्यान्वयन गर्नु नै विकास हो।

के के हुँदा स्थानीय विकास हुन्छ ?

- स्थानीय विकास हुनलाई अधिकारहरू स्थानीय तहमा विकेन्द्रीकरण हुनुपर्छ, केन्द्रीकरणबाट विकास सम्भव छैन।
- नीति निर्माण र बजेट बाँडफाँडमा महिलाको प्रत्यक्ष सहभागिता हुनुपर्छ।
- स्थानीय तहमा विकास निर्माणसम्बन्धी योजना तर्जुमा, कार्यान्वयन तथा निरीक्षण कार्यमा महिला प्रतिनिधिको प्रत्यक्ष सहभागिता हुनुपर्छ।
- जनप्रतिनिधिहरू जनताप्रति उत्तरदायी हुनुपर्छ।
- स्थानीय तहका कर्मचारी, गाविस सचिव, नगरपालिकाका कार्यकारिणी अधिकृतहरू जनप्रतिनिधिहरूप्रति उत्तरदायी हुनुपर्छ।

समूह प्रमुखकी भागिरथी प्रधान, गुल्मी जिविस सदस्य

यस समूहका सहभागीहरुको नाम

१) शान्ति राई
२) हिमकुमारी खड्का
३) शीला कतिला
४) जगतारैनादेवी साह
५) तुलसी श्रेष्ठ
६) गोमा भुर्तेल
७) विष्णुकुमारी गजुरेल
८) सरिता शाही
९) मिरा केसी
१०) आन्धारत्न जवेगु
११) नन्दा शर्मा
१२) कमला न्यौपाने
१३) तुलसा धिताल
१४) हिरादेवी पौडेल
१५) फूलमाया लामा
१६) दुर्गाकुमारी सुवेदी
१७) धनमाया वि.क.
१८) कमला थापा
१९) अनिता साह

समूह नं. २

सहजकर्ता : कविता अर्याल

केन्द्रित विषय : स्थानीय निकायमा महिला जनप्रतिनिधिको आवश्यकता किन छ ?

- महिलाहरूको समस्या बुझ्ने, त्यसको समाधान गर्न सक्ने क्षमता महिलाहरूमा नै बढी हुने भएकाले महिला जनप्रतिनिधिको आवश्यकता छ।
- स्थानीय निकायमा भैपरी आउने समस्या झेल्नुपर्ने हुन्छ। यसको समाधान गर्न सक्ने क्षमता महिलामा विशेष हुने भएकाले महिला जनप्रतिनिधिको आवश्यकता छ।
- स्थानीय निकायदेखि नै महिलाहरूलाई सक्रिय गराउँदै माथिल्लो तहसम्म पुऱ्याउन आवश्यक भएकाले स्थानीय निकायमा महिला जनप्रतिनिधिको आवश्यकता पर्छ।
- स्थानीय निकायमा महिलाहरूले जनप्रतिनिधि भएर अधिकतमरूपमा जनतालाई समेटेर अगाडि बढ्न सके भने अरू महिलाहरूलाई पनि प्रेरित गर्न सकिन्छ। त्यसैले महिला प्रतिनिधिको आवश्यकता छ।
- आफ्नो घर दैलोदेखि गाउँ, समुदायसम्म सामाजिक योगदान परिचालन गर्ने खुवी महिलाहरूमा भएकाले महिला जनप्रतिनिधिको आवश्यकता छ।
- प्रशासनिक फाँटमा जनप्रतिनिधि महिलाहरूलाई हेर्ने दृष्टिकोण र अरू महिलाहरूलाई हेर्ने दृष्टिकोण फरक हुने भएकाले महिला प्रतिनिधिको आवश्यकता छ।

यस समूहकी प्रमुख तुलसा धिताल

सहभागीहरूका नाम

१) अन्तमाया मगर
२) टुका हमाल
३) प्रेमा पौडेल
४) दिलकुमारी गुरूङ
५) लालमाया राई
६) लक्ष्मी बाँस्कोटा
७) लालमन वाइवा
८) भीमकुमारी राउत
९) कमला ज्ञवाली
१०) मैया केसी
११) लक्ष्मी पराजुली
१२) भगिरथी प्रधान
१३) कलावतीदेवी चमार
१४) शारदा कोइराला
१५) देवका कार्की
१६) विना ज्ञवाली
१७) पुष्पा भुषाल
१८) विष्णुमाया घले
१९) नर्मदामाया पुलामी मगर

समूह नं. ३

सहजकर्ता : शवनम शर्मा

केन्द्रित विषय : विकासका लागि के, कस्ता कार्यक्रमहरु संचालन गर्न आवश्यक छ ?

सरकारी पक्षबाट

- जिल्ला जिल्लामा गएर जनचेतना जागरण गर्ने।
- निःशुल्क शिक्षा अनिवार्य लागू गर्ने।
- रचनात्मक काम (खानेपानी, धारा, बिजुली, बाटो, स्वास्थ्य चौकी) को व्यवस्था गर्ने।
- बजेट तर्जुमा र कार्यान्वयन गर्ने।
- आयमूलक कार्यक्रमहरूसम्बन्धी शीपमूलक काम गर्ने।
- कृषिसम्बन्धी विशेषज्ञको माग गरी उन्नत तरकारीको खेती, पशुपालन, बीउ विजनसम्बन्धी तालिम दिने।
- उत्पादन भएका वस्तुहरूको उचित बजार व्यवस्था गर्ने।
- प्रत्येक जिल्लामा कानूनबारे महिला जनप्रतिनिधिलाई सचेत तुल्याउने।
- शारीरिकरूपमा असहाय अपांगहरूलाई जीविकोपार्जन गर्ने व्यवस्था मिलाउने।
- स्वास्थ्य मन्त्रालयले गर्ने राष्ट्रव्यापी कार्यक्रमहरू जस्तैः पोलियो, भिटामिन ए आदि **दीर्घकालीन** कार्यक्रम संचालन गर्न।
- दुर्गम जिल्लाका महिलाहरूका कामहरू लेखाजोखा गरी पारिश्रमिक व्यवस्था गर्ने।
- तल्लो निकायका महिलाहरूका निर्णयहरू पनि प्राथमिकतासाथ कार्यान्वयन गर्नुपर्ने।

गैरसरकारी पक्षबाट

- जनचेतना वृद्धि
- तालिम, भेला, गोष्ठी, समय-समयमा गरिरहने
- प्रौढ शिक्षा र चेलीबेटी कार्यक्रमहरूमा जोड दिने
- आयमूलक कामहरू संचालन गर्ने
- चेलीबेटी बेचबिखन, मातृशिशु स्याहार, परिवार नियोजन र मातृ मृत्युजस्ता समस्याको समाधानमा जोड दिने
- नदी कटान, वृक्षारोपण, खानेपानी, स्वास्थ्यमा जोड दिने

राजनीतिक पक्षबाट

- ठूलादेखि साना राजनीतिक पार्टीहरूबाट रचनात्मक काममा जोड दिने
- योजनाहरू माग गर्ने र कार्यान्वयनतर्फ जोड दिने
- गाविस र जिविसहरूमा विकास निर्माणसम्बन्धी विशेष माग गर्ने
- विकास निर्माणका लागि योजना तर्जुमा गर्दा बढी महिलाहरूको सहभागिता गराउने
- राजनीतिमा बढी महिला सहभागी गराउने

यस समूहकी टोली प्रमुख शोभा भण्डारी

सहभागीहरुको नाम

१) शोभा भण्डारी
२) पाउसरा थापा
३) गीता तिमिल्सिना
४) रामशोभा राई
५) पार्वती बुढाऐर
६) सानुमैया दनुवार
७) निर्मला इजम
८) तारा योगी
९) भक्तमाया राना
१०) तारा श्रेष्ठ
११) लिला केसी
१२) दुर्गा भेटवाल
१३) संगिता राई
१४) शारदा सिलवाल
१५) विजया घिमिरे
१६) नैनकला ओझा
१७) मिना रस्वाल
१८) शारदा श्रेष्ठ
१९) लालमुन वाइवा

समूह नं. ४

सहजकर्ता : शकुन्तला बराल

केन्द्रित विषय : स्थानीय विकासमा जनपरिचालन कसरी गर्न सकिन्छ ? स्थानीय स्रोत र साधनहरु (भौतिक र मानसिक) महिलाहरुको विकासमा गाउँ तहबाट के गर्न सकिन्छ?

सर्वप्रथम योजनाहरु लिएर जाने ।

मानसिक विकास

- शिक्षा
- चेतनाको विकास
- आत्मबल
- क्षमता
- सभा, गोष्ठी आदि

भौतिक

- स्कूल
- स्वास्थ्य चौकी
- खानेपानी
- बिजुली, संचार
- पुल, बाटोघाटो - समाधान

महिलाहरूको विकासका लागि गाउँ तहबाट के गर्न सकिन्छ ?

- चेतनाको विकास गरेर
- आयमूलक कार्यक्रम, शीपमूलक कार्यक्रम गरेर
- समूह-समूह बनाएर, सहकारी संस्था बनाएर सहयोग गर्ने
- शीप सिकाउने, सिलाई बुनाई
- करेसाबारी, मस्यौरा, तितौरा, अचार, जाम जेली बनाउने सीप सिकाएर

- महिलाहरूलाई गाविसबाट आएको पैसाबाट पनि सहयोग गर्न सकिन्छ।
- विभिन्न संघ-संस्थासँग सामञ्जस्य स्थापित गराएर
- महिलाहरूको सुखदुःखमा सहभागी भएर
- कानूनी सर-सल्लाहको सहयोग गरेर

यस समूहकी टोली नेता नैनकला ओझा

यस समूहका सहभागीहरू

१)लोकमाया भज्जरद्धराई	६) विमला महत	११) वसन्ती भण्डारी	१६) उषा पोखरेल
२) सुशीला आचार्य	७) गीतादेवी घिमिरे	१२) बालकुमारी थापा	१७)अमृता खड्का
३) विमला कार्की	८) सरिता जिसी	१३) विद्या राई	१८) दुर्गा भुपाल
४) पुष्पा तामाङ	९) पद्मा घिमिरे	१४) गीता आचार्य	१९) शशी श्रेष्ठ
५) विष्णु लवट	१०) तारामाया गुरूङ	१५) सैली तामाङ	२०) शान्ता श्रेष्ठ

समूह नं. ५

सहजकर्ता : श्रुति रेग्मी

केन्द्रित विषय : कुन कुन क्षेत्रमा महिलाहरूका लागि आरक्षण (कोटा निर्धारण) आवश्यक छ?

- हरेक क्षेत्रमा महिलाहरूको आरक्षण सिट हुनु आवश्यक छ।
- स्थानीय तहमा आवश्यक (राजनीतिक)
- शैक्षिक क्षेत्रमा
- रोजगारको क्षेत्रमा
- खानेपानी
- स्वास्थ्य क्षेत्र
- योजना तर्जुमादेखि लिएर माथिल्लो नीति निर्माण गर्ने निकायमा समेत ५० प्रतिशत आरक्षण सिट हुनुपर्छ।
- आरक्षण सिटको सदुपयोग हुनुपर्छ।
- निश्चित अवधिपछि प्रतिस्पर्धामा उत्रिनुपर्छ।

यस समूहकी टोली नेता देउकला बराल

यस समूहका सहभागीहरू

१) मिठू पौडेल	६), चम्पा थापा	११) पन्चकुमारी न्यौपाने	१६) अम्बिका थापा
२) माया पौडेल	७) चिउडे लामा	१२) विमला घिमिरे	१७) देउकला बराल
३) चिरिमैया महर्जन	८) भीमा रेग्मी	१३) लिलामाया सुब्बा	१८) कमला अधिकारी
४) राजकुमारी गुरूङ	९) सुशीला नेपाल	१४) सावित्री मल्ल	१९) दानदेवी महतो
५) विष्णु पौडेल	१०) तारा ढकाल	१५) पद्मा घिमिरे	

समूह नं. ६

सहजकर्ता : उषा थपलिया

केन्द्रित विषय : महिला मुक्तिका लागि के कस्ता कार्यक्रमहरू संचालन गनुपर्छ र गर्नुपर्ने कामहरू के के हुन् ?

घर परिवारले गर्नुपर्ने काम

- महिलाहरूले चालेका कदमहरूलाई घर-परिवारलगायत् समाजले पनि सहयोग गर्नुपर्ने।
- बाबु-आमाले छोरीलाई कुनै किसिमको भेदभाव नगरी शिक्षामा समानता प्रदान गर्ने।

संघ-संस्थाले गर्नुपर्ने

- चेतनामूलक कार्यक्रमहरू महिलाबीचमा गाउँ-गाउँमा लिएर जाने
- विभिन्न अवसरहरू प्रदान गर्ने (जस्तैः राजनीतिक,भौतिक, आर्थिक सबैमा)

सरकारले गर्नुपर्ने

- महिलाहरूको श्रमको मूल्यांकन र श्रमको कदर हुनुपर्ने
- योग्यताअनुसारको रोजगारको व्यवस्था हुनुपर्ने
- विना धितों सरकारले व्यवसायका लागि ऋण दिनुपर्ने
- महिला स्वास्थ्यका लागि पनि सरकारले ध्यान दिनुपर्ने,
- महिलालाई चेतनाको विकास वृद्धि गर्न सरकारले ध्यान दिनुपर्ने,
- चेलीबेटी बेचबिखन, घरेलु हिंसा र महिला उत्पीडनविरूद्ध विभिन्न कदमहरू चाल्ने जस्तैः बालविवाह, बहुविवाह आदि
- दाइजो प्रथालाई व्यावहारिकरूपबाटै स्वारेज गर्ने, यदि कतै त्यस्तो कडा देखिएमा कारवाहीको व्यवस्था गर्नुपने।

महिलाहरु स्वयंले गर्नुपर्ने

- महिलाहरूले पनि आफ्नो चरित्रलाई नबिगारी लक्ष्य प्राप्तिका लागि संघर्ष गर्ने
- आफ्नो घर-परिवारलाई आफूले चालेको कदमबारे बुझाउँदै अगाडि बढ्ने
- बुहारीलाई पनि छोरी समान अधिकार र आधार दिने तथा परिवारमा यो वातावरण तयार गर्ने

यस समूहकी टोली नेता पुष्पा तामाङ

यस समूहका सहभागीहरू

१) देउरूपा वि. क.	६) सरोजकुमारी यादव	११) विन्दा ढुंगाना	१६) गीता अधिकारी
२) मन्जुदेवी भट्ट	७) शारदा उपाध्याय	१२) विष्णुमाया गुरूङ	१७) शान्ति अधिकारी
३) फूलमाया लामा	८) कुमारी तामाङ	१३) उषा चन्द	१८) विना श्रेष्ठ
४) चन्द्रकला पाठक	९) पार्वतीदेवी यादव	१४) भगिरथीदेवी बोहरा	१९)शिवसतिदेवी यादव
५) दुर्गादेवी धामी	१०) मना अधिकारी	१५) मनमाया बस्नेत	

त्यही दिन समूह-समूहका निष्कर्ष प्रस्तुति कार्यक्रम सम्पन्न भएपछि यस कार्यक्रमको तेस्रो तथा अन्तिम कार्यपत्रका रूपमा सुलोचना मानन्धरको महिला जनप्रतिनिधिको भूमिका निर्वाहमा देखापरेका चुनौती र समाधानका उपायहरू विषयक कार्यपत्र प्रस्तुत गरियो।

"महिला जनप्रतिनिधिको भूमिका निर्वाहमा देखापरेका चुनौती र समाधानका उपायहरू"

- सुलोचना मानन्धर

"थाङ्ना बोकी दरवारको चर्चा !" (खि क्यबियाः लायूकू च्यूताः) यो एउटा पुरानो प्रचलित नेवारी लोक उखान हो। यसको अर्थ हो- निम्न वर्गका निम्न किसिमका काम गर्नेहरूले दरवार अथवा राजनीति र नेतृत्वको चर्चा गर्न सुहाउँदैन। अर्थात् "राजनीति" तल्लो वर्गको विषय नै होइन। त्यस्तै समाजको आधा हिस्सा ओगट्ने महिलालाई पनि राजनीतिबाट पूरै अलग्याएर केवल थाङ्ना धुने काममा मात्र अलमल्याइदिएको छ, राजनीति र नेतृत्वको कुरा महिलाको विषय नै होइन भन्ने धारणाले इतिहासदेखि वर्तमानसम्मकै संस्कारमा उत्तिकै सशक्तरूपमा जरा गाडेको छ। यो एउटा परिस्थिति हो, यसलाई समस्याको रूपमा लिऔं या चुनौती !

पृष्ठभूमिः

आजको राजनीतिक विकासको सन्दर्भमा महिला जनप्रतिनिधिको कुरा तुलनात्मकरूपमा नौलो विषय भएको छ। सदियौंदेखि पुरूष प्रधानताले रजाई गरेको समाजमा दोस्रो दर्जाको प्राणीको रूपमा लिइने गरेका महिलाहरू राजनीतिमा देखा पर्नु, समाजको नेतृत्वमा अगाडि बढ्नु र बढाउनु भनेको एउटा ठूलो ऐतिहासिक चुनौती हो।

समाजमा पुर्खौंदेखि आएका र व्याप्त संस्कारगत पिछडिएका धारणाहरू "महिलाले समाजको निम्ति केही गर्न सक्दैनन्, गरिखाने जाते होइनन् भन्ने एकातिर यस्तो अविश्वास छ भने अर्कोतिर "पोथी बास्नु राम्रो हुन्न" पोथी वासेको घर राम्रो हुन्न भनी महिलालाई सुनियोजित ढंगले नै नेतृत्वबाट पछाडि धकेल्ने काम आज पनि प्रशस्त व्यवहारमा देखिन्छ। समयको मागलाई पन्छाउनै नसकेर जुन आरक्षणको

व्यवस्थाअन्तर्गत भए पनि आज २० प्रतिशत महिलालाई अर्थात जनप्रतिनिधिको रूपमा अगाडि ल्याइएको छ, केही हदसम्म यो समय र समाजको विकासको निम्ति सकारात्मक पाइला नै मान्न सकिन्छ। आज महिलाहरू यो रूपमा देखा पर्नुका पछाडि इतिहासका केही अगुवा महिलाहरूको भूमिकालाई बिर्सनुहुँदैन।

आधुनिक इतिहासमा बीसौं शताब्दीको शुरूवातदेखि नै महिलाहरूको राजनीतिमा भूमिका शुरू नभएको होइन। वि.सं. १९७४ तिर योगमाया, दिव्या कोइराला तथा अलि पछि आएर बाहुन, क्षेत्री र नेवार जातिका केही महिलाहरू काठमाडौं, जनकपुर आदि ठाउँमा महिला संघ-संस्था निर्माण गरी राजनीतिक कार्यहरूमा संलग्न रहँदै आएको इतिहास छ- जस्तो रेवन्तीकुमारी आचार्य, साधना प्रधान, साहना प्रधान, मंगलादेवी सिंह आदि। त्यस्तै नेपालको पहिलो निर्वाचित महिला जनप्रतिनिधिमा द्वारिकादेवी ठकुरानीको नाम उल्लेखित छ। तुलनात्मकरूपमा हेर्दा यो सहभागितालाई अझै पनि प्रभावकारी भूमिकाको रूपमा लिन मुस्किल पर्छ। नेतृत्वमा सँधैभरि पुरूषकै वर्चस्व कायम रहँदै आयो। निरंकुश निर्दलीय पञ्चायत कालमा महिलालाई समाजको आधा अंशको रूपमा नलिई मात्र एउटा वर्गको रूपमा लिइयो। र, महिला संगठनको व्यवस्था गरी महिलालाई राजनीतिमा ल्याउने, प्रतिनिधित्व गराउने नाममात्रको प्रयासद्वारा मनोनीत गरी केही महिलालाई नेतृत्व तहसम्म पुऱ्याइयो। २०४६ को जनआन्दोलनपश्चात् बल्ल महिलालाई अनिवार्यरूपमा राजनीतिमा सहभागी हुनुपर्ने एउटा प्रावधान राखियो। यसरी ५ प्रतिशत महिला जनप्रतिनिधिको आरक्षणबाट एउटा नयाँ पाइला अगाडि बढ्यो।

देशको आधा जनसंख्या, आधा मतदाताको रूपमा रहेका महिलाहरूको ५ प्रतिशतको प्रतिनिधित्व यो एक्काइसौं शताब्दीको दैलोमा पुगेको समयको निम्ति स्वीकार्य हुन सकेन। विभिन्न महिला विकाससम्बन्धी कार्यरत् संगठन र अखिल नेपाल महिला संघको मागमा २० प्रतिशत महिलाको प्रतिनिधित्वलाई अगाडि ल्याइयो। आज देशभरका गाविस, नगरपालिका जस्ता स्थानीय विकास र राजनीतिक क्षेत्रबाट निर्वाचन हुन बाँकी जिल्लाहरूलाई छोडेर ३६ हजारभन्दा बढी महिलाहरू स्थानीय विकास राजनीतिमा महिला जनप्रतिनिधिको हैसियतले अगाडि बढेका छन्। निश्चितरूपमा ती महिलाहरूले जनप्रतिनिधिहरूको रूपमा भूमिका निर्वाह गर्दा विभिन्न किसिमका चुनौतीहरूसँग सामना गर्नुपरेका छन्।

आज समाजमा विद्यमान समस्याहरू हरेक नागरिकले भोग्नुपर्ने समस्याहरू आज समाजको नेतृत्व दिन तम्सेका हरेक जनप्रतिनिधिहरूको निम्ति चुनौती भएका छन्। हरेक जनप्रतिनिधिहरूले सामना गर्नुपर्ने समस्या र चुनौतीहरू महिला जनप्रतिनिधिहरूको निम्ति पनि चुनौती नै सावित भएका छन्। युगौंदेखि समाजमा रहेका कुसंस्कार र असमान धरातलमा रहेर महिला हुनुको नाताले अर्थात लैंगिक भेदभावको कारणले भोग्नुपरेका समस्याहरू आम महिलाले भोगी नै रहेका छन् भने यसबाट महिला जनप्रतिनिधिहरू पनि अलग छैनन्। तिनै महिलाहरू तिनै समस्याको घेराहरूबाट जब महिला जनप्रतिनिधिको रूपमा अगाडि बढेका छन् भने महिला जनप्रतिनिधिका भूमिका निर्वाह गर्दा पक्कै पनि अझ थप समस्या र चुनौतीहरूसँग सामना गर्नुपरेका छन्। यसर्थ एक जना महिला जनप्रतिनिधि हुनुले थप या विशिष्ठ चुनौतीहरू पनि उनको भागमा पर्छन्। देशको नागरिकको हैसियतमा, अनि महिला हुनुको कारण र महिला जनप्रतिनिधिको भूमिका निर्वाह गर्दा समस्या र चुनौतीका रूपहरू केही फरक हुन्छन् भने एक जना महिला जनप्रतिनिधिले आफ्नो भूमिका निर्वाह गर्दा समाजका अरू सदस्यहरूले भन्दा फरक र थप दोहोरो तेहोरो चुनौतीहरूसँग सामना गर्नुपर्ने अवस्था छ।

समस्या र चुनौती भन्नु झट्ट हेर्दा एउटै कुरा जस्तो देखिन्छ। तर समस्या भन्नु "समस्या" मात्र हो। समस्यालाई नै चुनौतीको रूपमा लिँदा त्यहाँ केही सकारात्मकता पाउँछौं अर्थात केही हाँक र अवसरहरू पाउँछौं। आजका विद्यमान समस्याहरूलाई एक जना महिला जनप्रतिनिधिको हैसियतले

भूमिका निर्वाह गर्दा देखापरेका हरेक समस्याहरूलाई, बाधाहरूलाई कुल्चेर तिनैलाई खुड्किलो बनाई अगाडि बढ्नु समस्यालाई चुनौतीको रूपमा लिनु हो। अगाडि बढ्नका निम्ति यो एउटा विकल्परहित बाटो पनि हो।

महिला जनप्रतिनिधिहरूले भोग्नुपरेका चुनौतीहरू, अनि महिला जनप्रतिनिधिहरूका भूमिका निर्वाह गर्दा देखापरेका चुनौतीहरू धेरै प्रकारका छन्, तापनि मुख्य मुख्य चुनौतीहरूलाई मात्र बुँदागतरूपमा कानूनी, लैंगिक, आर्थिक, स्वास्थ्यसम्बन्धी, आर्थिक, प्रशासकीय दक्षता र सामाजिक तथा पारिवारिक समस्या अनि चुनौतीहरूका बारेमा व्याख्या र विश्लेषण यहाँ गर्नेछु। "जहाँ समस्या त्यहाँ उपाय" भन्ने एउटा लोक उक्तिलाई एकपल्ट हामीले हृदयंगम गरौं। अनि मात्र हाम्रा अगाडि अर्थात महिला जनप्रतिनिधिहरू सामु उभिएका विभिन्न किसिमका चुनौतीहरूबारे चर्चा गरौं:

कानूनी चुनौतीहरु:

महिला जनप्रतिनिधिहरूले आफ्नो भूमिका निर्वाह गर्दा देखापरेका कानूनी चुनौतीहरू मूलतः यसप्रकार छन् -

- महिला जनप्रतिनिधिको उचित प्रतिनिधित्व र भूमिका निर्वाह गर्नमा बाधक कानूनी व्यवस्थाहरू
- महिला जनप्रतिनिधिहरूलाई गरिने भेदभावमूलक कानूनी व्यवस्थाहरू अन्त गर्ने चुनौती
- महिला जनप्रतिनिधिहरूलाई आफ्ना कानूनी हक, अधिकार र कर्तव्यका बारेमा पूर्ण र स्पष्ट जानकारी लिन सकिने व्यवस्थाको अभाव
- महिलाप्रति गरिने हरेक प्रकारका भेदभावमूलक ऐन कानूनहरू हटाउन योगदान दिने चुनौती
- महिलाप्रति गरिने भेदभाव हटाउन बनिसकेका ऐन/कानूनहरूलाई प्रयोग गर्ने र गराउने चुनौती आदि।

कानूनलाई जान्नु र कानूनीरूपमा आफ्नो हक अधिकारलाई प्रयोग गर्न सक्षम हुनु भनेको महिला सशक्तिकरणको सवालमा होस् या आजको नेतृत्वको सवालमा होस् यो अनि महत्वपूर्ण पक्ष हो। तर दुर्भाग्य, महिलाहरू नै कानूनमा अनभिज्ञ छन्। समाजमा, परिवारमा आफ्नो हैसियत वा स्थान कहाँ छ र कति कुरा प्रयोग गर्न पाउँछन् भन्ने कुरा नजानेरै पनि महिला पछि परेका छन्। महिलाहरू पछाडि परेकै कारणले पनि यी कानूनी कुराहरू जान्न ढीलो भएको छ। यो एउटा आम महिलाहरूको समस्या भएको छ भने महिला जनप्रतिनिधिको भूमिका निर्वाह गर्दा यो समस्यासँग सामना गर्नुका साथै माथिका कुराहरूमा स्पष्ट भएर अगाडि बढ्नु एउटा चुनौतीका रूपमा देखापरेको छ।

कानूनमा एक आपसमा बाझिएका शब्दजालहरू चिन्नु, महिलाहरू राजनीतिमा आउन अनिवार्य कानूनी व्यवस्थाहरू के के छन् साथै कानूनी समस्यामा टड्कारोरूपमा देखापरेका छोरा र छोरीबीचको भेदभावहरूलाई बुझ्नु महिला जनप्रतिनिधिहरूका लागि प्रमुख समस्या छ भने समाधानका निम्ति आवश्यक पाइला चाल्नु अर्को एउटा चुनौती भएको छ।

विद्यमान कानूनी प्रावधानहरू हेर्दा महिलाका विरूद्ध भेदभावहरू केही चुनौतीहरू देखिन्छन्- जस्तो लोग्ने, स्वास्नी, आमा र छोरालाई अंश दिने तर छोरीलाई यो व्यवस्था छैन। त्यस्तै छोरा र स्वास्नीलाई खान लाउन नदिई राख्नुहुँदैन भन्ने व्यवस्था छ तर छोरीलाई त्यस्तो संरक्षणको व्यवस्था छैन। छोरा छोरीले नागरिकता पाउन बाबुको नामबाट मात्र पाउन सक्छन्, आमाको नामबाट पाउन सक्दैनन्। आज आएर सम्पत्तिमाथिको महिलाको अधिकारसम्बन्धी विधेयक मस्यौदा तयार भएर पनि अझै पनि विवादमा फसेको छ ,पास गराउन नसक्नुका पछाडि निश्चितरूपमा संसदमा महिला जनप्रतिनिधिको संख्या कम हुनु नै हो। यसैले २० प्रतिशतको आरक्षणको व्यवस्था आफै पनि कानूनीरूपमा

व्यवधान नै सावित भएको छ। कानूनमा समान हकका निम्ति महिला जनप्रतिनिधिहरू अगाडि आफै स्पष्ट हुनुका साथै लागू गर्नु र गराउनुपर्ने चुनौतीका रूपमा अगाडि छ।

लैंगिक समस्या र चुनौती:

नेपाल जातीय, भाषिक, धार्मिक र सांस्कृतिक विविधता भएको मुलुक भएकाले एकातिर मातृसत्तात्मक समाज र अर्कोतिर सत्तात्मक समाज रही हिन्दू धर्ममा पितृसत्तात्मक मान्यता रहेकाले र विगत दुई शताब्दीभन्दा वढी समयसम्म नेपाललाई राज्यले हिन्दू अधिराज्यको रूपमा मानेकाले गैरहिन्दूहरू खास गरेर प्रकृतिपूजक, बौद्ध धर्म, इस्लाम धर्म, लामा धर्म आदिमा हिन्दू धर्मको प्रभाव परेकाले मातृसत्तात्मक समाजहरू पितृसत्ताबाट प्रभाविन छन्। मातृसत्तामा लैंगिक विभेद हुँदैन, समानतामा आधारित हुन्छ तर पितृसत्तामा पुरूषको एकाधिकार, वर्चस्व र हालिमुहाली हुन्छ। यसको प्रत्यक्ष प्रभाव राजनीतिमा र नेतृत्वमा परेको छ। यसैले नेपालमा जनप्रतिनिधिहरू प्रायः पुरूषहरू मात्र छन् र पुरूषहरू मात्र जनप्रतिनिधि हुनसक्ने वातावरणलाई सामाजिक र राजनीतिक व्यवस्थाले पक्षपोषण गरेको छ। यस्तो परिस्थितिमा महिला जनप्रतिनिधि हुनै कठिन छ भने भएकाहरूलाई पनि विशेष समस्या सिर्जना भएको पाइन्छ।

पुरूष प्रभुत्व हावी भएका कारण समाजमा छोराछोरीको जन्मदेखि नै लैंगिक विभेद स्पष्टरूपमा भएको छ - "छोरा पाए खसी काट्ने, छोरी पाए फर्सी" यो धारणले अझ बच्चा जन्मिनुअगाडि देखि नै बच्चाहरूमाथि लैंगिक भेदभाव गरिने कुरालाई देखाएको छ। यसैले छोरीले शुरूदेखि नै भेदभाव व्यवहार आफैलाई जन्माउने बाबु-आमादेखि लिएर अन्य परिवार, समाज आदिबाट पाउँछन्। त्यही अनुसार नै बच्चैदेखि हारको मानसिकता र कुण्ठा बोक्न बाध्य बनाइएको छ। धर्म, संस्कृति, राजनीति, कानून, भाषा अधिकार आदि सबैजसो नै पुरूषकै पक्षमा छन् भन्दा अत्युक्ति नहोला। त्यसैले महिलाका हरेक समस्या लैंगिक समस्यासँग जोडिएको हुन्छ, एउटा मात्र समस्यालाई पनि अलग छुट्याएर हेर्न मिल्दैन। महिला जनप्रतिनिधिको रूपमा भूमिका निर्वाह गर्दा आफूसमेत समाजको महिला हुनुले यी माथिका सबै कुराले प्रताडित हुनु त छँदैछ त्यसमाथि पनि यिनै कारणहरूले गर्दा महिला जनप्रतिनिधिहरूलाई अगाडि बढ्नमा पनि अवरोधहरू प्रशस्त आएका छन् ।

- २० प्रतिशत आरक्षणको कुराले पनि स्पष्टरूपमा एउटा असमान स्थानमा भएको कुरा देखाउँछ, जस्तो हरेक वडामा पाँच जना प्रतिनिधिमा एक जना मात्र महिला जनप्रतिनिधि पर्छ, चार पुरूष भए एक महिला।
- स्थानीय नेतृत्वमा निर्णायक स्थानमा निश्चितरूपमा महिला जनप्रतिनिधिको अधिकार कम छ। अन्य राजनीतिक र आस्थाको कुरामा पुरूषहरूकै निर्णयमा महिलालाई हित नहुने कुरामा पनि उनले हस्ताक्षर गर्न बाध्य हुनुपर्छ।
- पुरूषको संख्या, दक्षता, मौका आदिबाट एक जना मात्र महिला जनप्रतिनिधि हुनु भनेको फेरि पनि पुरूषहरूबाट पेलिनु नै हो। समान स्तरमा निर्वाचित भएर आएका पुरूष जनप्रतिनिधिहरूकै दृष्टिमा पनि महिला जनप्रतिनिधिलाई समान दृष्टि र सम्मानको दृष्टिले हेरिन अझै पनि व्यवहारमा मुस्किल परेको छ।

यी कुराहरू तत्काल बाधाको रूपमा देखिएका छन् भने महिला जनप्रतिनिधिहरूले यसलाई चुनौतीको रूपमा कसरी लिने र कार्यान्वयन गर्ने भन्ने समस्या पनि छ। लैंगिक विभेदकै कारणले उत्पन्न भएका समाजका समस्याहरू, पारिवारिक झैं-झगडाहरू, घरेलु हिंसा, सम्बन्ध विच्छेद जस्ता आदि समस्यासँग महिला जनप्रतिनिधिहरूले नै प्रत्यक्षरूपमा सामना गर्नुपर्ने देखिएका छन्। त्यसैले एक जना

महिला जनप्रतिनिधि हुनुको नाताले लैंगिकरूपमा आफू सचेत भएर मात्र पुग्दैन, समाजवाट उत्पन्न हरेक खालका लैंगिक समस्यासँग जोडिएका प्रश्नहरूबारे उनले अगावैबाट स्पष्ट हुनु जरूरी छ।

शैक्षिक चुनौती:

जनप्रतिनिधिको हकमा कुनै पनि एक जना जनप्रतिनिधिले आम जननाको तुलनामा वढीभन्दा बढी साक्षर हुनु, शिक्षित हुनु, जागरूक हुनु राम्रो कुरा हो। तर नेपालमा निरक्षरहरूको प्रतिशत नै वढी भएकाले पुरूष जनप्रतिनिधि समेत साक्षर वा शिक्षित अवस्था छ। महिला साक्षरता प्रतिशत अति न्यून भएको ठाउँमा कतिपय महिला जनप्रतिनिधिहरू साक्षर हुन सक्ने सम्भावना पनि कम छ। समाजको नेतृत्व दिन भनी जुर्मुराएका चेतनशील महिला जनप्रतिनिधिहरू अधिकांशको समस्या शैक्षिक स्तरको न्युनता वा निरक्षरता भएको छ। कतिपय महिला जनप्रतिनिधिहरूलाई आफ्नो नाम लेख्नसम्म पनि नआउने भएकाले ल्याप्चेको भरमा काम चलाउन बाध्य छन्। जनप्रतिनिधिलाई कालो अक्षर भैंसी बराबर भएपछि अन्य समस्याहरूको समाधानका निम्ति कागजका लिखित नीति-नियमहरू कसरी बुझ्ने भन्ने ठूलो समस्या रहेको छ।

- कानून बुझ्ने, कानूनमा भएका महिला अधिकारबारे जान्ने र अधिकार प्राप्तिको निम्ति पहलकदमी लिने आदिमा समस्या रहन गएको छ।
- शैक्षिक समस्याकै कारण उनीहरू सञ्चार माध्यमद्वारा सु-सूचित हुने कुराबाट पनि वञ्चित भएका छन्, पत्रपत्रिका र पुस्तकहरू नपढ्नुले पनि महिला विकासको गतिमा बाधा अवश्य आएको छ। नेतृत्व तहमा नै यो बाधा टड्कारो छ भने आम महिलाको समस्यालाई कसरी तह लगाउने भन्ने अर्को थप समस्या रहेको छ।
- पार्टीको टिकटमा जनप्रतिनिधिको छनौट भएको भए पनि उनीहरू आफै पार्टीको घोषणा पत्रबारे जानकारी राख्न नसक्ने भएका छन्। राजनीतिमा अन्य महिलालाई कसरी भाग लिन लगाउने यो झन् ज्वलन्त समस्या भएको छ। यसकारण पनि आफ्नो संगठनको निर्णयमा महिलालाई हित नहुने कुरा भए पनि आँखा चिम्ली ल्याप्चे लगाउन पनि बाध्य हुन्छन्। यी सबै चुनौतीका रूपमा अगाडि छन्, मूलतः नेतृत्व तहबाट यो पक्षमा सुधार ल्याउने चुनौती उभिएको छ- महिला जनप्रतिनिधिहरूका अगाडि।

स्वास्थ्यसम्बन्धी चुनौती:

लैंगिक भेदभावले सिर्जित समस्याहरूमध्ये महिलाको स्वास्थ्यसम्बन्धी समस्या पनि ठूलै समस्या रहेको छ। जन्मदेखि नै छोरीको लालनपालनमा र पौष्टिक आहारमा छोरीमाथि कञ्जुस्याइँ गरिने गरिएको छ। आम महिलाहरूलाई सानैदेखि स्वास्थ्यमा असर पर्ने गरेको देखिएको छ भने थपमा केही जन्मजात समस्याहरू पनि महिलाहरूले बेहोर्नुपर्छ। जस्तो- रजस्वला हुनु, गर्भवती हुनु, सुत्केरी हुनु आदि।

- यी जैविक र प्राकृतिक कुराहरू हुन् तर यसमा उचित र वैज्ञानिक सचेतताको कमीले गर्दा कैयौं महिलाहरूले अनावश्यकरूपमा जीवनभर थप पीडा भोग्न बाध्य छन्।
- धर्म वा संस्कृतिका कारणले पनि महिला स्वास्थ्यसँग सम्बन्धित कुराबाट सिर्जित थप समस्याहरू छन्, जस्तैः हिन्दू महिलाहरूलाई रजस्वला हुँदा अछूतको रूपमा हेरिन्छ, त्यस्तै सुत्केरी हुँदा कतिपय ठाउँहरूमा छुन हुन्न भनी गोठमा, अँध्यारा छिँडीहरूमा सुताउने चलन अद्यापि कायम छ। कतै सुत्केरीलाई विशेष पौष्टिक आहार दिनुको सट्टा चामलको भात खुवाएमा धान बाली बिग्रन्छ भनेर भातसम्म नख्वाउने चलन पनि विद्यमान छ।
- महिलाविरूद्ध हुने हिंसा, बलात्कार आदिका कारण महिलाको शारीरिक तथा मानसिक स्वास्थ्यमा समेत असर पर्ने गरेको छ ।

- त्यस्तै लुकीछिपी हुने गर्भ पतनले महिलाहरूको स्वास्थ्यमा बाधामात्र नभएर महिलाहरूको ज्यान जोखिममा परिरहेको छ।
- अर्को एउटा स्वास्थ्यसम्बन्धी समस्या भनेको मानसिकरूपमा महिलाहरूले बेहोरिरहेका असमानताका कारण सिर्जित थकाई, दिक्क हुनु, बढी चिन्ता लिनु आदि पनि हुन्। हुन त पुरूष जनप्रतिनिधिहरूलाई पनि यसले प्रभाव पारेको हुन्छ तर लैंगिक असमानताले उत्पन्न गरेका समस्याले महिलालाई बढी असर पारिरहेको हुन्छ।
- अन्य देखिएका समस्याहरूमा न्यून पोषण, कुपोषण, एड्स, रक्त अल्पता, आङ खस्ने, असुरक्षित गर्भ, स्तन तथा पाठेघरको क्यान्सर जस्ता थुप्रै स्वास्थ्य समस्याले पीडित छन् महिलाहरू। दुर्गम जिल्लाहरूमा र निम्न वर्गका महिलाहरूले सुत्केरी भएको बेलामा पनि २, ३ दिनदेखि नै श्रममा भाग लिनुपर्ने हुन्छ, यसको कारण जीवनभर नै आङ खस्ने जस्ता रोगले पीडित हुन उनीहरू बाध्य छन्।

यिनै समस्याहरूबीच महिला जनप्रतिनिधिहरू आफै पनि महिला हुनुको नाताले यी समस्याहरूबाट मुक्त छैनन्। महिला जनप्रतिनिधिको रूपमा भूमिका निर्वाह गर्दा कतिले प्रत्यक्षरूपमा नै यी चुनौतीहरूसँग सामना गर्नुपर्ने हुन्छ। महिनामा एकपल्ट रजस्वला हुँदा कतिको कम्मर र पेट दुख्ने हुन्छ भने कतिलाई मानसिकरूपमा नै अस्वस्थ बनाउँछ, केही छुनुहुन्न भन्ने परम्पराका कारण काममा ध्यान दिन र जाँगर लगाउन सकिन्न, जसले गर्दा महत्वपूर्ण समय त्यत्तिकै खेर जान पुग्छ ।

आर्थिक समस्या र चुनौती:

हाम्रो समाजमा महिलाहरूको पहिलो समस्या भनेको नै गरिबी हो। स्वतन्त्र आय स्रोत नहुनु, शिक्षा र ज्ञानको अभावमा उत्पादनमूलक आय आर्जन गर्न नसक्नु, पैतृक सम्पत्तिमा अझैसम्म पनि समान अधिकार नहुनु आदि आज विद्यमान महिलाले भोग्नुपर्ने समस्याहरू हुन्।

महिलाहरूले जनप्रतिनिधिको हैसियतले चुनाव लड्नेदेखि लिएर जितेपछिसम्म गर्नुपर्ने खर्चहरू आफ्नो आय आर्जनको अभावमा र घरका पुरूषहरूको नियन्त्रणमा आर्थिक नियन्त्रण हुने गरेकाले पक्कै पनि सजिलो छैन। त्यसं अतिरिक्त निम्न आर्थिक अवस्थाकै कारणहरूले गर्दा जनप्रतिनिधिको भूमिका र कर्तव्य निर्वाह गर्न समय दिन नसक्ने अवस्था पनि छ।

आय आर्जनको काममा हिँड्न नसक्ने महिलालाई जनप्रतिनिधिको नाताले सामाजिक काममा मात्र दौडधुप गर्नमा निरन्तरता दिन कसरी सकिन्छ ? कतिपय परिवारबाट यस कुरामा सहयोगको सट्टा उल्टो महिलालाई बाहिर जान रोक्ने जस्ता काम पनि भएका पाइएका छन्।

महिलाहरू पुरूष जनप्रतिनिधिहरू जस्तो सजिलैसँग भ्रष्टाचारमा लिप्त नहुने र नलाग्ने तथा इमानदारपूर्वक कार्य गर्ने भएकाले एकातिर आफूले प्रतिनिधिको हैसियतले आर्जन गर्ने पैसाले केही नपुग्ने हुन्छ भने अर्कोतिर घरको कामकाज राम्रोसँग गर्न नपाउँदा अरू मान्छेलाई लगाउनुपर्ने हुन्छ, जसले गर्दा उल्टै अरू खर्च हुने समस्या पनि छ।

प्रशासकीय दक्षताको समस्या

दक्षताको समस्या केवल दक्षताको समस्या नभएर लैंगिक समस्याले उत्पन्न गरेका शैक्षिक असमानता, सुशिक्षित हुने अवसरबाट वञ्चित हुनु आदि कारणले गर्दा महिलालाई माथि ओहोदासम्म पुग्ने पुलहरू नै छैनन्। एकातिर उच्च शिक्षामा महिलाको प्रतिशत ज्यादै नै न्यून छ भने महिलाले गरिखान सक्दैनन् भन्ने भ्रामक अविश्वास पनि छ। महिला आफैंमा पनि सानैबाट नै आफूप्रतिको असमान

व्यवहारका कारण आत्मविश्वास र साहसलाई वढाउने हिम्मतमा पनि कमी देखिन आएको छ।

महिला जनप्रतिनिधिको रूपमा निर्वाचित भएर अगाडि बढ्नेहरूका निम्ति पनि प्रशासकीय दक्षताको अभाव भने प्रशस्त रहेको छ।

महिला जनप्रतिनिधिको भूमिका भन्नु महिलाका निम्ति नै नयाँ कुरा भएको छ। यसमा जरूरै अनुभवको कमी छ। राजनीतिक इतिहासमा महिलाहरूको न्यून सहभागितामा पनि केही विशेष वर्ग र जातिका महिलाहरू मात्र देखा पर्नुका केही कारणहरू अवश्य छन्। जस्तो बाहुन, क्षेत्री, नेवार जातिबाट आउनेहरूमा शुरूदेखि नै अर्थात घरको विशेष राजनीतिक भूमिकाले पनि मद्दत पुऱ्याएको छ। नेवारहरू प्रायः राजधानीकै भएर पनि केही अवसरले काम गरेको छ। यो अवसर अन्य जातिमा त्यति देख्न सकिएन। अर्को कुरा वर्गले पनि यसमा उत्तिकै महत्वपूर्ण भूमिका खेलेको छ ,जस्तो मध्यम वर्गीय या "उच्च" वर्गका हरू राजनीतिमा लाग्नु र निम्न वर्गका हरू लाग्नु नै पूरक कुरा हो भने महिलाको हैसियतले राजनीतिमा भाग लिँदा निम्न वर्गका महिलाको निम्ति पक्कै सजिलो कुरा होइन। त्यस्तै घरबाट मद्दत छ/छैन, यसमा पनि फरक हुन्छ। यी विभिन्न कुराहरूले अदृश्यरूपमा महिलालाई असर पारिदिएको हुन्छ र दक्षतामा पनि प्रभाव पारेको हुन्छ। त्यसैले शुरूमा राजनीतिको "र" भन्न नजानिने भनिएकाहरूलाई पनि महिला जनप्रतिनिधिको रूपमा बाहिर ल्याइएको छ - यो एउटा नयाँ अवसर हो। विस्तारै सिक्दै जाने क्रम बाँकी नै छ। शुरूदेखि नै महिला जनप्रतिनिधिहरूले जान्दैनन् अर्थात प्रशासकीय दक्षता नै छैन भनेर भन्ने बेला यो होइन, यो सिक्ने बेला हो। काम गर्दागर्दै सिक्ने आँट गर्नु नै महिला जनप्रतिनिधिहरूले एउटा नयाँ चुनौती स्वीकार्नु हो।

सामाजिक तथा पारिवारिक समस्या र चुनौती:

राजनीतिमा महिलाहरूको न्यून उपस्थिति रहनुपछाडिका कारणहरूमध्ये घर-परिवार तथा सामाजिक कारण पनि ठूलै कारण बनेको छ। परिस्थितिले महिलालाई अझै पनि घरको चार दिवालभित्र सीमित पार्न चाहन्छ। आम महिलाले पनि सचेत भएर बाहिरी दुनियाँलाई नियाल्न सकेको छैन। पुरूष सत्ताकै कारण घरभित्रै र आफ्नै परिवारभित्र दोस्रो दर्जाको प्राणी जस्तो भएर बाँच्नुपर्ने विवशता छाएको छ भने यस्तो परिस्थितिबाट महिला जनप्रतिनिधिको हैसियतले बाहिर आउनु र काम गर्नु पक्कै पनि नयाँ चुनौतीसँग सामना गर्नु हो।

घरमा शुरूदेखि नै लैंगिक भेदभाव कायम रहनु, छोरीलाई भन्दा छोरालाई वढी महत्व दिनु र स्वतन्त्रता दिनु, छोरी वा बुहारीले भने घरको कामकाज मात्र गर्ने र आफूखुशी बाहिर जाने अधिकार नपाउनु, पुरूषले घरको काममा मद्दत नगर्नु, बाल बच्चा जन्माउने/हुर्काउनेदेखि घरधन्दाका सम्पूर्ण कामहरूमा समय लगाउनु आदि कुराले महिलाको अवस्था र क्षमतालामा बार लगाइदिएको छ।

महिलामा शिक्षाको कमी हुनु, बाहिरी आयआर्जनको काममा सम्बन्ध नहुनु र अवसरहरू नपाउनु आर्थिक समस्या आदिले पनि महिलालाई घरमा नै बढी बस्नुपर्ने बाध्यताको सिर्जना गरिदिएको छ।

शुरूदेखि नै छोरीलाई बाहिर जानुहुन्न भन्ने धारणाले बाँधेको छ भने विवाहपछि त झन् थप घरधन्दाले बाहिर जाने अवसरहरूमा कमी ल्याउनाले यो धारणा झन प्रवल बन्दै गएको छ।

- घरका महिला सदस्यहरू महिलाप्रति नै संवेदनशील नहुनु,
- पुरूष र महिलाका निम्ति बेग्लाबेग्लै दृष्टिकोण र नैतिकताको मापदण्ड रहनु,
- राजनीतिमा लागे महिलाको चरित्रमाथि नै समाजले औंला ठड्याउनु,

सामाजिक प्रोत्साहन नपाउनु आदि घरकै कारणहरूले गर्दा महिला राजनीतिमा अगाडि बढ्न

सकिरहेका छैनन् भने आज महिला जनप्रतिनिधिको भूमिका निर्वाह गर्दा माथिका विभिन्न बाधाहरूसँग सामना गर्नु त छँदैछ, त्यसमाथि पनि अर्को समस्या हो- जनप्रतिनिधिहरूको नाताले बाहिर धेरै समय बिताउनुपर्ने। बेला बेलामा मिटिङमा जानुपर्ने, विभिन्न समस्याहरू समाधानका निम्ति समय दिनुपर्ने हुन्छ। घर फर्किन ढिलो भएमा आफ्नो परिवार रिसाउँछन् कि भन्ने डर बोकेर हिँड्नुपर्छ। कतिपय घर परिवार, पति वा बाबु आमाले समस्या बुझिदिन्छन्, सहयोग पनि पुऱ्याउँछन् तर अधिकांश महिला जनप्रतिनिधिहरूलाई यो अवसर छैन। घरभित्र र घरबाहिर दुवैतिर सन्तुलन मिलाई काम गर्ने चुनौती अगाडि छ।

कतिपय घरहरूमा भिन्दाभिन्दै राजनीतिक आस्था हुनुको कारणले पनि महिला प्रतिनिधिलाई काममा अगाडि बढ्न बाधा हुने भएको पाइएको छ। एउटै आस्था भए अर्थात् श्रीमानको जस्तै आस्था भए सहयोग दिने, प्रोत्साहन पनि मिल्ने तर विपरीत आस्था भएमा झैं-झगडा उत्पन्न गराई बाहिर जानबाट नै रोक्ने जस्ता कामहरू पनि भएको छ। यसैले महिला जनप्रतिनिधिहरूका निम्ति एउटा ठूलो चुनौती सिर्जना भएको छ- बाहिर जनतामा जानुअगाडि आफ्नै घरलाई मिलाउनु, सम्झाउनु, चित्त बुझाउनु आदि।

मूलभूत चुनौतीः

यहाँ प्रस्तुत गरिएका विभिन्न किसिमका समस्या र चुनौतीहरूमा एक जना महिला जनप्रतिनिधिको हैसियतले आफ्नो भूमिका निर्वाह गर्दा मूलभूतरूपमा देखिएका चुनौती भन्नु फेरि पनि लैंगिक चुनौती नै हो भन्न सकिन्छ। घर, समाज, कार्यक्षेत्र, विकास क्षेत्र जुनसुकै ठाउँमा पनि महिलाले सामना गर्नुपर्ने कुरा भनेको त्यहाँका विद्यमान लैंगिक असमानताले सिर्जित समस्याहरू हुन्। राजनीतिमा महिला यति पछाडि पर्नुको मूल कारण पनि लैंगिक नै हो। महिला जनप्रतिनिधिहरूले आज सामना गर्नुपर्ने मूलभूत समस्या या चुनौती लैंगिक भएकाले महिला र पुरूषबीचको विकासका हरेक पक्षमा रहेको लैंगिक अन्तराललाई साँगुरो बनाउँदै स्थानीय विकास र नेतृत्वमा अगाडि बढ्न लैंगिक दृष्टिकोणहरू स्पष्ट हुनुपर्ने र नेतृत्व तहबाट यस विषयमा केही तालिमहरू बन्दोवस्त गर्नु जरूरी छ।

समाधानका उपायहरु (सुझावहरु):

महिला जनप्रतिनिधिको भूमिका निर्वाह गरिहेका हरेक महिलाको निम्ति विद्यमान परिस्थितिमा देखापरेका विद्यमान समस्या र चुनौतीहरूबाहेक तिनलाई नाघेर अगाडि बढ्नका निम्ति समाधानका केही उपायहरू पनि छन्। ती उपायहरू केही दीर्घकालीनरूपमा सम्बन्धित व्यक्ति र निकायहरू अर्थात् राजनीतिक पार्टीहरू, स्थानीय नेतृत्व तहका र महिला विकाससँग सम्बन्ध राख्ने समूहहरू आदिले नै ध्यान दिनुपर्ने हुन्छ। अर्को अल्पकालीनरूपमा अर्थात् जीवनमा अगाडि बढ्न आजैबाट शुरू गर्न सकिने र गर्नुपर्ने केही उपायहरू पनि छन्, जसलाई निम्न प्रकारले उल्लेख गरेको छु।

दीर्घकालीनरूपमा महिला जनप्रतिनिधि तथा सम्बन्धित संस्थाले समेत निर्वाह गर्नुपर्ने भूमिकाः

- राजनीति तथा सम्बन्धित निकायमा रही जनप्रतिनिधिको भूमिका निर्वाह गर्दा किन सक्रियतापूर्वक अगाडि बढ्न सकिएन भनी त्यसको कारण व्यक्तिगतरूपमा र सामूहिकरूपमा खोज्ने
- बेला बेलामा राजनीतिक, कानूनी, नेतृत्व विकास, लैंगिक चेतनासम्बन्धी प्रशिक्षण हुनुपर्ने
- महिलाको समस्यालाई राजनीतिक आस्थाभित्र मात्र रहेर नहेर्ने, महिलाको छुट्टै पनि समस्या हुन्छ भनेर सोच्ने र त्यसका लागि सहयोग पुऱ्याउनुपर्ने।
- राजनीतिक पार्टीहरू र महिलासँग सम्बद्ध संघ-संस्थाहरूले विभिन्न कार्यक्रमहरूको आयोजना

गरी बढीभन्दा बढी महिलाहरूलाई सहभागिता गराउने, महिला जनप्रतिनिधिहरूका निम्ति विशेष भेलाहरूको आयोजना गर्ने र महिला जनप्रतिनिधिहरूले त्यो अवसरहरूलाई प्रयोग गर्न सक्नुपर्छ।

- महिला जनप्रतिनिधिले जनतासँग र घरभित्रै रहेका महिलाहरूसँग पनि राम्रो सम्बन्ध बढाउनुपर्ने र समाजमा आफ्नो छविलाई बिगार्न नदिने।
- सम्बन्धित निकायहरूले महिला प्रतिनिधिसँग सम्बन्धित पुरूषहरूलाई पनि जस्तो परिवार र सम्बन्धित वडाकै अन्य पुरूष सदस्यहरूसँग समझदारी विकास गर्न र गराउने विशेषखालको भेलाको पनि आयोजना हुनुपर्छ।
- महिलाहरूको आय आर्जन बढाउन विकासको निम्ति समान बजेटको व्यवस्था हुनुपर्छ।

अल्पकालीनरुपमा तत्कालै र आजै शुरु गर्नुपर्ने उपायहरुः

कुनै पनि नीति र आदर्शका कुराहरू जबसम्म व्यवहारमा प्रयोग गरिँदैन, त्यसको खास अर्थ रहन्न। महिला जनप्रतिनिधिको भूमिका निर्वाह गर्दा चुनौतीका रूपमा देखिएका कुराहरू कतिपयलाई आजैबाट पनि समाधानका उपायहरू लागू गर्न सकिन्छ।

- समान व्यवहार, लैंगिक भेदभावमा आफ्नो तर्फबाट स्पष्ट हुने र व्यवहारमा भेदभाव नगर्ने
- संचार माध्यमप्रति विशेष ध्यान दिने
- आफ्नै परिवारदेखि नै कामको थालनी गर्ने, आफूप्रतिको सकारात्मक धारणा र सहयोगलाई उत्साहित पारिदिने, तालमेल मिलाउनमा ध्यान दिने।
- समाजको संवेदनशीलतालाई ध्यान दिई अगाडि बढ्नुपर्ने, जस्तो सांस्कृतिकरूपमा आफूलाई सही नलागेको कुरा भए पनि एकै पल्ट हमला नगरी समझदारी बढाइ क्रमशः सुल्झाउने प्रयत्न गर्ने।
- आय आर्जनको कामको खोजी हुनुपर्ने, सम्बन्धित निकायसँग बसेर सम्भावनाहरू खोज्नुपर्ने।
- घर तथा बाहिर पनि आफ्नै सक्रियतामा समस्यामूलक सम्वाद कार्यक्रमहरू थालनी गर्ने।
- अन्त्यमा, यी सबै कुराहरू लागू गर्न र गराउनका निम्ति विभिन्न किसिमका प्रशिक्षणको आवश्यकता देखिएको छ। सम्बन्धित ठाउँ अर्थात् आफ्ना कार्यकर्ता, महिला जनप्रतिनिधिको रूपमा कार्यरत् छन् भने निश्चित समय अवधि तोकेर प्रशिक्षणको व्यवस्था गर्नु जरूरी नै भइसकेको छ। त्यस्ते आय आर्जनको निम्ति सम्बन्धित ठाउँबाट महिला जनप्रतिनिधिको निम्ति तुरून्तै लागू हुनेगरी उचित व्यवस्थाको बन्दोवस्त गर्नुपर्ने खाँचो देखिन्छ।

यी कुराहरू लागू भएमा महिला जनप्रतिनिधिहरू अझ सक्रिय भएर काममा अगाडि बढ्न सक्नेछन्।

सन्दर्भ सामाग्रीहरुः

- महिला तथा समाज कल्याण मन्त्रालय, काठमाडौं जिल्लाबाट स्थानीय निकायमा निर्वाचित महिला जनप्रतिनिधिहरूको "विकासमा लैंगिक दृष्टिकोण", २०५४
- सिलवाल, गिरी भारती-"निर्वाचनमा महिला सहभागिता राजनीतिक सशक्तिकरण, २०५५
- सरूप, कमला- "नेपाली महिलाहरूको अवस्था र सिंहावलोकन"
- प्रधान, साहना- "नेपाली महिला आन्दोलनको दिशा", राजनीतिमा महिला सहभागिता, इन्सेक-२०५२
- भुषाल, पुष्पा- "प्रजातन्त्र र महिला आन्दोलनः राजनीतिक भूमिकाको खोजीमा नेपाली महिला"

- "विदुषि", राजनीतिमा महिलाको स्थान, वर्ण १, अंक २, २०५३
- आचार्य, मीना- "राजनीतिक पार्टीहरू र नेपाली महिला", राजनीतिमा महिला सहभागिता, इन्सेक-२०५२
- भट्टचन, के.बी., Women is Governence in Nepal, 1998

त्यसपछि निर्धारित समयमा सहभागी-कार्यपत्र प्रस्तोताबीच छलफल भयो, जसअन्तर्गत निम्न सहभागीहरूले विभिन्न जिज्ञासा राख्नुभएको थियो।

१) तुलसा धिताल, झापा जिविस सदस्य

कार्यपत्रहरूमा समस्याहरू थुप्रै आए तर समाधानका उपायहरू त्यति आउन सकेनन्।

२) विना ज्ञवाली, बर्दिया जिविस सदस्य

लैंगिक असमानताले सिर्जित समस्याहरूले ग्रामीण क्षेत्रमा महिलाहरू पीडित रहेको कार्यपत्रमा उल्लेख गरिएको छ, तर मलाई के लाग्छ भने महिला समस्याको जड भनेको पितृसत्तात्मक व्यवस्था हो। केवल लैंगिक असमानताको कारणले मात्र हैन। यसमा थप स्पष्ट पारिदिए राम्रो हुने थियो ।

३) टुका हमाल, लमजुङ जिविस सदस्य

पितृसत्तात्मक समाजमा शोषण हुन्छ र मातृसत्तात्मक समाजमा शोषण हुन्न भनिएको छ तर मलाई के लाग्छ भने सामन्ती निरंकुशता कानून विद्यमान रहेसम्म शोषणबाट महिलाहरू मुक्त हुन सक्दैनन्। तसर्थ उक्त कानूनलाई नहटाएसम्म महिला मुक्ति सम्भव छैन। के कारणले प्रस्तोताले यो भावना व्यक्त गर्नुभएको होला ?

४) अमृतादेवी खड्का, अछाम, धुरकोट गाविस उपाध्यक्ष

जन्मदेखि मृत्यसम्ममा महिलाले भोग्ने विविध समस्याहरू कार्यपत्रमा उल्लेख भएको पाइयो तर बालवविाह, बहुविवाह, गर्भ पतन, सम्बन्ध विच्छेद जस्ता समस्याहरूबारे कुनै उल्लेख नभएको पाइयो, किन?

५) पाउसरा थापा, बझाङ जिविस सदस्य

इन्सेकले महिला मुक्तिका लागि जुन कदम चालेको छ, त्यसका लागि हार्दिक धन्यवाद तर दुर्गम जिल्लाहरूबाट कम प्रतिनिधित्व भएकाले यस्ता महत्वपूर्ण सवालहरू गाउँमा पर्याप्त पुग्न पाउँदैनन् कि ?

६) लक्ष्मी सिंह, इन्सेक महिला अधिकार कार्यदल

वर्षौंदेखि महिलामाथि हुने गरेका उत्पीडनले पूँजीवादविरूद्धको संघर्ष निम्त्याएको हो। यस्ता संघर्षमा कैयौं महिलाहरू सहभागी बन्दै आएका छन्। तर त्यस्ता महिलाहरूको त्याग तथा बलिदानको सन्दर्भमा किन कार्यपत्रमा प्रस्तुत गरिएन ? महिला समस्या भनेको पूँजीवादले निम्त्याएको समस्या हो। यो समस्यालाई किन स्पष्टरूपमा प्रस्तुत गरिएन ?

७) नैनकला ओझा, मोरङ जिविस सदस्य

महिला आन्दोलन समान अधिकारको आन्दोलन हो तर पिछडिएको जाति विशेषगरी आदिवासी क्षेत्रमा मारवाडीलगायत्का अन्य जातिमा विद्यमान तिलक, दाइजो जस्ता प्रथाबारेमा कार्यपत्रमा प्रशस्त

उल्लेख किन गर्न सकिएन ?

८) देउरुपा विक, नवलपरासी जिविस सदस्य

प्रेम विवाह गरिसकेपछि उपल्लो जातले तल्लो जातलाई सन्तान भएपछि त्यागिदिने, दुःख दिने जस्ता घटनाहरूलाई कसरी निरूत्साहित गर्न सकिन्छ भन्नेबारे पनि कार्यपत्रमा उल्लेख गरिएको भए राम्रो हुने थियो ।

९) धनमाया विक, त्याङ्जा जिविस सदस्य

प्रेम विवाह गर्दा विशेषगरी उत्पीडित जातिका महिलाहरूले भोग्नुपरेका समस्याहरूबारेमा किन अवगत गराइएन ?

१०) मञ्जुदेवी भट्ट, कैलाली जिल्ला कोटा गाविस वडा अध्यक्ष

गाविसमा निर्वाचित महिलाहरूलाई गाविसमा संचालित बैठक तथा विभिन्न कार्यक्रमहरूमा उपस्थित हुन कुनै खबर नगर्ने प्रचलनलाई कार्यपत्रमा राख्न अनुरोध छ।

११) टुका हमाल, लमजुङ जिविस सदस्य

सामाजिक समस्या र पारिवारिक चुनौती कार्यपत्रमा महिला-पुरूषबीच कायम रहेको वैवाहिक सम्बन्धमा कथंकदाचित पुरूषलाई चित्त नबुझेमा सम्बन्ध विच्छेद गराउन बाध्यतात्मक स्थिति सिर्जना गरिएको हुन्छ, यस्तो स्थितिलाई चुनौतीको रूपमा कार्यपत्रमा उल्लेख गर्न अनुरोध गर्दछु।

१२) नर्मदामाया पुलामी मगर, सिन्धुली, आम्बोट गाविस, वडा अध्यक्ष

वडामा निर्वाचित हुँदा खुशी लाग्यो तर वडा अध्यक्षको हैसियतले आफ्नो कार्यमा व्यस्त रहँदा अरू निर्वाचित पुरूषहरूले असहयोग गर्ने, अवरोध खडा गर्ने कार्य गर्दै आएका छन्। यस्ता कठिनाईका कुराहरू किन कार्यपत्रमा प्रस्तुत गरिएन ?

१३) बालकुमारी थापा, मकवानपुर जिविस सदस्य

कार्यपत्रको बारेमा भन्नु केही पनि छैन तर एड्स तथा अन्य रोगहरू केवल महिला तथा बेश्याहरूद्वारा सारिने रोगको रूपमा प्रचार गरिन्छ। के वास्तविकता यही हो ? के यसमा पुरूषको कुनै हात छैन ? यस्ता रोगीहरूलाई इन्सेकले कस्तो सहयोग पुऱ्याउने गरेको छ ?

१४) विष्णु पौडेल, त्रिभुवन गाविस, कंचनपुर

पुरूषले क्षेत्री केटी ल्याउँदा पुरूष बाहुनै हुने तर बाहुनी महिला जैसी केटासँग विवाह गरेमा क्षेत्री हुने जस्ता असमानतामूलक संस्कारलाई हटाउनेबारेमा किन कार्यपत्रमा प्रस्तुत गरिएन?

१५) लक्ष्मी पराजुली, इलाम नपा वडा अध्यक्ष

जन्मदेखि मृत्युसम्म नै महिलामाथि भेदभाव गरिने कुरा कार्यपत्रमा प्रस्तुत भयो तर आधुनिक युगमा गर्भावस्थामा नै एक्स-रे गरी गर्भमा रहेको सन्तान छोरी भएमा गर्भ नै पतन गराउने फेसन चलेको छ। यसर्थ गर्भदेखि नमरून्जेलसम्म नै महिलामाथि भेदभाव हुन्छ भनी कार्यपत्रमा उल्लेख गर्न अनुरोध।

१६) प्रेमकुमारी पौडेल, पर्सा जिविस सदस्य

बहुविवाहमा संलग्न पुरूषलाई दिइने सजाय नाममात्रका भएकाले सजाय बढाउने माग कार्यपत्रमा राख्न अनुरोध।

कार्यक्रम प्रस्तोताले दिनुभएको प्रत्युत्तर

- मेरो कार्यपत्र पूर्ण छैन, यहाँबाट मैले केही सिकिरहेकी छु। म लेखिका भएकाले यहाँ उठेका कुराहरूलाई मैले आफ्ना लेखहरूमार्फत पनि उजागर गर्नेछु।
- पितृसत्तात्मक समाज भएकाले हाम्रो समाजमा लैंगिक असमानता रहँदै आएको हो। धर्ममा होस् या संस्कृतिमा सुरूदेखि नै सबै क्षेत्रमा यस्ता भेदभावहरू कायम छन्।
- यस्तो संस्कृति भएकै कारणले महिलालाई पात्र बनाउने कार्य भइरहेको छ।
- आदिवासीहरूको मातृसत्तात्मक व्यवस्थामा पनि क्रमशः पितृसत्तात्मक हावी हुँदैछ। पितृसत्तात्मकको प्रभाव जतातैतै बढ्दो छ।
- महिलाहरूलाई तालिम भन्दा पहिले शिक्षाको आवश्यकता छ।
- तिलक, दाइजो प्रथा हटाउन विभिन्न प्रयासहरू गर्नु आवश्यक छ।
- संवादको माध्यमबाट पनि केही हदसम्म यस्तो प्रथाजन्य समस्याहरूलाई केही हदसम्म समाधान गर्न सकिन्छ।
- विवाहपूर्वको यौन सम्पर्क र त्यसबाट महिलाहरूले भोग्नुपर्ने समस्याको बारेमा महिलाहरू स्वयं सचेत हुनै पर्छ।
- अन्तरजातीय विवाहको समस्या सामन्ती संस्कार हावी भएको कारणले उत्पन्न भएको हो। यसलाई एकै पटकमा अन्त्य गर्न सकिँदैन। यसको लागि परस्पर समझदारीको आवश्यकता पर्दछ। म पनि अन्तरजातीय विवाहको कारण सुरूमा पीडित भए पनि पछिल्ला दिनहरूमा र अहिले आपसी समझदारीको कारणले राम्रो सम्बन्ध छ। यस्तालाई परिवारमा सबैले राम्रो दृष्टिकोणले हेर्ने गर्नुपर्छ।

सोही कार्यपत्रको टिप्पणी गर्दा सहभागीहरूले राखेका इन्सेकसंग सम्बन्धित प्रश्नहरूको जवाफ इन्सेकका कार्यक्रम संयोजक देविका तिमिल्सिनाले दिनुभएको थियो।

प्रत्युत्तर कार्यक्रमपश्चात् सहभागीहरुबीच समूह छलफलको कार्यक्रम भएपछि उक्त दिनको कार्यक्रम समाप्त भयो ।

तेस्रो दिन

अघिल्लो दिन भएको समूह छलफलको प्रस्तुति कार्यक्रमको पहिलो सत्र अर्थात् आरम्भमा गरिएको थियो । जसमा विभिन्न समूहहरूले निम्न निष्कर्ष निकालेका थिए-

समूह नं. १

सहजकर्ता : श्रुति रेग्मी

केन्द्रित विषय : आफ्नो गाउँघर र कार्य अवधिमा महिला जनप्रतिनिधिहरूलाई कस्ता कस्ता कानूनी समस्या देखिएका छन्?

- परिषद् सदस्य भएको कारणले गाविसमा आफ्नो विचार राख्न सधैं उपस्थित हुनसमेत पाइँदैन।

- गाविस महिला परिषद् सदस्यहरूले नागरिकताको सिफारिश गर्न नपाइनु,
- गाउँमा पर्ने फौजदारी वा देवानी मुद्दाको विषयमा कानूनी जानकारीको समस्या रहेको,
- आमाको जन्मस्थानको, थरमा (नागरिकता) छोरा छोरीको पनि नाता कायम (नागरिकता) रहने प्रावधान हुनुपर्ने,
- बहुविवाहमा अहिलेको कानूनमा थोरै सजाय भएकाले अपराधीले सजिलो महसुस गरेर यस्ता घटना धेरै हुने हुनाले कडा सजाय (कम्तिमा १० वर्ष जेल) हुनुपर्ने,
- पैत्रिक सम्पत्तिमा छोरीको अधिकार नभएको,
- विभिन्न बहानामा देशभित्र र बाहिर चेलीबेटी बेचबिखन तथा देहव्यापार गर्ने गराउनेलाई कडाभन्दा कडा सजाय नभएकाले कडा कारबाही हुनुपर्छ।
- गाविस ऐन/नियमावलीको जानकारी नभएको।

यस समूहकी टोली प्रमुख उषादेवी चन्द

यस समूहका सहभागीहरू

१) मिठु पौडेल
२) चिउडे लामा
३) लिलामाया सुब्बा
४) दानादेवी महतो
५) देउरूपा विक
६) शारदा उपाध्याय
७) उषा चन्द
८) शिवसतिदेवी यादव
९) शोभा भण्डारी
१०) निर्मला यजम
११) संगीता राई
१२) लालमुन वाइवा
१३) लोकमाया भजरद्धराई
१४) सरिता जिसी
१५) गीता आचार्य
१६) शान्ता श्रेष्ठ
१७) अन्तमाया मगर
१८) कलावतीदेवी चमार
१९) नर्मदामाया पुलामी मगर
२०) शान्ति राई

समूह नं. २

सहजकर्ता : शकुन्तला बराल

केन्द्रित विषय : महिला भएकै कारणले महिलाहरूले के कस्ता हिंसाहरू भोग्नुपरेको छ?

- महिलाहरूले भोग्नुपरेका हिंसाहरूलाई ४ भागमा बाँडिएको छ।

पारिवारिक हिंसा

- महिलाले महिलामाथि गरिने हिंसा (सासू, बुहारी, आमाजू, नन्द, देवरानी, जेठानी आदिद्वारा)
- पुरूषबाट महिलामाथि गरिने हिंसा (ससुरा, लोग्ने, देवर जेठाजु आदि)

- आत्महत्या, बलात्कार, घर त्याग गर्नुपर्ने अवस्था
- बाँझोपन (बच्चा नभएको कारण)
- स्वास्थ्य उपचार समयमा ,नपाउँदा

आर्थिक हिंसा

- आर्थिक अधिकार महिलाको हातमा नुहुनु,
- श्रमको उचित मूल्य नभएर,
- महिलाले गरेको श्रममा आफ्नो अधिकार नहुँनु,
- दाइजो, तिलक, अंशको कारणले गर्दा महिलाहरूले यातनाका साथै हिंसा भोग्नुपरेको छ।
- आर्थिक स्थिति कमजोर भएकी छोरी (महिला) ले राम्रो घर-वर नपाउनु,

सामाजिक, साँस्कृतिक हिंसा

- बोक्सी, झुमा, देउकी, कुमारी प्रथाबाट,
- विधवा, चेलीबेटी बेचबिखनबाट,
- महिला भएको कारण बाहिर हिँडडुल गर्न प्रतिबन्ध लगाउने,
- बलात्कृत महिलाले सामाजिक प्रतिष्ठा नपाई अलपत्र पर्नुपर्ने,
- धर्मग्रन्थबाट पनि महिलामाथि हिंसा हुन थप बल मिल्ने गरेको,
- सम्बन्ध विच्छेद भएकी महिलामाथि समाजले गर्ने दुर्व्यवहार,
- समाजको संकुचित दृष्टिकोणले अपहेलित हुनुपर्ने,

राजनीतिक हिंसा

- राजनीतिकरूपमा महिलाहरूलाई अगाडि बढ्न नदिनु वा प्रतिबन्ध लगाउनु,
- घरायसी दबाब/स्वेच्छाले लाग्न नपाउने अवस्था,
- राजनीतिक कारणले गर्दा महिलाहरूले ज्यान गुमाउनुपर्ने,
- स्वतन्त्र तरिकाले मत दिन नपाउने,
- महिलाको नामबाट नागरिकता नपाउनु,
- कानूनले पनि असमान बनाएको कारण,

शिक्षा र चेतना

- उचित शिक्षा नपाउने अवस्था भएका कारण,
- सभा, गोष्ठी, सार्वजनिक ठाउँमा जान नपाउने,

यस समूहकी टोली प्रमुख विद्या राई

यस समूहका सहभागीहरू

१) चम्पा राणा,
२) लक्ष्मी बाँस्कोटा
३) भगिरथी प्रधान
४) विष्णुमाया घले
५) गोमा भुर्तेल
६) कमला न्यौपाने
७) कमला थापा
८) शारदा श्रेष्ठ
९) दुर्गा भेटवाल
१०) मानुमैया दनुवार
११) शशी श्रेष्ठ
१२) विद्या राई
१३) गीतादेवी घिमिरे
१५) सुशीला आचार्य
१६) कमला अधिकारी
१७) विमला घिमिरे
१८) चम्पा थापा
१९) विना श्रेष्ठ

समूह नं. ३

सहजकर्ता : सवनम शर्मा

केन्द्रित विषय : महिलाहरूमा स्वास्थ्यसम्बन्धी के कस्ता समस्याहरू देखिएका छन्?

- शिक्षाको अभावले विभिन्न किसिमको रोग लाग्छ, महिलाको आफ्नै हेलचेक्र्याईबाट पनि चरम पीडा र मृत्युको अवस्थामा पुग्नुपर्छ।
- महिनावारी हुँदाको समस्या : धेरै रगत बग्ने, पेट दुख्ने, हात खुट्टाहरू झम्झमाउने, ढाड दुख्ने, अल्छी लाग्ने, खाना मन पनि नलाग्ने, चक्कर लाग्नु,
- गर्भवती हुँदाको समस्या : रगत बग्ने, सेतो पानी बग्ने, खाना खान मन नलाग्ने, तीनचार महिना नपुग्दै बच्चा खस्नु, वाक्वाक् लाग्नु, खुट्टा सुनिनु, पेट दुख्नु, मुर्छा पर्नु, रगतको कमी हुन, पौष्टिक आहार नपाउनु, परिवारमा अन्धविश्वास व्याप्त हुनु,
- सुत्केरी हुँदाको स्वास्थ्य समस्या : सुत्केरी हुँदा सुडेनीको व्यवस्था नहुने, पाठेघरमा रोग लाग्नु, स्तनमा थुनिलो हुनु, हात खुट्टा, जीउ सबै शरीर सुनिनु, साल नखस्नु, बढी रगत बग्नु र अन्धविश्वास,
- अस्थायी साधनको असर (परिवार नियोजनको असर): डिपो, पिल्स, लुप आदि प्रयोग गर्दा स्वास्थ्य समस्या देखिनु,

यस समूहकी टोली प्रमुख मिना रखाल

यस समूहका सहभागीहरू

१) चिरिमैया महर्जन
२) पुष्पा भुषाल
३) लक्ष्मी पराजुली
४) लालमाया राई
५) धनमाया विक
६) नन्दा शर्मा
७) तुलसी श्रेष्ठ
८) मिना रखाल
९) लिला केसी
१०) पार्वती वुढाऐर
११) दुर्गा भुषाल
१२) बालकुमारी थापा
१३) विमला महत
१४) देउकला बराल
१५)पञ्चकुमारी न्यौपाने
१६) विष्णु पौडेल
१७) शान्ति अधिकारी
१८) विन्दा ढुंगाना
१९) दुर्गादेवी धामी

समूह न. ४

सहजकर्ता : जयन्ती श्रेष्ठ

केन्द्रित विषय : आर्थिक अधिकारको अभावका कारण महिलाहरूलाई के कस्ता समस्याहरू आइपर्छन् ?

आर्थिक कारणहरु:

- आर्थिक समस्याले गर्दा गर्भ फाल्ने समस्याहरू
- बाबुआमाले दाइजो दिन नसक्दा घरेलु हिंसा र अपहेलना सहनुपर्ने
- आत्महत्या गर्न बाध्यसमेत हुनुपर्ने।
- स्वास्थ्य उपचारदेखि वन्चित हुनुपर्ने।
- शिक्षामा पछाडि पर्नुपर्ने
- सभा, गोष्ठीहरूमा सहभागी हुन नपाउने,
- हीनताबोध हुने, कातर हुने,
- छोरा जन्मदा उत्सव गर्ने, छोरी जन्मदा निराश हुने,
- चेलीबेटी बेचबिखन हुने तथा यौन अत्याचारको शिकार हुनुपर्ने,
- आफ्ना इच्छाहरूलाई मार्नुपर्ने बाध्यता हुने,
- सामाजिक समारोहमा भाग लिन नसक्ने,
- आर्थिक अभावका कारणले गर्दा बाबुआमा छोरीले पाल्न नसक्ने ,
- रूढांवादी परम्पराले गर्दा आमा बाबुले माइतीमा छोरीलाई बोलाउन नसक्ने,
- आर्थिक अभावले गर्दा छोरीको विवाह गर्न नसक्ने,
- आर्थिक अभावको कारणले महिलाहरूले कतिपय ठाउँ विशेषमा लज्जित हुनुपर्ने,

यस समूहकी टोली नेता अमृता खड्का

यस समूहका सहभागीहरू

१) विना ज्ञवाली
२) मैया केसी
३) दिलकुमारी गुरूङ
४) दुर्गाकुमारी सुवेदी
५) आन्धारत्न जवेगु
६) जगतारैनादेवी साह
७) नैनकला ओझा
८) तारा श्रेष्ठ
९) रामशोभा राई
१०) अमृता खड्का
११) वसन्ती भण्डारी
१२) विष्णु लवट
१३) अम्बिका थापा
१५) राजकुमारी गुरूङ
१६) गीता अधिकारी
१७) मना अधिकारी
१८) चन्द्रकला पाठक
१९) विष्णुमाया गुरूङ

समूह नं. ५

सहजकर्ता : उषा थपलिया

केन्द्रित विषय : महिलाहरूलाई अगाडि बढ्न आइपर्ने सामाजिक तथा पारिवारिक समस्याहरू के के हुन् ?

सामाजिक समस्या

- महिला भएका कारण भोग्नुपरेको असुरक्षाको समस्या
- परम्परागत सोचाईलाई अझै पनि समाजले फालिनसकेको कारणबाट आइपर्ने समस्या
- पूँजीवादी महिलाहरूद्वारा नै कार्य क्षेत्रमा लागिपर्ने महिलाहरूलाई हेरिने हेय दृष्टि
- समाजले अपनाइरहेको धर्मका कारणले पनि समस्या खडा गरेको
- महिलाहरूलाई आजसम्म पनि समाजले दोस्रो दर्जाकै रूपमा हेरिरहेको अवस्थाले ल्याएको समस्या
- विधवा र सन्तान नभएका महिलाहरूलाई समाजले हेर्ने दृष्टिकोणका कारण कार्यमा अग्रसरताका साथ लाग्न नसक्ने समस्या
- दाइजोको कारणबाट महिलाहरूमा आइपरेको समस्या
- अधिकांश महिलाहरू रक्सी भट्टी संचालनमै व्यस्त रहनुपरेकाले उनीहरू उद्देश्यमूलक कार्यमा लागिपर्न सकिरहेका छैनन्, त्यसैले गाउँघरका रक्सी भट्टी तथा सरकारी तवरबाट फैलिएका बियरका डिलरहरू हटाउनैपर्ने
- समाजले महिलाहरूको निर्णयलाई बेवास्ता गर्नु
- समाजका सबै क्षेत्रहरूमा पुरूषलाई बेवास्ता गर्नु
- समाजका सबै क्षेत्रहरूमा पुरूषकै एकलौटी वर्चस्व कायम रहनु
- बालविवाहलाई पूर्णरूपमा हटाउन नसकेका कारणले परेका समस्या

पारिवारिक समस्या

- समयमा घरभित्र आइनपुगेमा लगाइने विभिन्न लान्छना
- दिनभरि काम गरेर फर्कंदा पनि घरपरिवारका सदस्यहरू महिलाको कामप्रति सम्वेदनशील नहुनु
- सन्तानको एकलौटी बोझ महिलामाथि नै पर्ने कारणबाट भोग्नुपरेको समस्या,
- महिलाहरूको स्वास्थ्यप्रति त्यति चासो नदेखाउनु
- घरको सम्पूर्ण जिम्मेवारी महिलामाथि नै पर्ने कारणबाट अगाडि बढ्न नसक्ने समस्या
- अधिकांश समय महिलाहरूले खेतीपातीमा बिताउनुपर्ने कारणबाट आइपरेको समस्या
- आर्थिक उपार्जनतिर पनि महिलाहरूले ध्यान पुऱ्याउनुपर्ने अवस्था

- शिक्षामा समान अवसर नपाएको कारण
- एउटै कार्यमा घरका छोरा मान्छे संलग्न रहँदा गौरव महसुस गर्ने, तर छोरी त्यही काममा जाँदा आलोचना गर्ने प्रवृत्तिका कारण
- छोरा नजन्माएसम्म दर्जनौं सन्तान भइसक्दा पनि महिलाहरू सन्तान जन्माउनैपर्ने बाध्यताबाट पीडित हुनुपर्ने कारण
- चल, अचल सम्पत्तिमा महिलाको कुनै अधिकार नहुनु

यस समूहकी टोली प्रमुख विजया घिमिरे

यस समूहका सहभागीहरू

१) प्रेमा पौडेल
२) कमला ज्ञवाली
३) देवका कार्की
४) फूलमाया लामा
५) मिरा केसी
६) शीला कतिला
७) विजया घिमिरे
८) भक्तमाया राना
९) गीता तिमिल्सिना
१०) उषा पोखरेल
११) तारामाया गुरूङ
१२) पुष्पा तामुङ
१३) पद्मा घिमिरे
१४) सुशीला नेपाल
१६) मनमाया बस्नेत
१६) पार्वतीदेवी यादव
१७) विष्णुकुमारी गजुरेल
१८) तुलसा घिताल
१९) अनिता साह

समूह नं. ६

सहजकर्ता : कविता अर्याल

केन्द्रित विषय : महिलाहरूका सबै किसिमका समस्याहरूको अन्त्य गर्न के कस्ता कार्यक्रमहरू गर्न सकिन्छ ?

- समाजबाट लगाइने लाञ्छनाको अन्त्य गरिनुपर्छ।
- घरायसी बन्धन हटाइनुपर्छ।
- महिलाहरूलाई निःशुल्क तथा अनिवार्य शिक्षाको व्यवस्था गरिनुपर्छ।
- घर-परिवारबाट नै छोरा र छोरीमा भेदभाव गरिने परम्परा हटाउनुपर्छ।
- सामाजिक, आर्थिक, राजनीतिक, साँस्कृतिकरूपले पूर्णरूपमा सक्षम बनाइनुपर्छ।
- समाजमा चेतना अभिवृद्धि कार्यक्रम संचालन गर्नुपर्छ।

- पुरूषमा भएको महिलाहरूप्रति हेर्ने दृष्टिकोण परिवर्तन गरिनुपर्छ।
- समाजमा भएका विकास निर्माणका कामहरूमा महिलालाई अनिवार्य संलग्न गराइनुपर्छ।
- महिलाहरूलाई सक्षम गराउनका लागि आरक्षणको कोटाका साथै प्रतिस्पर्धामा उतार्नका लागि चेतना अभिवृद्धि गराइनुपर्छ।
- बालविवाह, बहुविवाह, अनमेल विवाहलाई अन्त्य गरिनुपर्छ।

यस समूहकी टोली प्रमुख हिमकुमारी खड्का

यस समूहका सहभागीहरू

१) टुका हमाल
२) भीमकुमारी रावत
३) शारदा कोइराला
४) हिरादेवी पौडेल
५) सरीता शाही
६) हिमकुमारी खड्का
७) शारदा चिलवाल
८) तारा योगी
९) पाउसरा थापा
१०) शैली नामाङ
११) पद्मा घिमिरे
१२) विमला कार्की
१३) सावित्री मल्ल
१४) भीमा रेग्मी
१५) माया पौडेल
१६) भागिरथीदेवी बोहरा
१७) कुमारी तामु
१८) मन्जुदेवी भट्ट
१९) सरोजकुमारी यादव
२०) सानुमैया रावत

तेस्रो दिनको दोस्रो सत्र

तेस्रो दिनको दोस्रो सत्र इन्सेकका कार्यक्रम संयोजक देविका निर्मिल्सिनाको सभापतित्वमा संचालन भएको थियो । इन्सेकका अध्यक्ष सुशील प्याकुरेल, कार्यक्रम निर्देशक कृष्ण उपाध्याय र इन्सेक महिला अधिकार कार्यदलकी लक्ष्मी सिंह अतिथिका रूपमा मंचमा निम्न्याइनुभएको थियो। उक्त कार्यक्रमलाई श्रुति रेग्मीले संचालन गर्नुभएको थियो।

त्यसपछि इन्सेकका कार्यक्रम निर्देशक कृष्ण उपाध्यायले समूहगत छलफलबाट आएका निष्कर्षहरूलाई प्रस्तुत गर्नुभएर सहभागीहरूको त्यसप्रति ध्यानाकर्षण गराउनुभएको थियो।

उपाध्यायले भेलाका निष्कर्पहरूलाई "पासाङ ल्हामु संकल्प-२" मा समावेश गरी मस्यौदाका रूपमा भेलासामु प्रस्तुत गर्नुभएको थियो। यसरी प्रस्तुत मस्यौदा संकल्पमाथि सहभागीहरूले गम्भीर ध्यान दिएर आफ्ना तर्कपूर्ण भनाईहरू पेश गरेका थिए।

सहभागीहरुबाट संकल्प प्रस्तावको मस्यौदाका सम्बन्धमा प्राप्त प्रतिनिधिमूलक सुझावहरु

- मानवअधिकार उल्लंघनकर्तालाई कारवाही हुनेपर्ने
- प्रत्येक गविसमा महिला वकिल राख्निनुपर्ने
- महिला जनप्रतिनिधि महासंघ गठन गर्नु आवश्यक
- महिला पीडित भएकाले पीडा थप्ने कार्य निषेध गरिनुपर्छ

सहभागीहरूबीच व्यापक मन्थन भई सुझावहरू आएपछि त्यसका गम्भीर पक्षलाई समेत समावेश गरी कार्यक्रम निर्देशक उपाध्यायले उक्त मस्यौदालाई अन्तिम रूप दिँदै पासाङ ल्हामु संकल्प-२ नामक संकल्प भेलासामु पेश गर्नुभयो, जसलाई भेलाले सर्वसम्मतिले पारित गऱ्यो ।

महिला जनप्रतिनिधिहरुको राष्ट्रिय भेलाद्वारा पारित

पासाङ्ग ल्हामु संकल्प–२

- मानवअधिकारको विश्वव्यापी घोषणाले मानव मात्रमा अन्तरनिहित अधिकारको बारेमा गरेको उद्घोषबाट अभिप्रेरित भई,
- मानवअधिकार सोझै राज्यसँग सम्बन्धित रहने तथ्यलाई स्वीकार्दै,
- मानवअधिकारका विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूले सिर्जना गरेका नागरिकहरूका अधिकार र राज्यका दायित्वहरूलाई मनन गर्दै,
- मानवअधिकारको भियना विश्व सम्मेलन, रियो पृथ्वी शिखर सम्मेलन, कोपनहेगन सामाजिक विकासको विश्व सम्मेलन, बेइजिंग विश्व महिला सम्मेलन, कायरो जनसंख्यासम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन तथा समय समयमा गरिएका अन्य विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनहरूका उपलब्धिहरूलाई विचार गर्दै संयुक्त राष्ट्र संघद्वारा मानवअधिकार शिक्षा दशक (सन् १९९५ २००४) घोषित यस बेलाको महत्वलाई हृदयंगम गर्दै,
- ०४६ सालमा संयुक्त वाम मोर्चा र नेपाली कांग्रेसको संयुक्त नेतृत्वमा प्रजातन्त्र र मानवअधिकारको स्थापनाका निम्ति नेपाली जनताले गरेको आत्मवलिदानी एवं वीरतापूर्ण प्रजातान्त्रिक आन्दोलनका भावनाहरूको पूर्ण सम्मान गर्दै,
- ०४७ सालमा स्थापित अन्तरिम सरकारले कतिपय मानवअधिकारका अन्तर्राष्ट्रिय सन्धिहरूको अनुमोदन गरेकोमा हर्षित हुँदै,
- नेपाल अधिराज्यको संविधान ०४७ ले जनआन्दोलनका धेरैजसो मर्महरूलाई प्रत्याभूति प्रदान गरेकोमा खुशी प्रकट गर्दै,
- नेपालको विभिन्न मानवअधिकार संस्थाहरूले प्रजातन्त्र प्राप्तिपछि मानवअधिकारका विभिन्न विषयहरूमा आयोजना गरेका सम्मेलनहरूका उपलब्धिहरूलाई ध्यानमा राख्दै,
- सामाजिक न्याय तथा महिला एवं पुरूषका समान अधिकारलाई अंगिकार गर्ने सवालमा नेपालको संविधान तथा कानूनहरूमा लिंगको आधारमा भएका असमानताको गहन विश्लेषण गर्दै,
- महिला आन्दोलन सामाजिक तथा राष्ट्रिय मुक्ति आन्दोलनकै एउटा अभिन्न अंग हो भन्ने कुरा स्वीकार गर्दै र प्रजातन्त्रको संरक्षण र सम्बर्द्धन एवं मानवअधिकारको पूर्ण बहालीको निम्ति जनसंख्याको आधा भन्दा बढी हिस्सा ओगट्ने महिलाहरूको सहभागिता अपरिहार्य भएकाले,
- संयुक्त राष्ट्रसंघद्वारा पारित महिला अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय कानूनहरू विशेषतः महिला विरूद्ध हुने सबै प्रकारका भेदभावविरूद्धको अभिसन्धि तथा महिलाहरूको राजनीतिक सहभागितासम्बन्धी अभिसन्धिको राष्ट्रिय कार्यान्वयनमाथि जोड दिँदै,
- महिलाहरूको राजनीतिक सहभागिता अभिवृद्धि गर्न अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले २०५१ मा धनकुटामा राजनीतिपीडित महिला भेलाको आयोजना गरेर महिलाहरूको राजनीतिक पीडालाई राजनीतिक मंचमा ल्याएको तथ्यलाई हृदयंगम गर्दै,
- नेपालका राजनीतिक पार्टीहरूले पनि संविधान प्रदत्त ५ प्रतिशतको कोटा पुऱ्याउन मात्र महिला उम्मेदवार उठाउने र संविधानले तोके भन्दा बढी महिला उम्मेदवार दिने उदारत, देखाउन नसक्नुको तितो सत्यलाई मनन गर्दै,
- नेपालका प्राय सबै राजनीतिक पार्टीहरूमा महिलाहरूको न्यून सहभागिता भएको महिलाहरू ठूलो

पीडालाई बुझेर स्थानीय तहमा व्यापक संख्यामा निर्वाचित भएकोमा हर्षित हुन्छ,

- ०५२ चैत २८ ३० मा काठमाण्डौमा आयोजित राष्ट्रिय महिला भेलाद्वारा पारित पासाङ्ग ल्हामु संकल्प तथा इन्सेकद्वारा काठमाण्डौमे आयोजित प्रथम मानवअधिकार सम्मेलनद्वारा पारित मानवअधिकारको काठमाण्डौ घोषणा पत्रको मर्मप्रति पूर्ण प्रतिबद्ध रहेंदै,

मानवअधिकार र सामाजिक न्यायका लागि कार्यरत अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले ०५५ मंसिर ८ देखि १० गतेसम्म काठमाण्डौमा आयोजन, गरेको महिला जनप्रतिनिधि राष्ट्रिय भेला मा नेपालका ५५ जिल्लाका हामी १५० प्रतिनिधिहरूले यो पासाङ ल्हामु संकल्प २ पारित गरेका छौं।

हाम्रा आगामी अभिभारा

- महिला तथा बालबालिकाहरू विरुद्ध हुने सबै प्रकारका भेदभाव तथा पारिवारिक हिंसा र बलात्कार अन्त्य गर्न, कानून निर्माण गर्न तथा संरचना निर्माण र तिनको प्रभावकारी कार्यान्वयका लागि कार्यक्रम संचालन गर्न प्रयत्नशील रहने,
- छुवाछूतको आधारमा रहेका विभेदलाई हटाउन थप कानून निर्माण गर्ने तथा त्यसको कार्यान्वयन गर्ने र समानताको अधिकारको प्रत्याभूति दिन प्रयत्नशील रहने,
- सबै क्षेत्रका जनताको प्राकृतिक तथा राष्ट्रिय स्रोतप्रतिको उनीहरूको अधिकार रक्षाका लागि विभिन्न भौगोलिक क्षेत्रमा गरिएको स्रोतको असमान वितरणका कारणले आएको असमान विकासको निदान खोज्दै सबै क्षेत्रका जनताका सशक्तीकरणको निम्ति पहल गर्ने,
- नेपालमा विद्यमान कमैया, हलिया आदि प्रथाका रूपमा रहेका दासत्वका अवशेषहरूको अन्त्यका निम्ति कानूनको व्यवस्था गर्दै उनीहरूको सामाजिक पुनर्स्थापनाका लागि प्रयत्नरत रहने,
- कृषि मजदूर तथा औद्योगिक मजदूरहरूको अधिकारको उपभोगका निम्ति कानून कार्यान्वनका लागि हर सम्भव उपायहरू अवलम्बन गर्ने,
- बालबालिका तथा महिलाहरूको ओसारपसार तथा बेचबिखनविरुद्धका आफ्ना अभियानहरू तीव्र पार्दै त्यसको रोकथामका निम्ति उपयुक्त संरचना र प्रशासनिक व्यवस्था गर्ने,
- दाइजो प्रथा, बालविवाह, बहुविवाह, जारी प्रथालगायत् यस्तै अपमानजनक तथा शोषणयुक्त सामाजिक कुप्रथाको विरुद्ध आफ्ना सबै प्रयत्नहरू केन्द्रित गर्ने,
- महिलाको निम्ति छुट्टै गोप्य सुनवाईको अवसर प्रदान गर्ने, महिला अदालतको व्यवस्था गर्न प्रयत्न गर्ने,
- महिलाहरूले भोग्नु परेका सबैखाले समस्याहरूको समाधानका निम्ति सर्वाधिकार सम्पन्न, शक्तिशाली र स्वतन्त्र महिला आयोगको संवैधानिक व्यवस्था गरिनुपर्छ। महिलालाई आत्मनिर्भर र स्वावलम्बी बनाउन हरेक अवसर र अवस्थामा सम्पत्तिमाथि समान अधिकार एवं उपभोग गर्न पाउने सरल एवं व्यवहारिक व्यवस्था गर्न प्रयत्नशील रहने,
- मानवअधिकार आयोगमा कम्तिमा १ जना महिला सदस्य रहनुपर्ने व्यवस्थाको निम्ति लागिपर्ने,

हाम्रा यी अभिभारहरू पूरा गर्न देशभरि रहेका करीब ४०,००० महिला प्रतिनिधिहरूको भूमिका अभिवृद्धि गर्न श्री ५ को सरकार, अन्तरसरकारी संगठनहरू, मानवअधिकार संस्था तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय दातृ संस्थाहरूलाई निम्न विषयहरूमा आफ्ना क्रियाकलापहरूमा ध्यान केन्द्रित गर्न आग्रह गर्दछौं :

कानून

क) जननालाई सशक्तिकरण गर्ने विकेन्द्रीकरणको मर्मलाई आत्मसात गर्दै नीति निर्माण, कार्यान्वयन

र मूल्यांकनमा जनताको सहभागिताको निम्ति यस्ता कानूनहरूको साचो अर्थमा कार्यान्वयन गर्दै महिला प्रतिनिधिहरूको भूमिकाहरूलाई सवल बनाउने,

ख) महिला, बालबालिका तथा अन्य पिछडिएका जनसमुदायहरूको बारेमा भएका कानूनी प्रावधानहरूको बारेमा व्यापक प्रचार प्रसार गर्ने,

ग) महिला, बालबालिका तथा अन्य पिछडिएका वर्गका कानूनी समस्या समाधान गर्न र कानूनी उपचार सहज प्राप्य बनाउन गाविस तहमा कानूनी सहायता केन्द्रको व्यवस्था गरिनु पर्दछ।

तालिम

क) महिला प्रतिनिधिको भूमिका अभिवृद्धि गर्न उनीहरूलाई गाविस तथा स्थानीय निकाय सम्बन्धी कानून लिंगीय विभेद, योजना तर्जुमा, स्रोत परिचालन, मानवअधिकार तथा महिला अधिकारसम्बन्धी तालिम दिइनु पर्दछ।

ख) समाजमा रहेको अज्ञानता, गरीवि तथा अशिक्षाको कारणले ल्याउने स्वास्थ्य, बहुविवाह आदि समस्याको बारेमा पीडितहरूलाई सहयोग गर्न उनीहरूलाई तत्सम्बन्धी शिक्षाको पनि आवश्यकता दिइनुपर्दछ।

ग) स्थानीय तहमा महिला प्रतिनिधिहरू धेरै संख्यामा भएतापनि नीति निर्माणमा साचो अर्थमा उनीहरूको सहभागिता प्राप्त गर्न नसकेको यर्थाथलाई मनन गर्दै, पुरूष निर्वाचित प्रतिनिधिहरूलाईसमेत अलग्गै तालिमको व्यवस्था गरिनु पर्दछ।

विकास र सशक्तिकरण :

क) कतिपय निकायमा महिलाहरूको निम्ति अलग्गै कोष भएतापनि यस्ता कोष महिला विकासका निम्ति नभएको तथ्यलाई मध्यनगर गर्दै यस्ता कोष परिचालन गर्न र लगानीका प्राथमिकता क्षेत्र पहिचान गर्न गाविस, जिविस, नपाहरूमा अभिमत सिर्जना गरिनुपर्ने,

ख) महिलाहरूद्वारा संचालन कोष ग्रामिण तहमा स्थापना गरिनुपर्ने,

२०५२ सालमा इन्सेकद्वारा आयोजित राष्ट्रिय महिला भेलाद्वारा पारित संकल्पलाई सगरमाथा आरोही प्रथम महिला पासाङ ल्हामुको स्मरणार्थ उक्त नाम राखिएको थियो र यस पटकको संकल्प पनि त्यसैलाई निरन्तरता दिने अभियानमा उद्यत भएकाले यसलाई त्यही नामको दोस्रो संस्करणका रूपमा लिइएको जानकारी सहभागीहरूलाई दिइएको थियो।

अन्तिम दिनको अन्तिम सत्र

समापन समारोह

अन्तिम दिनको अन्तिम सत्र कार्यक्रम समापन सत्रको रूपमा रह्यो। लक्ष्मी सिंह, कृष्ण उपाध्याय, कमला पराजुली, दशरथ बुढाथोकी र दीप सिलवाल अतिथिका रूपमा मंचमा निम्त्याइनुभएको उक्त कार्यक्रमका प्रमुख अतिथि इन्सेक अध्यक्ष सुशील प्याकुरेल हुनुहुन्थ्यो। देविकानन्द तिमिल्सिनाको सभापतित्वमा संचालित उक्त कार्यक्रममा सवनम शर्माले उद्घोषण गर्नुभएको थियो।

समापन कार्यक्रमका अवसरमा सहभागीहरूका धारणा बुझ्न विभिन्न विकास क्षेत्रका एक एक जनालाई कार्यक्रम सम्बन्धमा आफ्ना धारणा प्रस्तुत गर्न अनुरोध गरिएको थियो।

जसअनुसार बाहुनडाँगी गाविस (झापा) की वडाअध्यक्ष तुलसा धितालले पूर्वाञ्चलको प्रतिनिधित्व गर्दै आफ्ना धारणा राख्ने क्रममा कार्यक्रम ज्यादै उपलब्धिमूलक भएको बताउनुभयो।

गैससहरू जनताका लागि काम गर्दैनन् भन्ने भ्रममा थिएँ तर त्यो भ्रम यहाँको उपस्थितिबाट हटेको छ भन्दै यहाँबाट गएपछि गाउँमा गएर काम गर्न ज्यादै हौसला मिलकोमा खुशी पनि व्यक्त गर्नुभएको थियो।

मध्यमाञ्चल विकास क्षेत्रको तर्फबाट आफ्ना धारणा व्यक्त गर्दै काभ्रेपलान्चोक जिविसकी सदस्य शीला कतिलाले पूर्वदेखि पश्चिमसम्मका साथीहरूसित अन्तरक्रिया गर्ने मौका मिल्यो, जसबाट हामीले भोग्नुपरेका समस्याका बाधकहरूको विरूद्धमा कसरी काम गर्ने भन्नेबारेमा ज्ञान हासिल गर्न सक्यौं भन्नुभयो।

हामीले सिकेका कुराहरूलाई चुनौतीका रूपमा सामना गर्न आफैं तयार र क्रियाशील हुनुपर्छ भन्दै उहाँले चुनौतीहरूलाई समाधान गर्न हामीहरूले घर, परिवार, बच्चामा मात्र सीमित नभएर उदाहरणका रूपमा काम गरेर देखाउन सक्नुपर्छ भन्ने मनोबल भेलाले प्रदान गरेको बताउनुभयो।

पश्चिमाञ्चल विकास क्षेत्रका सहभागीहरूको प्रतिनिधित्व गर्दै गुल्मी जिविस सदस्य भागिरथी प्रधानले हामी जस्ता पिछडिएका महिलाहरूका लागि यो भेला चेतनामूलक भयो भनी सन्तोष व्यक्त गर्नुभएको थियो। जनप्रतिनिधिको दायित्व के हो र त्यो कसरी बहन गर्न सक्छौं? भन्नेबारेमा व्यापक छलफल, विचार विमर्श गर्ने मौका पाएकाले हामीले सिकेका कुरा व्यवहारमा लागू गर्न सक्रिय हुने प्रतिबद्धता व्यक्त गर्नु आवश्यक छ भनी उहाँले अन्य सहभागीसमेतलाई यसतर्फ अघि बढ्न प्रेरित गर्नुभएको थियो।

यस्तो उपलब्धिमूलक कार्यक्रमका लागि इन्सेक परिवारलाई धन्यवाद दिन चाहन्छु भन्दै प्रधानले भेलाको व्यवस्थापनलगायत् सबै कुरा राम्रो रह्यो भनी खुशी व्यक्त गर्नुभयो।

उहाँको आसय यस्ता कार्यक्रमहरू इन्सेकले आगामी दिनमा पनि गरिरहोस् र केन्द्रमा मात्र सीमित नरही जिल्ला, गाउँ-गाउँ र टोल-टोलमा पुऱ्याओस् भन्ने रहेको थियो।

प्रतिक्रिया व्यक्त गर्ने क्रममै बर्दियाकी कमला अधिकारीले मध्य तथा सुदूर पश्चिमाञ्चलका प्रतिनिधित्व गर्दै महिला जनप्रतिनिधिको काम, कर्तव्य र अधिकारको बारेमा सिक्ने मौका प्राप्त भएकोमा खुशी व्यक्त गर्नुभएको थियो। गैससहरूबारेमा आफूले सुनेका कुराहरू नकारात्मक र झुटा रहेछन् भन्ने थाहा पाएको बताउँदै अधिकारीले इन्सेकले साँच्चै नै पिछडिएका जनताको हितको निम्ति काम गरेको रहेछ भन्ने अभिव्यक्ति सुनाउनुभयो।

इन्सेकको कामले अँध्यारोमा रूमल्लिएका महिला जनप्रतिनिधिको आँखा खोल्नेतर्फ प्रयत्न गरेको छ, तैपनि धेरै कार्य गर्न बाँकी नै छ, त्यसतर्फ पनि इन्सेकले प्रयत्न गरोस् भन्ने आग्रह राख्दै उहाँले आफ्नो क्षेत्रमा रहेको कमैया प्रथा, झुमा प्रथा जस्ता कुरीतिहरूको समस्याबारे प्रकाश

पार्नुभएको थियो।

उत्पीडनमा परेका र हिंसाका शिकार भएका महिलाहरूको उत्थानका निमित्त इन्सेकले काम गरिरह्योस् भन्ने कामना पनि उहाँले गर्नुभयो।

सहभागीहरूका तर्फबाट मन्तव्य दिने क्रम सकिएपछि इन्सेक कार्यदलकी सदस्य लक्ष्मी सिंहले आफ्ना धारणाहरू व्यक्त गर्नुभएको थियो। उहाँले इन्सेकले महिलाहरूलाई निकै प्रोत्साहन दिएको छ बताउँदै महिलाहरू कहिल्यै निराशावादी हुनुहुँदैन भन्नुभयो। महिलाहरूका बीचमा इन्सेकको तर्फबाट कार्यदलमा रहेर हिँड्दा मैले आफूलाई बूढो भएको पनि सम्झेको छैन भन्दै उहाँले हामीले हिम्मत लिनुपर्छ, हार्नुहुँदैन भन्नुभयो।

पुरूष, महिला सबैको जन्मदाता महिला हो, तसर्थ हामीहरूले कसैप्रति भेदभाव गर्नुहुँदैन, हामीमाथि भएको अन्याय अत्याचारका विरूद्ध महिला एकता हुनु जरूरी छ। एकता हुन सकेन भने केही पनि गर्न सकिँदैन भनेर उहाँले महिलाहरूलाई एकताबद्ध हुन प्रेरित पनि गर्नुभएको थियो।

एउटा घर महिलाविना रहन सक्तैन भने देश कसरी रहन्छ ? भन्ने प्रश्न गर्दै सिंहले महिलाहरूको भूमिका परिवार, समाज, र सिंगो देशमा एकदमै महत्वपूर्ण हुन्छ, यही बुझेर नै इन्सेकले तपाईंहरूलाई घेरै सिकाएको छ, तसर्थ काम गर्न तपाईंहरूले हिम्मत नहार्नुस् भनी ढाडस प्रदान गर्नुभयो।

प्रमुख अतिथिको आसनबाट इन्सेकका अध्यक्ष सुशील प्याकुरेलले महिला आन्दोलन र इन्सेक अभियानका सवालमा आफ्ना महत्वपूर्ण भनाइहरू राख्नुभएको थियो। उहाँले सहभागीहरूलाई घेरै कुराहरू तपाईंहरूले तीन दिनसम्म गरिसक्नुभएको छ भन्दै तपाईंहरूकै तर्फबाट आफ्नो समस्या पहिल्याएर समाधान कसरी गर्न सकिन्छ र महिला जनप्रतिनिधिहरूको संख्या र स्तर कसरी बढाउन सकिन्छ भन्ने उद्देश्यले यो कार्यक्रमको आयोजना गरेको हौं भन्नुभयो।

महिलाहरू २० प्रतिशत निर्वाचित भए पनि समस्याहरू विद्यमान नै छन्, तपाईंहरूलाई दायित्व दिइयो तर दायित्व निर्वाह गर्ने र स्तर उकास्ने कार्यमा प्रोत्साहन दिइएन, यसर्थ त्यसका लागि कसरी काम गर्न सकिन्छ ? त्यो वातावरण कसरी सिर्जना गर्न सकिन्छ भन्ने दायित्व हामीले निर्वाह गर्न यो भेलाको आयोजना गरेका हौं भनी उहाँले सहभागीहरूलाई भेलाको आयोजनाबारे स्पष्टरूपमा जानकारी गराउनुभएको थियो।

एकातिर तपाईंहरूको समाज, गाउँ र वडाप्रति दायित्व छ भने अर्कोतर्फ परिवारमा पनि महत्वपूर्ण र प्रमुख भूमिका रहन्छ, तसर्थ तपाईंहरू दायित्व पूरा गर्न कटिबद्ध र सक्षम हुनु जरूरी छ, जसका लागि क्षमता अभिवृद्धि आवश्यक छ भन्दै अध्यक्ष प्याकुरेलले तपाईंहरूले जुन संकल्प पारित गर्नुभयो, त्यो संकल्प लिएर त्यसमा उल्लेख गर्नुभएका मागहरू पूरा गराउन तपाईंहरूले नै संगठितरूपमा आ-आफ्नो गाविस, जिल्ला र क्षेत्रमा दबाब दिन सक्नुपर्छ, त्यसो भयो भनेमात्र महिलाहरूले भोग्नुपरेका समस्याहरू समाधान हुन सक्छन् भनी भेलालाई आश्वस्त पार्नुभयो।

तपाईंहरूका समस्या समाधान गर्न हामीहरू पनि आफ्नो ठाउँबाट सदैव प्रयत्नरत् छौं र रहनेछौं, तपाईंहरूले सिकेका कुराहरू अरू महिलाहरूलाई पनि सिकाउनुपर्छ, सम्बन्धित निकायहरूमा महिला सहभागिता र महिला समस्या समाधान गर्नका निम्ति दबाब सिर्जना गर्नुपर्छ- उहाँले आफ्नो मन्तव्यका क्रममा उल्लेख गर्नुभयो। महिला जनप्रतिनिधिहरूको संख्या बढाउन हामीले आफ्नो स्तर र क्षमता वृद्धि गर्नुपर्छ, राजनीतिक पार्टीहरूलाई त्यसतर्फ प्रयत्न गराउनुपर्छ भन्दै उहाँले यदि यो कुरालाई तपाईंहरूले उठाउन सक्नुभएन भने समस्याहरू यथावत् नै रहनेछन्, स्थितिमा परिवर्तन हुने छैन भन्नुभयो।

सामाजिक, आर्थिक, स्वास्थ्य समस्यालगायत् सामाजिक/पारिवारिक विकृतिहरू अन्त्य गर्न जनप्रतिनिधिहरूले आफ्नो अधिकारको प्रयोग गर्नुपर्छ, महिला समस्या समाधान गर्न महिला एकता आवश्यक छ, एकता नै बल हो भन्ने मान्यताका आधारमा महिलाहरूको महासंघ गठन गर्नेतर्फ प्रयत्न गर्नुहोस्, राजनीतिक पार्टीहरूमा सशक्त ढंगले कुरा पुऱ्याउनुहोस्, हामी पनि सहयोग गर्नेछौं भनेर सहभागीहरूको मनोवल उच्च पार्दै उहाँले स्थानीय तहमा महिला वकिल राख्नेतर्फ पनि प्रयत्न गरौं, त्यसो गर्न सकियो भने महिलामाथि भएका अत्याचारको समाधान गर्न सजिलो हुनेछ भन्नुभयो।

अधिकारहरूलाई उपभोग गर्न प्रयत्न गरिरहनुपर्ने उल्लेख गर्दै उहाँले सरकारभन्दा वाहिर बसेर जनताको समस्या समाधान गर्न आफ्नो धर्म निर्वाह गर्ने काम गैससको हो। कतिले त्यो धर्म पूरा गर्छन्, कतिले गर्दैनन्, फरक यत्तिमात्र हो भन्नुभयो। तपाईंहरूले दिनुभएको विश्वासलाई इन्सेकले ग्रहण गरेको छ र सके जति महिला जनचेतना बढाउन इन्सेक लाग्नेछ भन्ने दृढता व्यक्त गर्दै उहाँले एकता नै बल भएकाले त्यसतर्फ प्रयत्न गरौं भनी आग्रह गर्नुभयो। उहाँले कार्यक्रमका सहभागी, स्टाफ कलेजका सहयोगी, इन्सेक कार्यकर्तालगायत्का सम्पूर्ण सहयोगीहरूलाई यो कार्यक्रम सौहार्द्रतापूर्वक सफल वनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेकामा हार्दिक धन्यवाद दिनुभएको थियो।

इन्सेक, महिला विभाग प्रमुख कमला पराजुलीले सहभागीहरू/सहयोगीहरूलाई धन्यवाद ज्ञापन गर्दै घरायसी र अन्य कामहरूलाई थाँती राखेर यस भेलामा सक्रियतापूर्वक भाग लिनुभएकोमा सबैलाई धन्यवाद दिन्छु भन्नुभएको थियो। महिलाहरूलाई आरक्षित सिटमा निर्वाचित न गरियो तर उनीहरूको दायित्व पालन गर्नुपर्ने सवालमा अधिकांश महिला जनप्रतिनिधिहरूबीच नै अन्यौलता र अस्पष्टता भएको पायौं। यस्तो भ्रमलाई केही हदसम्म चिर्नका लागि र आफ्नो दायित्व, काम, कर्तव्य र अधिकारको बारेमा केही सिकौं भन्ने ठानेर यो कार्यक्रमको आयोजना गरेका हौं भन्ने मन्तव्य व्यक्त गर्दै उहाँले यो भेलाबाट हामीले पूर्णरूपमा सबै सवालहरूमा स्पष्ट हुन नसकेता पनि आपसी छलफल र विचार विमर्शको माझमा धेरै कुरा सिक्यौं जस्तो आफूलाई लागेको बताउनुभयो।

हामीले यहाँबाट फर्कंदा हामी कमजोर छौं भन्ने सोचाईको अन्त्य गरौं र हाम्रो भूमिका सबै ठाउँमा महत्वपूर्ण छ भन्ने उच्च भावनाका साथ जाऔं र काम गरौं भन्ने आग्रह महिला जनप्रतिनिधिहरूबीच व्यक्त गर्दै उहाँले हामीहरू आफ्नो अधिकार प्राप्त गर्न त्यसको निम्ति प्रयत्नतिर लागिरहनुपर्छ भन्नुभयो।

आरक्षण पायौं भनेर चुप लागेर वस्यौं भने हाम्रो स्थिति सप्रने छैन, तसर्थ हामीहरू प्रतिस्पर्धामा उत्रने मानसिकतामा हुनुपर्छ, सम्पूर्ण चुनौतीहरूको सामना गर्न हामी आफैं तयार हुनुपर्छ, यो भेलाले हामीबीच विद्यमान अन्धकारलाई हटाउन मद्दत गरेको छ भन्दै उहाँले यस कार्यक्रममा आफ्ना विभिन्न बाधा व्यवधानहरूलाई पन्छाउँदै भाग लिन आउनुभएकोमा सहभागीहरूलाई पुनः धन्यवाद दिन चाहन्छु भन्नुभएको थियो।

समापन सभाका सभापति तथा इन्सेकका कार्यक्रम संयोजक देविका तिमिल्सिनाले सभाको

औपचारिक विसर्जन गर्दै हामीहरूले फरक-फरक प्रकृतिका ३ वटा कार्यपत्रहरूको प्रस्तुति, त्यसमाथिको छलफल तथा मन्थनपछि निकालिएको निष्कर्षका रूपमा केही समयअघि मात्र पारित भएको संकल्पलाई पूरा गराउन स्थानीय तहदेखि सरकारी स्तरसम्म लागिपर्ने छौं भन्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। तपाईंहरूका मूल दायित्वहरू सामाजिक विकासको निमित निर्धारित गरिएकाले वर्तमान स्थितिलाई परिवर्तन गर्दै आफ्नो अधिकार प्राप्तिको निम्ति सुदृढ ढंगले अगाडि बढ्नु आवश्यक छ- उहाँले बताउनुभयो। सामाजिक विकृति र विसंगतिहरूलाई चिर्न विगतमा तपाईहरूले जसरी संघर्ष गर्नुभयो भन्दै उहाँले अहिले त्यसको विरूद्धमा काम गर्न आधिकारिकता र सबलताको स्थिति छ, तसर्थ यस्ता विकृति र विसंगतिको अन्त्य गर्न महिलाहरूकै बढी सक्रियता जरूरी भएको तथ्य पनि उल्लेख गर्नुभयो।

कार्यक्रमको सन्दर्भमा केही कमी/कमजोरीहरू रहेको भए आयोजकको तर्फबाट क्षमायाचना गर्दछु भन्दै उहाँले कार्यक्रम सफल पार्न सहयोग गर्ने सहभागी, सहयोगीहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो।

साँस्कृतिक कार्यक्रम

त्यसपछि सहभागीहरूबीच सहभागीहरूकै तर्फबाट साँस्कृतिक कार्यक्रम सम्पन्न भएको थियो। जसमा नाच्ने, गीत गाउनेलगायतका विभिन्न मनोरञ्जनका कार्यक्रमहरू संचालन गरिएको थियो। प्रेक्षा ओझाले संचालन गर्नुभएको उक्त कार्यक्रमका माध्यमबाट सहभागीहरूले तीन दिनसम्मको बेफुर्सदी समय, व्यस्तता र विभिन्न अप्ठ्यारोबाट छुट्टैस्वालको रमाइलो आनन्द प्राप्त गरेका महसुस गरियो।

राष्ट्रिय महिला भेलाका सम्बन्धमा प्रकाशित ब्रोसर

इन्सेक : स्थापना

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) २०४५ सालमा स्थापित एक मानवअधिकारवादी स्वायत्त संस्था हो। र, यो संस्था आफ्नो स्थापना कालदेखि नै सामाजिक न्यायका हरेक क्षेत्रहरूमा कार्यरत् रहँदै आजको दिनसम्म आइपुग्दा आफ्नो स्थापनाको दशौं वर्ष गाँठ मनाइरहेको छ। न्याय र समानताका लागि सधैं क्रियाशील भइरहने उद्देश्य बोकेको यस संस्थाको केन्द्रीय कार्यालय काठमाण्डौंमा रहेको छ, त्यस्तै पूर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चलका निम्ति क्षेत्रीय कार्यालयहरू क्रमशः विराटनगर, काठमाण्डौं र पोखरामा



अवस्थित छन् भने नेपालगंजस्थित क्षेत्रीय कार्यालयले मध्य तथ सुदूर पश्चिमाञ्चल दुवैलाई आफ्नो कार्यक्षेत्रभित्र समेटेको छ। इन्सेकले ७५ वटै जिल्लामा आफ्ना प्रतिनिधिमार्फत् मानवअधिकारको स्थितिलाई सुक्ष्मरूपबाट अवलोकन गर्दै हरेक वर्ष मानवअधिकारको क्रियाकलापसंग सम्बन्धित यथार्थ घटनाहरूलाई समेटेर मानवअधिकार वर्ष पुस्तकसमेत प्रकाशन गर्दै आइरहेको छ भने ४८ वटा जिल्लाहरूमा आबद्ध संस्थाहरूमार्फत् जनचेतना र शिक्षामूलक कार्यक्रमहरूलाई पनि निरन्तरता दिइरहेको छ।

उद्देश्य

अधिराज्यभरिका आम जनतालाई आफ्ना अधिकारहरूका बारेमा स्पष्ट रहन तथा उनीहरूको मानवअधिकारको संवर्द्धन एवं रक्षा गर्नका निम्ति विविधखाले सूचना तथा जागरण अभियानहरूलाई राष्ट्रिय, क्षेत्रीय एवं ग्रामीण तहसम्म फैलाउनुका साथै अन्तरक्रिया, तालिम, भेला तथा साक्षरता शिक्षाका माध्यमद्वारा जनचेतनामा अभिवृद्धि गराउने जस्ता विषयहरू इन्सेकको सामान्य उद्देश्यको रूपमा रहेका छन्।

इन्सेक र महिला अधिकार

इन्सेक क्रियाशील विविध क्षेत्रहरूमध्ये महिला क्षेत्र पनि एक महत्वपूर्ण क्षेत्रको रूपमा रहिआएको छ। "महिला अधिकार मानवअधिकार" भन्ने सवाललाई गम्भीरताका साथ मनन गर्दै महिला आन्दोलनको सवाललाई मानवअधिकार आन्दोलनकै एउटा अभिन्न भागको रूपमा परिभाषित गर्दै आइरहेको छ। यसका साथसाथै महिला अधिकारको बहाली विना मानवअधिकारको पूर्ण बहाली हुन सक्दैन र महिलाहरूको समस्यालाई अलग राख्दा समाज विकास र मानवअधिकार दुवै अपुरो हुन्छ भन्ने आफ्नो दृष्टिकोणलाई चरितार्थ गर्नका निम्ति इन्सेकले २०४९ सालदेखि नै महिला अधिकारका क्षेत्रमा विभिन्न किसिमका गतिविधि संचालन एवं संयोजन गर्दै आइरहेको छ भने महिलाविरूद्ध भएका भेदभाव र अत्याचारको विषयमा आफ्नो स्पष्ट धारणा राख्दै त्यसप्रति महिलाहरूलाई जागरूक गराउने उद्देश्यले विविध खाले अन्तरक्रिया कार्यक्रमहरू सबै विकास क्षेत्रहरूमा गरिसकेको छ।



महिलाहरूलाई अगाडि बढ्ने प्रेरणा र परिस्थिति निर्माण गर्न विभिन्न क्षेत्रमा नीति निर्माण र निर्णयका सवालमा पनि महिलाहरूको अनिवार्य सहभागिता गराइनुपर्छ भन्ने मान्यता संगाल्दै राजनीतिक क्षेत्रमा महिला सहभागिता र महिला नेतृत्वको विकास अभिवृद्धि गराइनुपर्छ भन्ने आफ्नो दृष्टिकोणलाई इन्सेकले स्पष्टरूपमा अघि सारेको छ। आफ्ना तर्फबाट गरिने कार्यक्रमहरू अझ प्रभावकारी होस् र यसले बढीभन्दा बढी महिलाहरूका समस्यालाई आफ्ना कार्यक्रममा समेट्न सकियोस् भन्ने अभिप्रायले २०५२ वैशाखदेखि छुट्टै महिला विभागको व्यवस्थासमेत गरिएकोछ।

इन्सेकद्वारा महिलासम्बन्धी गरिएका कार्यक्रमहरू

१. राष्ट्रिय महिला भेला २०५२

इन्सेक महिला विभागको सक्रियतामा वि. सं. २०५२ चैत २८ देखि ३० गतेसम्म काठमाण्डौमा राष्ट्रिय महिला भेला गरियो। सो भेलामा विभिन्न राजनीतिक नेताहरू, स्वतन्त्र व्यक्तित्व, गैह्रसरकारी संस्थाका प्रतिनिधिहरू र पत्रकारहरूसमेत गरेर ६२ जिल्लाको करिब ३ सय महिलाहरूको सहभागिता रहेको थियो। सोही भेलाले महिला अधिकारको पूर्ण प्राप्तिको लागि सम्पूर्ण महिला समुदाय एक भएर अघि बढ्नुपर्ने प्रतिबद्धता देर्शाउँदै "पासाङ ल्हामु संकल्प २०५२" पारित गऱ्यो।

२. अन्तरक्रिया कार्यक्रम

धनगढीमा आयोजित क्षेत्रीय महिला अन्तरक्रिया कार्यक्रम

महिलाविरूद्ध भएका भेदभाव दमन र अत्याचारका हरेक विषयमा आफ्नो स्पष्ट धारणा रास्दै त्यसप्रति स्वयं महिलाहरूलाई नै जागरूक गराउने उद्देश्यले विविधखाले अन्तरक्रिया कार्यक्रमहरू इन्सेकले पाँचै विकास क्षेत्रहरूमा गरिसकेको छ।

३. महिला जनप्रतिनिधि सचेतन कार्यक्रम

स्थानीय निकायमा निर्वाचित महिलालाई दक्ष र सशक्त बनाउने उद्देश्यले नमूनाको रूपमा अधिराज्यका एघार जिल्लामा इन्सेकले महिला जनप्रतिनिधि सचेतन कार्यक्रम संचालन गर्दै आइरहेको छ।

- महिला जनप्रतिनिधि सचेतन कार्यक्रम संचालिकालाई ३ दिने प्रशिक्षण (२०५४ भाद्र २७, २८ र २९) दिइएको थियो। जसमा २० जना सहभागी थिए।
- कार्यक्रमको किसिम

वडा सचेतन समूह | गाउँ सचेतन भेला | गाविस महिला जनप्रतिनिधि
बैठक/प्रशिक्षण

राष्ट्रिय महिला भेला २०५२ को उद्घाटन समारोह

- प्रत्येक गाविसमा मासिक रूपमा ११ वटा कार्यक्रम हुनेछन्।
- ११ वटा जिल्लाका ११ वटा गाविसमा महिनामा १२१ वटा कार्यक्रम हुनेछन्।
- प्रत्येक महिना ११ वटा जिल्लाका ११ वटा गाविसमा हामी २७७५ देखि ३००० महिला माझ नियमित छलफल, भेला, अन्तरक्रिया तथा प्रशिक्षण

चलाइरहेका छौं।

- सचेतन समूहका सदस्य महिलाहरूलाई रू. २ को सदस्यता समेत वितरण र सामूहिक भावनाको विकास गराइएको छ।
- महिला जनप्रतिनिधि सचेतन राष्ट्रिय परामर्श गोष्ठी ०५५ जेठ ११-१५, काठमाण्डौ - सहभागी ५५ जना
- महिला जनप्रतिनिधि सचेतन कार्यक्रम अन्तरगतका अतिरिक्त कार्यक्रमहरू

० कार्यक्रम संचालन भएका ११ जिल्लाका ११ गाविस ३ दिने नेतृत्व विकास (कार्यक्रम संचालन भएका गाविसका निर्वाचित र मनोनित जनप्रतिनिधिहरू) तालिम सम्पन्न भयो। जसमा ११ X २५ = २७५ सहभागी

० १ दिने गाविसस्तरको महिला भेलामा २०० जना X ११ गाविस=२२०० जनानमूनाका रूपमा छानिएका जिल्लाहरूमा धनकुटा, सुनसरी, मोरङ, धनुषा, सिन्धुली, चितवन, काभ्रे, नुवाकोट, पर्वत, रूपन्देही र दाङ रहेका छन्। यी जिल्लाहरूका प्रत्येक गाविसमा मासिकरूपमा ११ वटा कार्यक्रम संचालन भइरहेका छन्।

४. भेला तथा सम्मेलन

इन्सेक महिला विभागको पहल र सक्रियतामा महिला हक हित र अधिकारका सवालमा अधिराज्यभरका सम्पूर्ण क्षेत्रहरूमा क्षेत्रगतरूपमा रहेका महिलासम्बन्धी समस्याहरू संकलन, छलफल र समाधान गर्ने उद्देश्यले पाँचै विकास क्षेत्रमा क्षेत्रीय महिला भेला गरिएको छ। जसअनुसार २०५३ मा धनगढी र पोखरा २०५४ मा चितवन र विराटनगर तथा २०५५ मा नेपालगञ्जमा क्षेत्रीय महिला भेला सम्पन्न गरियो।

कार्यक्रम	स्थान	मिति	सहभागी संख्या
(१) उत्पीडित महिला भेला	नेपालगञ्ज	२०४९ फागुन	४१ जना
(२) राजनीति पीडित महिला भेला	धनकुटा	२०५१ माघ	१११ जना
(३) सु.प. क्षेत्रीय महिला भेला	धनगढी	२०५३ पुष९-१० गते	११२ जना
(४) म.प. क्षेत्रीय महिला भेला	नेपालगञ्ज	२०५५ बैशाख८-१० गते	९० जना
(५) प. महिला क्षेत्रीय भेला	पोखरा	२०५३ फागुन२५-२६ गते	८० जना
(६) म. क्षेत्रीय महिला भेला	चितवन	२०५४ पुष १-३ गते	८० जना

५. तालिम तथा प्रशिक्षणहरु :

- निर्वाचित जनप्रतिनिधिहरूलाई आफ्ना कार्यक्षेत्रमा दक्ष बनाउन र उनीहरूबाट हुने हरेक कार्यहरू प्रभावकारी तुल्याउनका लागि इन्सेकले जनप्रतिनिधिहरूलाई विभिन्न किसिमका प्रशिक्षणहरू दिँदै आइरहेको छ। यसअन्तरगत विभिन्न जिल्लामा आवश्यकता पहिचान गरेर निर्वाचित जनप्रतिनिधिहरूलाई प्रशिक्षण दिइने गरिएको छ।

- महिलाहरूको अवस्थालाई चिनाउनको लागि वर्तमान सामाजिक संरचना, महिला सम्बन्धी कानूनी व्यवस्था र ती व्यवस्थाद्वारा सिर्जित महिलाअधिकारका क्षेत्रहरूलाई लिएर महिला नेतृत्व विकास तालिम पनि इन्सेकले संचालन गरिरहेको छ।
- महिला नेतृत्व विकास प्रशिक्षक प्रशिक्षण ०५३ बैशाख १६-१८ गते काठमाण्डौमा भएको र उक्त प्रशिक्षणमा ८५ जना सहभागीहरू थिए।
- महिला नेतृत्व विकास तालिम इन्सेकसंग आवद्ध ४० भन्दा बढी जिल्लाहरूमा प्रति संस्थाका ३० का दरले ४० संस्थामा जम्मा १२०० जना सहभागी थिए।
- जनप्रतिनिधिमाझ विभिन्न किसिमका प्रशिक्षण कार्यक्रमहरू लैजान र ती कार्यक्रमहरू दक्षतापूर्ण ढंगबाट परिपालना गराउन सक्ने प्रशिक्षकहरू उत्पादनका लागि इन्सेकले सहभागीहरूलाई "प्रशिक्षक प्रशिक्षण" र "नमूना प्रशिक्षक प्रशिक्षण" तालिम दिँदै आइरहेको छ। यसैअनुरूप गत कार्तिक १९ देखि २५ गतेसम्म सात दिने प्रशिक्षक प्रशिक्षण (TOT) कार्यक्रम नगरकोटमा सम्पन्न गरियो। जसमा २२ जना सहभागीहरू संलग्न थिए।

६. राजनीति पीडित महिलाहरुका लागि कार्यक्रम

धनकुटामा आयोजित राजनीति पीडित महिला भेला

राजनीतिकरूपबाट पीडित क्षेत्रको रूपमा रहेको धनकुटाको छिन्ताङ (२०३५/३६ मा ठूलो प्रहरी दमन र हया भएको स्थान) र सिन्धुपाल्चोकको पिस्कर (२०४० माघे संक्रान्तिमा भएको दमन र हत्या भएको स्थान) मा महिलाहरूलाई विशेष अग्रगतिमूलक कार्यक्रम दिने उद्देश्यले महिला तथा बालबालिकाका लागि विविध किसिमका कार्यक्रमहरू संचालन गरिएका छन्। जसअनुरूप सचेतनाका लागि मानवअधिकार साक्षरता अनौपचारिक शिक्षा तथा आर्थिक उन्नतिका लागि बास्त्रा पालन कार्यक्रम संचालन गरिएका छन्।

कार्यक्रमका किसिमहरु :

- मानवअधिकार साक्षरता तथा सचेतन अनौपचारिक कक्षा (महिलाहरूका लागि र वालवालिकाका लागि) -
- अनौपचारिक कक्षा पुरा गरेर गएका बालबालिकाका लागि औपचारिक शिक्षाको सहयोग
- आय आर्जन र आर्थिक उन्नतकि लागि बास्त्रा पालन कार्यक्रम

७. महिला शहीद स्मृति पार्क तथा शालिक निर्माण

नेपालको प्रजातान्त्रिक आन्दोलनमा सक्रियताका साथ संलग्न हुने र शहादत प्राप्त गर्नुहुने महिला योद्धाहरूको त्यागलाई कदर गर्दै सम्मान प्रदान

गर्न देशमै सबैभन्दा बढी एकै ठाउँमा महिला शहीद भएको स्थान धनुषाको यदुकुहामा इन्सेकको अगुवाईमा नेपालमै पहिलो "महिला शहीद स्मृति पार्क" को निर्माण गरिएको छ। संविधान दिवसको अवसर पारेर गत कार्तिक २३ गते उक्त ३ महिला (मुनेश्वरी यादव, सोनावतीदेवी यादव, जानकीदेवी यादव), १ पुरुष (रामनारायण यादव) र १ बालक (उदयशंकर मण्डल) गरी जम्मा ५ जनाको शालिक अनावरण कार्यक्रमसमेत सम्पन्न गरिसकिएको छ।

८. अध्ययन तथा अनुसन्धान

केन्द्रीय महिला कारागार, काठमाण्डौंका महिला बन्दी साथ जेलरसंग कुरा गर्दै [illegible]

- महिलाहरूको बैवाहिक स्थिति सम्बन्धी अध्ययनको सर्भेक्षण (हुम्ला, रसुवा, कंचनपुर र सप्तरीमा) गरिएको छ।
- कमैया महिलाहरूको अवस्थाको अध्ययनको सर्भेक्षण (दाङ्ग, बाँके, बर्दिया, कैलाली, कंचनपुर) गरिएको छ।
- नेपालका राजनीतिक पीडित महिलाहरूको विवरण संकलन तथा सर्भेक्षण गरिएको छ।
- नेपाल अधिराज्यभरिका जेलभित्रका महिला बन्दीहरूको विवरण संकलन तथा सर्भेक्षण गरिएको छ।

भावी कार्यक्रमहरू

- सदनमा सम्पत्ति सम्बन्धी विधेयक महिला हितका पक्षमा पास गराउन लवी गर्ने (पक्षमा ल्याउने)।
- संविधान र कानूनमा महिला र पुरूषका अधिकारहरूकाबीच रहेका असमानताहरूको निराकरण गर्दै उपयुक्त कानूनको व्यवस्था गर्न दवाव सृजना गर्ने।
- निर्वाचित जनप्रतिनिधि महिलाहरूको राष्ट्रिय भेला गर्ने।
- देशका ७५ वटै जिल्लाबाट निर्वाचित र मनोनित जनप्रतिनिधि महिलाहरूका माझ महिला सचेतनता र सशक्तिकरण कार्यक्रम संचलन गर्ने।
- देशका विभिन्न भागमा अज्ञानता र अशिक्षाको कारणले भाग्यलाई दोष दिएर उत्पीडनमा बाँचिरहेका महिलाहरूलाई मानवअधिकार शिक्षा र चेतनामूलक कार्यक्रम (भेला, अन्तरक्रिया, पोष्टर) को माध्यमबाट अधिकारप्रति सचेत र कर्तव्यप्रति जागरूक बनाउने।
- समाजमा विद्यमान महिलाप्रतिको परम्परागत अवधारणामा परिवर्तन गराउदै महिलालाई सामाजिक रूपमा स्थापित गराउने।
- राजनीतिका र विकासका क्षेत्रहरूमा महिला सहभागिता बृद्धि गराउन विभिन्न राजनैतिक पार्टी, संघ-संगठन र सरकारसंग लवी गर्ने (पक्षमा ल्याउने काम गर्ने)।
- महिला विरूद्ध भएका सबै किसिमका भेदभाव विरूद्धको अभिसन्धि लागू गराउन सरकारलाई दबाब दिने।
- महिला विरूद्ध भएका हिंसा, अत्याचार र भेदभावपूर्ण कानूनको विरूद्धमा पर्चा, पोष्टर,

अन्तरक्रियाको माध्यमबाट दबाब सिर्जना गर्ने।

- महिलाहरूलाई राजनैतिक र सामाजिक क्षेत्रमा अगाडि बढेर नीति निर्माण र नेतृत्वमा जान प्रेरित गर्ने।
- इन्सेकसंग आवद्ध रहेका सबै जिल्लाका संस्थाहरूबाट महिला नेतृत्व विकास तालिम दिइनेछ।
- जिल्लामा ३० जनाका दरले जम्मा १२०० सहभागी हुनेछन्।

माथि उल्लेखित इन्सेकको भावी कार्यक्रमअन्तरगत राखिएको तेस्रो बुँदालाई कार्यगतरूपमा परिचालन गर्नका निमित्त "महिला जनप्रतिनिधि राष्ट्रिय भेला - २०५५" आयोजना गरिएको हो।

महिला जनप्रतिनिधि राष्ट्रिय भेला-२०५५

राष्ट्रिय महिला भेला २०५२ द्वारा पारित "पासाङ ल्हामु संकल्प" लाई आफ्नो कार्यदिशा ठान्दै महिलासम्बन्धी विभिन्न कार्यक्रमहरूलाई अगाडि बढाउँदै लाने क्रममा इन्सेक महिला विभागको सक्रियतामा यही मंसिर ८ देखि १० गतेसम्म "विकासमा महिला सहभागिताको आवश्यकताः स्थानीय निकायमा महिला नेतृत्वको अपरिहार्यता" भन्ने नाराका साथ महिला जनप्रतिनिधि राष्ट्रिय भेला २०५५ को आयोजना गरिएको छ। सो भेलाका लागि ७५ वटै जिल्लाबाट प्रतिनिधिहरूको छनौट गरिएको छ। देशको भौगोलिक विकटता तथा निर्वाचित जनप्रतिनिधिहरूको संख्यागत असमानताका कारणबाट प्रत्येक जिल्लामा समान संख्यामा जनप्रतिनिधिहरूलाई आमन्त्रण गर्न नसके तापनि ७५ वटै जिल्लाबाट प्रतिनिधित्व गराउने कुरालाई ध्यानमा राखेर प्रतिनिधिहरूको छनौट गरिएको छ।

यस भेलाको उद्देश्य

१. महिला जनप्रतिनिधिहरूका कार्यक्षेत्रमा देखापरेका बाधा व्यवधानहरूलाई उनीहरूबाटै उजागर गर्ने र ती व्यवधानहरूलाई निर्मूल पार्नका लागि के/कस्ता कदमहरू चाल्न सकिन्छ, सो बारेमा छलफल गर्ने

२. स्थानीय निकाय र स्वायत्त शासनसम्बन्धी अवधारणाभित्रका विविध कुराहरूबारे महिला जनप्रतिनिधिहरूलाई जानकारी दिलाउने।

३. देशको समग्र उत्थानका लागि राजनीतिमा महिला सहभागिताको अपरिहार्यता र स्थानीय निकायमा महिला जनप्रतिनिधिहरूको महत्वका विषयमा भेलाका सहभागीहरूलाई सु-सूचित बनाउने।

४. महिलाअधिकारका विषयसंग सम्बन्धित वर्तमान कानूनी व्यवस्थामा थप गरिनुपर्ने विषयवस्तुहरू महिला जनप्रतिनिधिले के के महसुस गरिरहेका छन्, ती कुराहरू भेलाबाट संकलन गर्ने।

५. "विकासमा महिला सहभागिताको आवश्यकताः स्थानीय निकायमा महिला नेतृत्वको अपरिहार्यता" भन्ने नारालाई मूर्त रूप दिन महिलाहरूलाई राजनीतिक क्षेत्रमा स्वतस्फूर्त रूपबाटै लागिपर्ने मनोभावनाको अभिवृद्धि गराउनुका साथै महिलाहरूको समग्र उत्थानका लागि महिला जनप्रतिनिधिहरू स्वयंलाई अझ बढी समर्पित तथा क्रियाशील हुने खालको अभिप्रेरणा जगाउन प्रेरित गर्ने।

भेलामा प्रस्तुत गरिने कार्यपत्रहरू

भेलामा ३ वटा कार्यपत्रहरू प्रस्तुत गरिने योजनाअनुरूप निम्नलिखित विषयका कार्यपत्रहरू प्रस्तुत गरिनेछन्।

१. "स्थानीय निकाय र स्वायत्त शासनसम्बन्धी अवधारणा"

- प्रस्तुतकर्ता प्रदीप नेपाल

२. "महिला जनप्रतिनिधिको भूमिका निर्वाहमा देखापरेका चुनौती र समाधानका उपायहरू"

- प्रस्तुतकर्ता सुलोचना मानन्धर

३. "राजनीतिमा महिला सहभागिता र महिला जनप्रतिनिधिको महत्व"

- प्रस्तुतकर्ता कमला पराजुली

महिला जनप्रतिनिधि राष्ट्रिय भेला-२०५५ लाई सुव्यवस्थित ढंगबाट सम्पन्न गर्नका लागि सल्लाहकार समिति र सो भेला व्यवस्थापन गर्नको निमित्त बनेको मूल व्यवस्थापन समिति गरी मुख्यरूपमा २ वटा समितिहरू रहेका छन्।

सल्लाहकार समिति

१. सुशील प्याकुरेल	अध्यक्ष
२. डा. राजेश गौतम	महासचिव
३. सन्तोष प्याकुरेल	इन्सेक कार्यसमिति
४. अनिल मिश्र	योजना निर्देशक
५. कृष्ण उपाध्याय	कार्यक्रम निर्देशक
६. देविका तिमिल्सिना	कार्यक्रम संयोजक

मूल व्यवस्थापन समिति

१. कमला पराजुली	महिला शाखा प्रमुख
२. उषा थपलिया	महिला शाखा
३. रमेश पौडेल	तालिम शाखा
४. कविता अर्याल	वालवालिका शाखा
५. प्रेक्षा ओझा	रेडियो शाखा
६. प्रेम पराजुली	लेखा शाखा
७. मुकुन्द कट्टेल	कार्यक्रम शाखा
८. नरनाथ लुइँटेल	प्रकाशन शाखा
९. जगदीश दाहाल	कार्यक्रम शाखा
१०. विमल शर्मा	प्रलेख शाखा
११. राजनारायण नेपाली	कार्यक्रम शाखा
१२. दशरथ बुढाथोकी	पूर्वाञ्चल क्षेत्रीय कार्यालय
१३. इन्दिरा फुँयाल	मध्यमाञ्चल क्षेत्रीय कार्यालय
१४. दीप सिलवाल	पश्चिमाञ्चल क्षेत्रीय कार्यालय
१५. सूर्य भट्टराई	मध्य तथा सुदूर पश्चिमाञ्चल क्षे.का.

कार्यक्रममा सहभागीहरूको नामावली यसप्रकार छ :-

पूर्वाञ्चल

झापा

क्र. सं.	नाम	पद	ठेगाना
१.	शोभा भण्डारी	वडा अध्यक्ष (मनोनीत)	सुरूङ्गा ३
२.	तुलसा धिताल	,,	बाहुनडाँगी ४

इलाम

१.	तारामाया गुरूङ	वडा अध्यक्ष	मावु ४
२.	संगीता राई	,,	बाझो ७
३.	लक्ष्मी पराजुली	,,	इलाम २

पाँचथर

१.	विद्या राई	गाविस उपाध्यक्ष	हाङगुम २
२.	आशारत्न जवेगु	जिविस सदस्य	याङनाम ६
३.	तारा श्रेष्ठ	वडा सदस्य	फलैचा ४

ताप्लेजुङ्ग

१.	निर्मला (संजिता) इजम	वडा अध्यक्ष	तिरिङ्गे ९
२.	लोकमाया भट्टराई	,,	फङ्गङ्गिग ५

मोरङ

१.	पुष्पा तामाङ	वडा अध्यक्ष	दुलारी ५
२.	लिलामाया सुब्बा	,,	शनिश्चरे ३
३.	नैनकला ओझा	जिविस सदस्य	अमर दह

सप्तरी

१.	गीतादेवी घिमिरे	वडा अध्यक्ष	फत्तेपुर गाविस ३

उदयपुर

१.	भीम कुमारी रावत	क्षेत्रीय सदस्य	कटारी
२.	अम्बिका थापा	जिविस सदस्य	रामपुर, ठोक्सिला

ओखलढुङ्गा

१.	अन्नमाया मगर	वडा अध्यक्षं	रूम्जाटार २

सोलुखुम्बु

१.	लालमाया राई	क्षेत्रीय सदस्य	टाक्सिण्डो १

सिराहा

१.	शिवसतीदेवी यादव	गाविस अध्यक्ष	डुमरी गाविस १
२.	पार्वतीदेवी यादव	वडा अध्यक्ष	महदेवा पोर्ताहा ३
३.	जगतारैनदेवी साह	जिविस सदस्य	पर्छवा गाविस १

खोटाङ्ग

१.	शान्ति राई	गाविस अध्यक्ष	जलेश्वरी गाविस
२.	कुन्ती गुरूङ	वडा अध्यक्ष	खोटाङ

तेह्रथुम

१.	तारा ढकाल	वडा अध्यक्ष (मनोनीत)	ओख्रे गाविस १
२.	शारदा कोइराला	,,	पिप्ले गाविस २
३.	विष्णुकुमारी गजुरेल	जिविस सदस्य (मनोनीत)	सिम्ले गाविस ५

धनकुटा

१.	मनमाया बस्नेत	वडा अध्यक्ष	फाक्सिब ३

भोजपुर

१.	रामशोभा राई	जिविस सदस्य (मनोनीत)	सातो डुम्मा गाविस

मध्यमाञ्चल

रसुवा

१.	शान्ति अधिकारी	महिला सदस्य जिल्ला परिषद्	लहरे पौवा १, बगावती
२.	कमला थापा	वडा अध्यक्ष	,, ,,

चितवन

१.	फूलमाया लामा	वडा अध्यक्ष	वीरेन्द्रनगर-८

पर्सा

१.	प्रेमा पौडेल	वोर्ड सदस्य	वीरगंज नगरपालिका
२.	लालमन वाइवा	वडा अध्यक्ष	बिरूवागुठी-१
३.	अनिता साह	जिविस सदस्य	पर्सा

काभ्रे

१.	शीला कतिला	जिविस सदस्य	
२.	गोमा भुर्तेल	जिविस उपाध्याय	मेधिनकोट ५, मेडावारी
३.	शैली तामाङ	वडाध्यक्ष	मेच्छे -१

रौतहट

१.	कलावतीदेवी चमार	गाविस उपाध्यक्ष	टेंग्राहा
२.	भक्तमाया राना	वडा अध्यक्ष	पौराई-२
३.	दुर्गा भेटवाल	वडा सदस्य	लक्ष्मनीया-९
४.	गीता तिमिल्सिना	जिविस सदस्य	

महोत्तरी

१.	शशी श्रेष्ठ	वडा अध्यक्ष	
२.	दानादेवी महतो	,,	लक्ष्मनीया-८

सिन्धुपाल्चोक

१.	सानुमैया दनुवार	वडा अध्यक्ष	झिमटार-२
२.	शान्ता श्रेष्ठ		

बारा

१.	कमला न्यौपाने	वडा अध्यक्ष	सपही-२
२.	विजया घिमिरे	जिविस सदस्य	डुमरबाना गाविस-८

सिन्धुली

१.	नर्मदामाया पुलामी मगर	वडा अध्यक्ष	आम्बोटे-४
२.	पद्माकुमारी घिमिरे	जिविस परिषद् सदस्य	

मकवानपुर

१.	विमला कार्की	वडा अध्यक्ष	मनहरि ६
२.	बालकुमारी थापा	जिविस सदस्य	मकवानपुर

ललितपुर

१.	विमला महत	वडा अध्यक्ष	सैबु भैसेपाटी-४
२.	मिरा केसी	,,	लामाटार-४
३.	शारदा श्रेष्ठ	,,	सिद्धपुर-३
४.	विमला घिमिरे	,,	फरूवारासी-७
५.	चिरिमैया महर्जन	वडा सदस्य	लुभु ६
६.	सुशीला नेपाल	जिविस सदस्य	सातदोबाटो-१५

भक्तपुर

१.	सानुमैया राउत	वडा अध्यक्ष	सिरूटार ४
२.	चम्पा थापा	,,	सिरूटार-९

काठमाडौं

१.	मैया केसी (स्वत्री)	वडा अध्यक्ष	फुटुङ्ग-४
२.	वीना श्रेष्ठ	जिविस सदस्य	कामनपा ४
३.	दुर्गा भुषाल	वडाध्यक्ष	फुटुङ्ग-७
४.	कविता के. सी		
५.	पद्मा मानन्धर		
६.	मिना काफ्ले		

दोलखा

१.	कुमारी तामाङ	वडा अध्यक्ष	वोच ५

नुवाकोट

१.	विन्दा ढुंगाना	जिविस सदस्य	

मध्य तथा सुदूर पश्चिमाञ्चल

बझाङ्ग

१.	पाउसरा थापा	जिविस सदस्य

डडेल्धुरा

१.	पार्वती बुढाऐर	गाविस सदस्य (मनोनीत)

२.	वसन्ती भण्डारी	नगरपालिका सदस्य	
सुर्खेत			
१.	गीता आचार्य	नगरपालिका सदस्य (मनोनीत)	
२.	नन्दा शर्मा	वडा सदस्य	
दाङ			
१.	तारा योगी	नपा सदस्य	
२.	लिला केमी	वडा सदस्य	
३.	सुशीला आचार्य	वडा अध्यक्ष	
प्युठान			
१.	विष्णु लवट	वडा सदस्य	
२.	सरीता जिसि	..	
जुम्ला			
१.	पंचकुमारी न्यौपाने	गाविस अध्यक्ष	कार्तिक स्वामी गाविस
दैलेख			
१.	सावित्री मल्ल		नपा सदस्य
२.	मिना रस्वाल	..	
बाँके			
१.	सरोजकुमारी यादव	गाविस अध्यक्ष	कोलिया गाविस
२.	भीमा रेग्मी	वडा सदस्य	
३.	माया पौडेल	..	
कंचनपुर			
१.	विष्णु पौडेल	गाविस महिला सदस्य	
२.	उषा चन्द	वडा सदस्य	
अछाम			
१.	अमृता खड्का	गाविस उपाध्यक्ष	धुधुरकोट
२.	मना अधिकारी	वडा सदस्य	
कैलाली			
१.	मञ्जुदेवी भट्ट	वडा अध्यक्ष	गेटा-७
२.	शारदा उपाध्याय	महिला सदस्य	
दार्चुला			
१.	दुर्गादेवी धामी	वडा सदस्य	
२.	भागर देवी वोहरा	..	
बर्दिया			
१.	कमला अधिकारी	वडाध्यक्ष	डेउडाकला-९
२.	विना ज्ञवाली	जिविस सदस्य	

पश्चिमाञ्चल

स्याङजा

१.	सरीता शाह्री	वडा अध्यक्ष	फापरथुम-५
२.	धनमाया विक	जिविस सदस्य	

कास्की

१.	हिमकुमारी खड्का	वडा अध्यक्ष	रूपाकोट-४
२.	मिठू पौडेल	वडा अध्यक्ष	

तनहुँ

१.	राजकुमारी गुरू	वडा अध्यक्ष	कुर्कोट-८

नवलपरासी

१.	चन्द्रकला पाठक	वडा अध्यक्ष	दिव्यपुरिया-८
२.	देउकला वराल	गाविस उपाध्यक्ष	मुकुन्दपुर
३.	देउरूपा विक	जिविस सदस्य	

अर्घाखाँची

१.	पुष्पा भुपाल	वडा अध्यक्ष (मनोनीत)	
२.	उषा पोखरेल	वडा सदस्य	अर्घाखाँची ६

मनाङ

१.	विष्णुमाया घले	वडा अध्यक्ष	चामे-४
२.	चिउडे लामा	जिविस सदस्य	

गोरखा

१.	विष्णुमाया गुरूङ	गाविस उपाध्यक्ष	गाँखु-१
२.	दिलकुमारी गुरू	वडा सदस्य	

गुल्मी

१.	तुलसी श्रेष्ठ	वडा अध्यक्ष	रूरू-३
२.	कमला ज्ञवाली	वडा सदस्य	
३.	भागीरथी प्रधान	जिविस सदस्य	पूर्तिघाट-१

वाग्लुङ्ग

१.	देवका कार्की	वडा अध्यक्ष	रेश-१
२.	लक्ष्मी बाँस्कोटा	जिविस सदस्य	

लमजुङ्ग

१.	शारदा चिलुवाल	वडा अध्यक्ष	धर्मिली कुवा-२
२.	टुका हमाल	जिविस सदस्य	श्री भञ्ज्याङ-७

पर्वत

१.	गीता अधिकारी	वडा अध्यक्ष	कटुवा चौपारी-१
२.	दुर्गा कुमारी सुवेदी	,,	ठूली पोखरी-१
३.	हिरादेवी पौडेल	,,	ठूली पोखरी-८

सचिवालय

कार्यक्रम अवधिभर सहभागीहरूलाई कुनै कठिनाई नहोस् भन्नका लागि इन्सेकद्वारा एक सक्रिय समिति बनाएको थियो । सचिवालयमा हरदम कार्यरत् यो समितिले प्रतिवेदन लेखन, कार्यक्रमका बारेमा सिकायत, स्वास्थ्य समस्या, प्रचारप्रसारको व्यवस्था, फोटो व्यवस्था र कुनै पनि समस्या आइपरे सम्पर्क राख्नका लागि विभिन्न व्यक्तिहरूलाई जिम्मेवारी प्रदान गरिएको थियो ।

जसअन्तर्गत निम्न व्यक्तिहरू क्रियाशील हुनुहुन्थ्यो :-

स्वास्थ्यसम्बन्धी समस्या :	कविता अर्याल (यस कार्यक्रमअन्तर्गत शिक्षण अस्पतालकी नर्स अप्सरा पाण्डेले आफ्ना अन्य सहयोगीहरूका साथ विशेष सेवा प्रदान गर्नुभएको थियो ।)
स्वयंसेवकहरुले सम्पर्क :	उषा थपलिया
कार्यक्रम रेकर्डिङ तथा मनोरञ्जनको लागि :	प्रेक्षा ओझा
प्रतिवेदन लेखन :	कृष्ण गौतम प्रकाश ज्ञवाली कृष्ण सुवेदी
विविध समस्या भए :	समीर नेपाल गीता माली
कार्यक्रम सम्बन्धमा सिकायत :	कमला पराजुली
फोटोसम्बन्धी :	विमलचन्द्र शर्मा
प्रचार!प्रसार व्यवस्था :	रघुनाथ लामिछाने

कार्यक्रमका सम्बन्धमा विभिन्न संचार माध्यमहरुले समाचार प्रसार प्रचार गरेका थिए। जसलाई हामीले भेटे जति जस्ताको जस्तै प्रकाशित गरेका छौं ।

उक्त कार्यक्रमको समाचार राष्ट्रिय समाचार समितिद्वारा २०५५ मंसिर ८ गतेको दिउसोको बुलेटिनमा प्रकाशित गरिएको थियो । उक्त समाचारलाई धेरै पत्रपत्रिका र संचार माध्यमले साभार गरेका थिए। रेडियो नेपाल र नेपाल टेलिभिजनद्वारा पनि उक्त कार्यक्रमको प्रारम्भ र समापन अवसरका समाचारहरू प्रशारण गरिएको थियो। यसै सन्दर्भमा नेपाल टेलिभिजनले अचेल कार्यक्रमका लागि एक कार्यक्रम बनाई २०५५ मंसिर १३ गते प्रशारण गरेको थियो । यसैगरी नेपाल टेलिभिजनकै जागृति कार्यक्रममा पनि एक विशेष कार्यक्रमका रूपमा २०५५ पुस ७ गते प्रशारण गरिएको थियो।

महिला जनप्रतिनिधि राष्ट्रिय भेला

टाइम्स संवाददाता

काठमाडौं, मंसिर १६

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को आयोजनामा हाल विकासमा महिला सहभागिताको आवश्यकता, स्थानीय निकायमा महिला नेतृत्वको अपरिहार्यता नामक ३ दिने महिला जनप्रतिनिधि राष्ट्रिय भेला सम्पन्न भयो ।

९५ बुँदे पासाड लाभु संकल्प-२ पनि पारित गरेको भेलाले नेपालका प्राय सबै राजनीतिक पार्टीहरूमा महिलाहरूको न्यून सहभागिताको प्रतिलाई बुझेर स्थानीय तहमा व्यापक सहभागी विधीत भएकोमा खुसी व्यक्त गरेको छ । महिला आन्दोलन सामाजिक तथा राष्ट्रिय मुक्तिआन्दोलनकै एउटा अंगको अगाडि भन्ने कुरा स्वीकार गर्दै प्रजातन्त्रको संरक्षण, संवर्द्धन एवं मानवअधिकारको पूर्ण बहालीका निम्ति जनसंख्याको आधाभन्दा बढी हिस्सा ओगट्ने महिलाको सहभागिता अपरिहार्य भएको बताएको छ ।

- ९५० भन्दा बढी महिलाहरू सहभागी भएको सो भेलामा ५५ जिल्लाका महिला जनप्रतिनिधिहरू उपस्थित थिए ।

महिला जनप्रतिनिधि राष्ट्रिय भेला शुरू

गोरखापत्र संवाददाता

ललितपुर, मंसीर ८ गते । महिला जनप्रतिनिधिहरूको कार्यक्षमता अभिवृद्धि गराउने उद्देश्यले आजदेखि यहाँ महिला जनप्रतिनिधि राष्ट्रिय भेला शुरू भएको छ ।

तीनदिनसम्म चल्ने उक्त राष्ट्रिय भेलाको उद्घाटन गर्दै नेपाली कांग्रेसका युवा नेता एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले परिवर्तित सन्दर्भमा महिला जनप्रतिनिधिहरूले पाएको जिम्मेवारी समग्र समाज र राष्ट्रको विकासमा महिला जनप्रतिनिधिहरूमा दोहोरो जिम्मेदारी पर्न गएको तथ्य औंल्याउँदै पूर्वप्रधानमन्त्री देउवाले महिला स्वयंको सक्रियता, समझदारी र पुरुषवर्गको सहयोगले मात्र दुवै दायित्वहरू महिला जनप्रतिनिधिहरूद्वारा पूरा हुनसक्ने विचार व्यक्त गर्नुभयो ।

"पारिवारिक तथा ग्रामीण अर्थतन्त्रमा हाम्रो सन्दर्भ बेग्लै छ, महिलाको योगदान हटाउने हो भने कृषिकरुपमा व्यवहारमा उतार्दै जाँदा सकारात्मक प्रतिफल प्राप्त हुन्छ भन्नुभयो ।

"ग्रामीण खानेपानी, प्रौढ शिक्षा, स्वास्थ्य र सरसफाइका क्षेत्रमा हुने विकास कार्यक्रममा महिला जनप्रतिनिधिहरूको सशक्त संलग्नता आवश्यक छ" श्री देउवाले भन्नुभयो ।

ग्रामीण समस्याहरूबाट पुरुषहरूभन्दा बढी महिला नै पीडित हुनेहुँदा त्यस्ता कार्यक्रममा महिला स्वयंको सक्रियताले बढी महत्त्व राख्छ ।

महिला जनप्रतिनिधि राष्ट्रिय भेला शुरू

महिलाहरू [illegible] भएर [illegible] गर्दै समारोहका प्रमुख अतिथि देउवाले भेलाले निकाल्ने ठोस निष्कर्षहरूले त्यस्ता समस्या समाधानमा सघाउ पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को आयोजनामा भएको सो भेलाको उद्घाटन समारोहमा बोल्दै सांसद विद्या भण्डारीले अनगिन्ती समस्याहरूको बावजुद पनि महिला जनप्रतिनिधिहरूले यथा समाजको निर्माणमा जुटनुपर्ने चुनौती आएको छ भन्नुभयो ।

"महिलाहरूको विकासको प्रसंगमा कुनैपनि राजनीतिक पार्टी र सरकारको दृष्टिकोण अझै स्पष्ट छैन, यो आरोप होइन, तीतो सत्य हो" भन्दै सांसद भण्डारीले राजनीतिक पार्टीका चुनावमुखी नाराले मात्र समग्र महिलाको समस्या समाधान हुनसक्ने कुरामा जोड दिनुभयो ।" कर्तव्यप्रति गम्भीर [illegible] समस्या समाधान गर्न [illegible] जनप्रतिनिधिहरू स्वयं पनि क्रियाशील हुनुपर्छ" सांसद भण्डारीको कहन थियो ।

सो अवसरमा बोल्दै सांसद शान्ता मानन्धरले महिलाहरूलाई अधिकार दिएर मात्र राज्यको दायित्व पूरा हुँदैन भन्दै दिएका अधिकारहरूको अभ्यास गर्ने वातावरणको तय गर्नुपर्छ भन्नुभयो ।

अशिक्षा र अचेतनाको कारण महिलाहरूपछि परेको चर्चा गर्दै समाजमा अघि बढ्ने सन्दर्भमा महिला जनप्रतिनधिहरूको हिनताबोध हटनुपर्ने कुरामा जोड दिनुभयो ।

महिला तथा समाजकल्याण मन्त्रालयका विशेषसचिव उर्मिला श्रेष्ठले मन्त्रालय स्थापना भइसकेपछि महिला विकासको सिलसिलामा भएका कार्यहरूको चर्चा गर्नुभएको थियो । लैङ्गिक विभेदलाई हटाई महिला सशक्तिकरण गर्ने श्री ५ को सरकारको नीतिको कार्यान्वयनमा मन्त्रालयले सीमित स्रोत र साधनको बावजुद कार्य गरिरहेको विषयमा उन्लै स्पष्ट गर्नुभयो ।

इन्सेकका अध्यक्ष सुशील प्याकुरेलको सभापतित्वमा सम्पन्न उक्त समारोहमा महिला अधिकार कार्यदलका सदस्य शान्ता श्रेष्ठले कार्यदलले महिलाहरूको विषयमा गरेका कार्यहरूको जानकारी दिंदै महिलाहरूको क्षमतावृद्धिमा जोड दिनुभयो ।

मंसीर १० गतेसम्म चल्ने उक्त भेलामा राजनीतिमा महिला सहभागिता, स्थानीय निकायमा महिला जनप्रतिनिधिको भूमिका लगायतका विषयमा प्रस्तुत हुने विविध कार्यप्रत्रमा छलफल हुने बताइएको छ । भेलामा अधिराज्यभरिका विभिन्न निकायका महिला जनप्रतिनिधिहरूको सहभागिता रहेको आयोजकहरूले बताएका छन् ।

महिला जनप्रतिनिधिहरूको राष्ट्रिय भेला सुरु

ललितपुर, ८ मंसिर (रासस)- पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा आयोजित महिला जनप्रतिनिधि राष्ट्रिय भेलाको मंगलबार यहाँ उद्घाटन गर्नुभयो।

तीनदिने उक्त भेलामा विभिन्न जिल्लाका स्थानीय निकायमा निर्वाचित महिला जनप्रतिनिधिहरूको सहभागिता रहेको छ।

त्यस अवसरमा पूर्व प्रधानमन्त्री देउवाले खानेपानीको समस्याबाट सबैभन्दा बढी महिला वर्ग नै पीडित भएकाले देशभरि नै खानेपानी योजना संचालनको जिम्मा महिला वर्गले लिएमा मात्र त्यो प्रभावकारी हुन सक्ने विचार व्यक्त गर्नुभयो।

वृक्षरोपण, सरसफाइ, स्वास्थ्य सेवा र साक्षरताजस्ता महिलासँग प्रत्यक्ष सरोकार भएका कार्यहरूमा महिलाहरूकै अग्रणी भूमिका हुनुपर्ने धारणा उहाँले व्यक्त गर्नुभयो।

उहाँले नेपालको ग्रामीण अर्थतन्त्र टिकाउनमा महिला वर्गको निर्णायक भूमिका रहेको यथार्थलाई बेवास्ता गर्न नसकिने बताउनुभयो।

घरेलु हिंसा, यौन शोषण, स्वास्थ्य समस्याजस्ता महिलाहरूले सधैं भोगिआएका पीडाप्रति महिला जनप्रतिनिधिहरूले गम्भीर ध्यान दिनुपर्ने आवश्यकतामा देउवाले जोड दिनुभयो।

नेकपा एमालेका केन्द्रीय सदस्य एवं सांसद विद्या भण्डारीले महिलाप्रति सरकार र समाजको दृष्टिकोण स्पष्ट हुनुपर्ने बताउँदै महिलाहरूलाई अधिकार सम्पन्न गराउन प्रारम्भिक अवस्थामा आरक्षणको पनि व्यवस्था हुनुपर्ने राय व्यक्त गर्नुभयो।

राष्ट्रिय सभाका सदस्य शान्ता मानवीले महिलाहरू विभिन्न पदमा निर्वाचित भए पनि आफ्नो अधिकार र कर्तव्यको जानकारीका अभावमा अन्यौल ग्रस्त अवस्थामा रहेको बताउँदै महिलाहरूलाई भारा टार्ने होइन, कार्यान्वयन हुने अधिकार दिइनुपर्छ भन्नुभयो।

समारोहका सभापति एवं इन्सेकका अध्यक्ष सुशील प्याकुरेलले महिला अधिकारलाई पन्छाउने हो भने मानव अधिकार अर्थहीन हुन्छ भन्ने इन्सेकको मान्यता रहेको बताउनुभयो।

महिला तथा समाज कल्याण मन्त्रालयका विशेष सचिव उर्मिला श्रेष्ठले महिलाहरूलाई आफ्नो अधिकार प्रयोग गर्न सक्षम नबनाइएमा महिलाहरूले काम गर्न सकेनन् भन्ने आक्षेप आउन सक्ने भएकाले महिलाहरू सजग र सक्रिय हुनु आवश्यक छ भन्नुभयो।

गत स्थानीय निर्वाचनपछिहाल नेपालमा करिब ३५ हजार महिला जनप्रतिनिधिहरू विभिन्न तहमा कार्यरत रहेका थाहा भएको छ।

'Women's education vital'

Lalitpur, Nov. 24 (RSS):

Former prime minister Sher Bahadur Deuba inaugurated a national gathering of women's representatives organised by the Informal Service Sector (INSEC) here today.

Taking part in the three-day gathering are local women representatives from different districts.

On the occasion, Mr. Deuba said since it is women who suffer most from the problem of water scarcity they should take the leadership for operating drinking water projects and only then can the problem be solved.

He also underlined the lead role of women in programmes relating to afforestation, sanitation, health services and literarcy as these are directly linked with them.

Stating that women's education is essential not only for their sake but for the family, society and the country at large, the former prime minister spoke of the need for women's representatives to pay due attention to the problems of domestic violence, sexual exploitation and health being faced by women.

CPN-UML central member and MP Vidya Devi Bhandari pointed out the need for the government to make its views clear in terms of women and the reservation policy should be adopted for empowering them.

Various other speakers including MP Shanta Manavi, special secretary at the Ministry of Women and Social Welfare Urmila Shrestha and member of the Women's Rights Task Force Shanta Shrestha also spoke at the function chaired by INSEC chairman Sushil Pyakurel.

There are a total of some 36,000 women representatives now in the country.

Kamala Parajuli, Pradip Nepal and Sulochana Manandhar had presented their working papers relating to women on the occasion.

महिला जनप्रतिनिधिको भेलामा महिलाकै मात्र चिन्ता

–समाचारपत्र संवाददाता–

काठमाडौं। पूर्वप्रधानमन्त्री तथा नेपाली कांग्रेसका नेता शेरबहादुर देउवाले अहिले पनि लोग्ने मान्छेले पानी बेच्नुपर्छ, लुगा धुनुपर्छ, छोराछोरीको स्याहार–सुसार गर्नुपर्छ भन्ने मानसिकता नबनेकोले त्यो मानसिकता जागृत गर्न साक्षरता आवश्यक भएको बताउनुभएको छ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा हिजोदेखि सञ्चालित तीन दिने महिला जनप्रतिनिधिहरूको राष्ट्रिय भेलालाई सम्बोधन गर्दै पूर्वप्रधानमन्त्री देउवाले पानी बोक्ने महिला हुँदिन् तर धारामाहाँ राख्ने निर्णय पुरुषले गर्छन् भनी चिन्ता व्यक्त गर्नुभयो।

उहाँले खानेपानीको योजनालगायत अन्य निर्णयहरूमा महिलाको सहभागिता जरूरी छ भन्दै त्यसतर्फ खासै जनप्रतिनिधि महिलाहरूले पहल गर्नुपर्ने र त्यसका लागि सबै पार्टीले पनि आफ्नो कार्यक्रम नीतिमा राख्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

पूर्वप्रधानमन्त्री देउवाले महिलाहरूको अगि प्रमुख समस्या साक्षरता, घरेलु हिंसा, शासन, मजदूरीलगायत महिला–पुरुष भनी दभाव अझापि जारी रहेको उल्लेख गर्दै महिलाहरूलाई देशको समग्र विकासमा सहभागी गराउनुपर्छ, भन्नुभयो।

वृक्षरोपण, सरसफाई, स्वास्थ्य सेवा र साक्षरताजस्ता महिलासँग प्रत्यक्ष सरोकार भएका कार्यक्रममा महिलाहरूकै अग्रणी भूमिका हुनुपर्ने बताउँदै देउवाले स्वास्थ्यको सेवा नपाएर सुरक्षित मातृत्वको अभावमा महिलाहरूको मृत्यु हुने गरेको छ, भन्नुभयो।

नेकपा (एमाले) का केन्द्रीय सदस्य तथा अखिल नेपाल महिला संघको चौथो राष्ट्रिय सम्मेलन आयोजक समितिकी संयोजक विद्या भण्डारीले महिलाहरूको समस्या सिंगो समाजको सवाल हो भन्दै महिला कार्यक्रम तथा महिलाहरू उपस्थित भएको अवस्थामा मात्रै महिला समस्याका कुरा उठ्ने गरेकोमा चिन्ता व्यक्त गर्नुभयो।

वास्तवमा महिलाहरूको उपस्थितिमा मात्र नभई अनुपस्थितिमा पनि चर्चा गरिनुपर्छ भन्दै सांसद भण्डारीले आधा धर्ती–आकाशको जिम्मेवारी बोकेका महिलाहरूको सबालमा सरकारको पनि स्पष्ट दृष्टिकोण छैन, भन्नुभयो।

महिलालाई अधिकार दिने कुरामा विभिन्न बहाना बनाएर साँचो रूपमा अधिकारबाट बञ्चित गरिएको छ, भन्दै सांसद भण्डारीले संविधानले प्रदान गरेका अधिकार महिलाहरूले पाउन सकेका छैनन्, भन्नुभयो।

राष्ट्रिय सभाका सांसद शान्ता मानवीले महिलाहरू विभिन्न पदमा भए पनि आफ्नो अधिकार र कर्तव्यको जानकारीका अभावमा अन्यौलग्रस्त अवस्थामा रहेको बताउँदै महिलाहरूलाई भय टार्न होइन कार्यान्वयन हुने अधिकार दिइनुपर्छ, भन्नुभयो।

महिला तथा समाज कल्याण मन्त्रालयका विशेष सचिव उर्मिला श्रेष्ठले महिलालाई राजनीतिक, सामाजिक र आर्थिक सशक्तता ल्याउनु जरूरी छ, भन्नुभयो।

महिला अधिकार कार्यदलकी शान्ता श्रेष्ठले बहुदलीय व्यवस्था पुनर्स्थापनापछि मानव अधिकारतर्फ सामाजिक, आर्थिक र सांस्कृतिक अधिकारको आन्दोलनमा लाग्ने संस्थाहरूमध्ये प्रमुख स्थानमा इन्सेक रहेको उल्लेख गर्नुभयो।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का अध्यक्ष सुशील प्याकुरेलले महिला अधिकारलाई पन्छाउने हो भन्ने मानव अधिकारको कुरा गर्नु अर्थहीन हुन्छ, भन्नुभयो।

विभिन्न जिल्लाका स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधिहरूको सहभागिता भएको सो महिला भेलामा कमला पराजुलीले राजनीतिमा महिला सहभागिता र महिला जनप्रतिनिधिको महत्त्व, प्रदीप नेपालले स्थानीय स्वायत्त शासन र स्थानीय निकायमा महिलाहरूको भूमिका, सुलोचना मानन्धरले महिला जनप्रतिनिधिको भूमिका निर्वाहमा देखापरेका चुनौती र समाधानका उपायहरू विषयमा कार्यपत्र प्रस्तुत गर्ने कार्यक्रम रहेको छ।

महिलाको जिम्मेवारी दोहोरो

काठमाडौं। पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले परम्परागत घरायसी काम–कारबाहीलाई महिलाहरूले तत्काल छोड्न सक्ने स्थिति नरहेको कुरा बताउनुभएको छ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रशासनिक प्रशिक्षण प्रतिष्ठान केन्द्र बावलाखेलमा हिजो आयोजित महिला जनप्रतिनिधिको राष्ट्रिय भेलाको उद्घाटन गर्दै पूर्व प्रधानमन्त्री देउवाले अगाडि भन्नुभयो– जनप्रतिनिधिका हैसियतले गर्नुपर्ने कामबाट पनि महिलाहरू पन्छिन नपाउने हुँदा पुरुष जनप्रतिनिधिहरूको तुलनामा महिलाहरूको भूमिका बढी हुन्छ।

भेलामा नेकपा (एमाले) की केन्द्रीय सदस्य एवं सांसद विद्यादेवी भण्डारीले अधिकार दिनुपर्ने बेलामा विविध खिचलो झिकेर टार्न खोज्ने प्रवृत्तिले महिला आन्दोलनलाई नसघाउने कुरा व्यक्त गर्नुभयो। राष्ट्रिय सभाकी सांसद शान्ता मानवीले समाजमा व्याप्त पछौटे चिन्तनका कारण महिलाहरूलाई काम गर्न अप्ठेरो परिरहेको बताउनुभयो। भेलाका अध्यक्षता महिला तथा

बाँकी पृष्ठ ८ मा

महिलाको ..

समाज कल्याण मन्त्रालयकी विशेष सचिव उर्मिला श्रेष्ठले महिला मन्त्रालय गठन भए पनि त्यो रातखुट्टा विनाको प्राणी जस्तो भएको कुरा व्यक्त गर्नुभयो।

इन्सेकका अध्यक्ष सुशील प्याकुरेलले दक्षिण एसिया विश्वमै सबभन्दा बढी महिला प्रधानमन्त्री हुने क्षेत्र भइकन पनि यहाँको स्थिति महिला हितका दृष्टिले दयनीय भएको बताउनुभयो। उहाँले महिलाहरूलाई आफै परिचालित हुन राज्यले नै उचित वातावरणको निर्माण गरिदिनुपर्ने कुरा बताउनुभयो। कार्यक्रमको सञ्चालन इन्सेक महिला विभाग प्रमुख कमला पराजुलीले गर्नुभएको थियो।

मोलिसम्म चल्ने उक्त भेलामा देशभरिका करिब अढाई सय महिला प्रतिनिधि र पर्यवेक्षकको सहभागिता रहेको छ। उक्त भेलामा आज प्रदीप नेपालले 'स्थानीय निकाय र स्वायत्त शासनसम्बन्धी अवधारणा' विषयक कार्यपत्र पेश गर्नुहुनेछ। भोलि सुलोचना मानन्धरले 'महिला जनप्रतिनिधिकी भूमिका निर्वाहमा देखापरेको चुनौति र समाधानका उपायहरू' विषयक कार्यपत्र पेश गर्ने कार्यक्रम रहेको छ। हिजो कमला पराजुलीले 'राजनीतिमा महिला सहभागिता र महिला जनप्रतिनिधिको महत्व' विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

स्वतन्त्र महिला आयोगका लागि संवैधानिक व्यवस्थाको माग

काठमाडौं, (समाचारदाता)।

मन्त्रीहरूको सम्पत्ति र स्वतन्त्र महिला आयोगको संवैधानिक व्यवस्था हुनुपर्ने माग उठाइएको छ।

महिलाहरूको सशक्तीकरण अभियान बलियो हुनुपर्ने : देवी

टाइम्स संवाददाता

काठमाडौं, मंसिर ८

नेपाली कांग्रेस का नेता तथा प्रधानमन्त्री शेरबहादुर देउवाले महिलाहरूको सशक्तीकरण अभियान बलियो बनाउनुपर्ने बताएका छन्।

महिलालाई भेदभाव र शोषण मुक्त गर्न आग्रह

कान्तिपुर समाचारदाता

काठमाडौं, ९ मंसिर- पूर्व प्रधानमन्त्री तथा नेपाली कांग्रेसका केन्द्रीय सदस्य शेरबहादुर देउवाले जबसम्म राजनीतिक प्रक्रियामा महिलालाई सहभागी बनाइँदैन तबसम्म महिला सशक्तीकरण कार्यको विकास हुँदैन भन्नुभयो ।

अनौपचारिक क्षेत्र सेवा केन्द्रद्वारा मंगलबार आयोजित तिनदिने महिला जनप्रतिनिधि राष्ट्रिय भेलाको उद्घाटन गर्दै देउवाले भन्नुभयो- "ग्रामीण अर्थतन्त्रको विकास गर्न घरेलु हिंसा, यौन शोषण र राजनीतिक भेदभाव र सम्पत्तिको अधिकारबाट महिलालाई उकास्नुपर्छ ।"

शिक्षित र सक्षम राष्ट्रको विकास गर्न महिला साक्षरता अधिकतम हुनुपर्ने बताउँदै देउवाले महिलासँग सम्बन्धित खानेपानी, सरसफाइ, ग्रामीणस्तरमा प्रतिनिधि भएका महिलालाई जिम्मेवारी बहन गर्न दिएर देश विकासको कार्यमा महिला सहभागिता बढाउनुपर्ने बताउनुभयो ।

ग्रामीण क्षेत्रका जनप्रतिनिधिहरूले आफ्नो जिम्मेवारी लगनशील रूपमा बहन गर्नुपर्ने बताउँदै उहाँले महिलाहरूले पाएको अधिकारलाई पुरुषसरह नै सहभागी भई आयआर्जनको क्रियाकलाप बढाउनुपर्छ भन्नुभयो ।

उक्त कार्यक्रममा नेकपा एमालेकी केन्द्रीय सदस्य विद्यादेवी भण्डारीले महिलाहरू विकासको मूलधारमा आएर समाजमा रहेका विकृतिलाई निराकरण गर्नुपर्ने बताउँदै महिला प्रतिनिधिले नेतृत्व पक्ष ठीक नभएका त्यसैलाई लक्ष्य बनाई अधिकारका लागि सङ्घर्ष गर्नुपर्ने बताउनुभयो ।

उहाँले महिलाको विकास नै राष्ट्रको विकास भएको बताउँदै राष्ट्रबाट पाउने अधिकार कम्सुल्याई नगरी महिला जनप्रतिनिधिलाई दिनुपर्ने बताउनुभयो ।

कानूनमा भेदभावपूर्ण सम्पूर्ण व्यवहार उन्मूलन भएपनि व्यावहारिकतामा उन्मूलन नभएको बताउँदै भण्डारीले भन्नुभयो- "प्रजातन्त्र व्यवस्थाको ९ वर्ष बितिसक्दा पनि संविधानमा भएको मानव अधिकारसम्बन्धी कानून र आयोग गठन नहुनु नेपाली जनताप्रति चनौति साबित भएको छ ।"

महिला तथा समाजकल्याण मन्त्रालयकी विशेष सचिव उर्मिला श्रेष्ठले महिला जनप्रतिनिधिहरू राजनीतिक तथा नैतिक असमानतालाई निर्मूल गर्दै सरकारबाट प्राप्त अवसरलाई राम्रोसँग उपयोग गर्नुपर्ने बताउँदै मन्त्रालयले नवौं पञ्चवर्षीय योजनामा महिला विकास कार्यक्रम राखिएको र ५१ जिल्लामा महिला विकाससम्बन्धी गोष्ठी आयोजना गर्ने तयारी रहेको बताउनुभयो ।

उक्त कार्यक्रममा नेकपा एमालेकी राष्ट्रियसभा सदस्य शान्ता मानबीले मुलुकमा महिलाहरू पाछाडि परेको अवगत गराउँदै महिला जनप्रतिनिधिहरूलाई तालिमको आयोजना गरी हक अधिकारको बोध गराउनुपर्ने बताउनुभयो ।

सभापतिको आसनबाट अनौपचारिक क्षेत्र सेवा केन्द्र ह्युमेकका सभापति सुशील प्याकुरेलले महिलाको अधिकारलाई किनारा लगाई कार्य गर्ने प्रवृत्ति मानव अधिकार हननको समीपमा भएकोले महिलालाई नै केन्द्रित बनाई योजना तर्जुमा गर्नुपर्ने बताउँदै महिलामा साक्षरताको कमी भएको हुँदा उनीहरूलाई हक, अधिकारबारे ज्ञान दिलाउन सरकारले पहल गर्नुपर्ने बताउनुभयो ।

इन्सेक पुस्तक ७४/२०५५

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
पोष्ट वक्स नं. २७२६, काठमाडौं
टेलिफोन : २७०७७०/२७८७७०
फ्याक्स : २७०५५१